सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० फागुन २०८२, बुधबार (4 March 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३१४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निर्वाचनको सुरक्षा तयारी पूरा

प्रदेशदेखि वडा तहसम्मै सर्वदलीय बैठक सकियो, बुथ निर्माण तीव्र



उदयपुरको गाईघाटस्थित त्रियुगा मावि मतदानस्थलमा बुथ निर्माण गरिँदै । तस्बिर : **विदुर कटुवाल**/नयाँ पत्रिका

२४ स्थानमा हेलिकोप्टरबाट मतदान सामग्री ढुवानी

टेकराज थामी/नयाँ पत्रिका

सरकारले निर्वाचन सुरक्षाका सबै प्रबन्ध तयार भएको जनाएको छ । मुलुकभरका सबै मतदानस्थलमा सुरक्षाकर्मी पुगिसकेको र उनीहरूले तोकिएको जिम्मेवारी सम्हालेको गृह मन्त्रालयले जनाएको हो ।

गृहप्रवक्ता आनन्द काफ्लेका अनुसार सुरक्षाकर्मीहरू आफू खटिएको मतदानस्थलमा बुथ निर्माणमा जुटिरहेका छन् । 'मुलुकभरका सम्पूर्ण निर्वाचनस्थलमा सुरक्षाकर्मी पुगेका छन् । उनीहरू सम्बन्धित निर्वाचनस्थलका बुथ निर्माणदेखि सुरक्षाका आवश्यक प्रबन्ध मिलाउने काम गरिरहेका

» पृष्ठ २ मा क्रमशः

■ मौसमविद् भन्छन्- बुधबार र बिहीबार वर्षाको सम्भावना छैन

निर्वाचनको मिति घोषणा भएदेखि नै चुनौतीका पाटापक्षमध्ये महत्त्वपूर्ण ठानिएको एक थियो मौसमको खराबी । तर, मतदानको दिन देशभरको मौसम पूर्ण रूपमा सफा रहने पूर्वानुमान छ । केही भागमा धुम्म देखिएको मौसम तुवाँलोका कारण भएको र त्यसले निर्वाचनमा असर नगर्ने मौसमविद्हरूले जनाएका छन् । 'बुधबार र बिहीबार वर्षाको सम्भावना छैन । नयाँ सिस्टम आउने पनि देखिँदैन,' मौसमविद् हरिप्रसाद दाहालले भने, 'कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी र हिमाली भूभागमा आंशिक बादल लाग्नेछ । बाँकी भूभागमा मौसम मुख्यतया सफा रहनेछ । बिहान तराई भूभागका केही स्थानमा हुस्सु रहनेछ ।'

गृहले पनि मौसमका कारण चुनावलाई चुनौती नरहेको निष्कर्ष निकालेको छ । 'आसन्न निर्वाचनमा सबैभन्दा ठुलो चुनौती मौसम हो कि भन्ने गुनासा प्राप्त भइरहेका थिए । यसलाई पनि हामीले मिहिन ढंगले हेर्ने छौं । यही अवधिमा ३० वर्षअघि देखिएको मौसम विवरणसमेत विश्लेषण गर्ने छौं,' गृहप्रवक्ता काफ्लेले भने, 'तर, २१ फागुनका दिन मौसमले खासै ठुलो प्रभाव नपार्ने रिपोर्ट आयो । अब निर्वाचनलाई मौसमजन्य चुनौती छैन ।'

■ मौन अवधिमा हुन सक्ने चलखेल रोक्न सादा पोसाकमा प्रहरी परिचालन

नवराज मैनाली/नयाँ पत्रिका

मौन अवधिमा मतदातालाई प्रभावित पार्ने गतिविधिमा सुरक्षा निकायले निगरानी बढाएका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार हरेक निर्वाचन क्षेत्रमा सादा पोसाकमा समेत ठुलो संख्यामा प्रहरी खटाएर निगरानी भइरहेको छ । 'मौन अवधिमा हुन सक्ने सम्भावित क्रियाकलाप रोक्न सादा पोसाकमा पनि प्रहरी खटिएका छन्, राष्ट्रिय अनुसन्धान विभागको समेत सहयोग लिइएको छ,' एक उच्च प्रहरी अधिकारीले भने, 'निर्वाचनविरोधी समूहविरुद्धका कारबाही पनि बढाइएको छ ।'

मौन अवधिको पहिलो दिन मंगलबार छिटपुटबाहेक निर्वाचनविरोधी गतिविधि नभएको गृह मन्त्रालयले जनाएको छ । निर्वाचन प्रचार गर्ने, मतदाताको घरदैलोमा गएर प्रभावित पार्नेजस्ता केही घटना भएका छन् । तर, बुधबारको दिन चुनौतीपूर्ण हुन सक्ने आकलन गरिएको छ । निर्वाचनविरोधी गतिविधि देखिए कसैको पनि पक्षधरता नलिई कारबाही गर्न गृह मन्त्रालयले सिडिओ र सुरक्षा निकायलाई निर्देशन दिएको छ । आचारसंहिताविरोधी गतिविधि रोक्न सामाजिक सञ्जालमा पनि निगरानी बढाइएको प्रहरी प्रवक्ता डिआइजी अविनारायण काफ्लेले बताए । 'फिल्डदेखि सामाजिक सञ्जालसम्म प्रहरीले निगरानी बढाएको छ,' उनले भने, 'निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष बनाउन हरेक निर्वाचन क्षेत्रमा सुरक्षाकर्मीको परिचालन बाक्लो छ ।'

यो निर्वाचनमा उपत्यकाका हरेक निर्वाचन क्षेत्रमा एसपी तथा उपत्यकाबाहिरका निर्वाचन क्षेत्रमा डिएसपीलाई कमान्डर तोकेर खटाइएको छ । त्यस्तै, एसएसपी र एसपीहरूलाई पनि समन्वय र नियमनका लागि फिल्डमा खटाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

राजनीतिक हिंसा रोक्न सफल भएका छौं

● **ओमप्रकाश अर्याल**, गृहमन्त्री



एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार नै सुरक्षा निकाय परिचालन गरी निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । सुरक्षा निकायको परिचालन विगतमा भन्दा बलियो भएको छ । जसकारण अहिलेसम्म राजनीतिक हिंसा हुन दिएका छैनौं । छिटपुटबाहेक निर्वाचनविरोधी घटना भएका छैनन् । केही निर्वाचनविरोधी समूहहरूमाथि कारबाही र निगरानी भइरहेको छ । अबका दिनमा पनि सबै पक्षले शान्तिपूर्वक नै निर्वाचनमा भाग लिनुहुन्छ भन्ने सरकारको विश्वास छ ।

मौन अवधिमा हुने क्रियाकलापमा निगरानी बढाइएको छ

● **दानबहादुर कार्की**, प्रहरी महानिरीक्षक



मौन अवधिमा सामाजिक सञ्जालको दुरुपयोग गर्नेलाई कारबाहीको दायरामा ल्याएका छौं । सबै सुरक्षा निकाय एकीकृत ढंगले परिचालित भएर निर्वाचन आचारसंहिता पालना गराउने काम भइरहेको छ । मतदानस्थलमा कुनै निर्वाचनविरोधी गतिविधि भए कानुनअनुसार बल प्रयोग हुन्छ । सबै सुरक्षा निकाय एकीकृत सुरक्षा योजनाअनुसार शान्तिपूर्ण रूपमा फिल्डमा खटिइसकेका छन् ।

मतदानको तयारी अन्तिम चरणमा

मतदान केन्द्रमा कडाइ



बागलुङ १ को मतगणनास्थल । तस्बिर : **नारायण रिजाल**/नयाँ पत्रिका

मतदाताको लाइनमा भोट मागे सिधै पक्राउ, मोबाइल र प्रचार सामग्री निषेध

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार मतदान केन्द्रमा मतदाताले मोबाइल लिएर जान पाउँदैन । सलाई, लाइटर, एसिडजस्तो प्रज्वलनशील पदार्थ र क्यामेरा पनि लान पाइँदैन । मादक पदार्थ वा नशालु पदार्थ सेवन गरेको व्यक्ति मतदाता भए पनि मतदान केन्द्रमा प्रवेश गर्न पाउँदैन । कुनै दलको प्रचार सामग्री लान पाइँदैन । उम्मेदवारले मत माग्न पाउँदैन । प्रचारसम्बन्धी कुनै गतिविधि गर्न पाउँदैन । मतदान केन्द्रको परिसरभित्र मतदाता प्रभावित पार्न खोजे नियन्त्रणमा लिने व्यवस्था गरिएको छ ।

अर्काको नाममा मतदान गरे २५ हजारसम्म जरिवाना

अर्काको नाममा फर्जी मतदान गर्नेविरुद्ध उम्मेदवार, निर्वाचन प्रतिनिधि र अन्य मतदाताले उजुरी गर्न पाउने र त्यसरी फर्जी मत हाल्नेलाई तत्काल २५ हजार जरिवाना गराउने व्यवस्था छ । जरिवाना नतिरे प्रहरीलाई बुझाएर कैदमा पठाइन्छ । यसैगरी मतदान कार्यमा बाधा पुऱ्याउने वा उस्काउने व्यक्तिलाई तत्काल गिरफ्तार गर्ने व्यवस्था छ । यसैगरी कसैले मतपत्रमा मतसंकेत गरिसकेपछि सार्वजनिक गरेमा १५ हजार रुपैयाँ तत्काल जरिवाना गरी उक्त मतपत्रलाई छुट्टै खाममा राखी सिलबन्दी गर्नुपर्छ ।

मतपत्र लुट्न खोजे एक लाखसम्म जरिवाना र दुई वर्षसम्म कैद हुने

मतपत्र, मतपेटिका वा अन्य निर्वाचन सामग्री खोस्न, लुट्न, कब्जामा लिन, खोल्न र नष्ट गर्न खोजे एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने निर्वाचन आयोगले जनाएको छ ।

हरेक मतदानस्थलमा एमबिबिएस चिकित्सकसहितको स्वास्थ्य टोली खटाइने

हरेक मतदानस्थलमा आकस्मिक उपचारका लागि एमबिबिएस चिकित्सकसहितको स्वास्थ्य टोली खटाइनेछ । स्वास्थ्य एम्बुलेन्स र थप अन्य जनशक्ति पनि 'ब्याकअप'मा राखिनेछ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सोमबार सातै प्रदेशका स्वास्थ्य विभागका अधिकारीहरूसँग मन्त्रालयले छलफल गरेर निर्वाचनकेन्द्रित 'च्यापिड रेस्पोन्स टिम' बनाउन र स्वास्थ्यकर्मीहरू अलर्ट अवस्थामा राख्न निर्देशन दिइएको बताए ।

निर्वाचन अवलोकन गर्न आठ देशबाट आए पाहुना

निर्वाचन अवलोकन गर्न भारत, भुटान, बंगलादेश, श्रीलंका, माल्दिभ्स, मलेसिया, इन्डोनेसिया र रसियाबाट प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरू आइपुगेका छन् । जापानबाट बुधबार बिहान प्रमुख निर्वाचन आयुक्त रहेका भाइस मिनिस्टर आउँदै छन् । पाकिस्तानलाई आमन्त्रण गरे पनि नेपालस्थित दूतावासबाटै अवलोकन गर्ने जानकारी गराइएको छ । यसैगरी अन्तर्राष्ट्रिय संस्थाबाट पर्यवेक्षण गर्न ४९ जना नेपाल आउने निश्चित भएको छ ।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभा निर्वाचनको बिहीबार हुने मतदानको तयारी लगभग सकिएको छ । बिहीबार बिहान ७ देखि बेलुका ५ बजेसम्म मतदान हुँदै छ ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले अधिकांश तयारी पूरा भइसकेको बताए । 'निर्वाचन व्यवस्थापनका कामहरू प्रायः सकिएका छन् । मतदान केन्द्रहरू तयार भइसकेका छन् । बाँकी रहेका केही काम पनि बुधबार साँझसम्म सम्पन्न हुन्छन्,' उनले भने ।

» पृष्ठ २ मा क्रमशः

थन्किए ३६ लाख राष्ट्रिय परिचयपत्र

७५ लाख ३४ हजार कार्ड छापिए, ३९ लाख ३२ हजारले मात्र लगे



● **तुलसीप्रसाद दाहाल**, सूचना अधिकारी, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

परिचयपत्र नम्बर भएपछि सेवाहरू पाउन सकिन्छ, कार्ड नै चाहिने बाध्यता हुँदैन । त्यसैले पनि मानिसहरू कार्ड लिन उत्साहित देखिएनन् । कार्ड लिन व्यक्ति स्वयं उपस्थित हुनुपर्ने र त्यसअघि नै उसलाई परिचयपत्र नम्बरले काम दिने भएकाले कार्ड लिनेबारे कम चासो छ । यद्यपि, कार्ड वितरणलाई अभियानका रूपमा विभागले अघि बढाएको छ । कार्डका सम्बन्धमा अहिले कुनै समस्या छैन ।

सुवास भट्ट/नयाँ पत्रिका

छापिएका लाखौं राष्ट्रिय परिचयपत्र वितरण हुन नसक्दा त्यसै थन्किएका छन् । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको तथ्यांकअनुसार माघ मसान्तसम्म ७५ लाख ३४ हजार ९६४ थान परिचयपत्र छापिएकोमा ३९ लाख ३२ हजार कार्ड मात्रै वितरण भएको हो । ३६ लाख दुई हजार ५२६ थान गोदाममै थन्किएका छन् ।

अत्यावश्यक र महत्त्वपूर्ण सेवाहरूमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि विवरण संकलन ठुलो मात्रामा भए पनि कार्ड वितरण भने अपेक्षाकृत छैन । विभागका अनुसार राष्ट्रिय परिचयपत्रका लागि एक करोड ९८ लाख ७२ हजार १८२ जनाको विवरण संकलन भएका छन् । आर्थिक वर्ष ०७५/७६

» पृष्ठ २ मा क्रमशः



मध्यपूर्वमा रहेका १७ लाख नेपाली सुरक्षित, तर त्रासमा

ट्रान्जिटमा एक हजारभन्दा बढी अलपत्र

परिस्थितिको विश्लेषण र सम्भावित उद्धारको तयारीलगायतबारे रणनीति बनाउन परराष्ट्रसचिव

अमृतबहादुर राईको नेतृत्वमा सरोकारवाला मन्त्रालयका प्रतिनिधि सम्मिलित 'इमर्जेन्सी रेस्पोन्स टिम' गठन

पर्शुराम काफ्ले/नयाँ पत्रिका


अमेरिका र इजरायलले इरानमाथि गरेको सैन्य हमलापछि मध्यपूर्व (पश्चिम एसिया)मा चर्किएको तनावले त्यहाँ रहेका १७ लाख २९ हजार २८७ नेपाली असुरक्षाको मनोवैज्ञानिक दबाबमा छन् । संयुक्त अरब इमिरेट्समा एक नेपालीको ज्यान गएको दुःखद घटनाबाहेक अन्य नेपाली सुरक्षित छन् ।

सरकारले तत्काल खतरा नरहेको दोहोऱ्याए पनि युद्धको सम्भावित विस्तार र हवाई अवरोध लम्बिँदै जाँदा लाखौं नेपाली श्रमिकको सुरक्षालाई लिएर चिन्ता भने बढ्दो छ । हवाई उडान ठप्प, सैन्य गतिविधि तीव्र र कूटनीतिक सतर्कता बढेसँगै सरकार पनि आकस्मिक तयारीमा जुटेको छ । सरकारले परराष्ट्रसचिव अमृतबहादुर राईको नेतृत्वमा सरोकारवाला मन्त्रालयका प्रतिनिधि सम्मिलित 'इमर्जेन्सी रेस्पोन्स टिम' गठन गरेको छ । टोलीमा गृह, अर्थ, कानुन, पर्यटन तथा नागरिक उड्डयन, कन्सुलर सेवा विभाग, राहदानी विभाग, नागरिक उड्डयन प्राधिकरण, वैदेशिक रोजगार विभाग र अध्यागमन विभागका प्रतिनिधि छन् ।

पश्चिम एसिया मामिला हेर्ने महाशाखा प्रमुख तथा टोलीका सदस्यसचिव रामकाजी खड्काका अनुसार सम्भावित उद्धार रणनीति र परिस्थितिको निरन्तर विश्लेषण सुरु भइसकेको छ । 'पश्चिम एसियाली मुलुकहरूसँग नेपालको सुमधुर सम्बन्ध छ । ती सरकारहरूले पनि नेपालीहरूसहित त्यहाँ रहेका विदेशी नागरिकको सुरक्षामा गम्भीर चासो दिनुभएको छ,' खड्काले भने, 'इमर्जेन्सी रेस्पोन्स टिमले काम थालिसकेका छौं ।'

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले खाडी क्षेत्रका १० कूटनीतिक नियोग २४सै

» पृष्ठ २ मा क्रमशः



■ कुन देशको अवस्था के ?

युएईमा एक नेपालीको ज्यान गएको छ । त्यहाँ अन्य नेपाली सुरक्षित छन् । युएई सरकारले ट्रान्जिटमा रहेका विदेशीलाई होटेलमा बस्ने व्यवस्था गरेको छ र आफ्नो सुरक्षा प्रणाली सक्षम रहेको भन्दै राजदूतहरूलाई ब्रिफिङ दिएको जानकारी अबुधाबीस्थित नेपाली दूतावासले पठाएको छ । बहराइनस्थित अमेरिकी सैन्य बेसलक्षित आक्रमणका खबर आए पनि त्यहाँका नेपाली सुरक्षित छन् । कुवेतमा अमेरिकी दूतावास अस्थायी रूपमा बन्द छ र वैकल्पिक सैन्य विमानस्थल पनि बन्द गरिएको छ । कुवेत विमानस्थलमा कार्यरत १५० नेपालीलाई सुरक्षित स्थानमा सारेर होटेलमा राखिएको छ । इराकले आफ्नो एयरस्पेस बन्द गरेको छ । त्यहाँ रहेका करिब ३० हजार नेपाली सुरक्षित रहेको दूतावासले जनाएको छ । ओमानमा नेपाली सुरक्षित छन् । लेबनानको दक्षिणी भेगमा आक्रमण भए पनि उत्तरी क्षेत्रमा रहेका करिब १५ सय नेपाली घरेलु कामदार सुरक्षित छन् । दक्षिण लेबनानमा संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा कार्यरत नेपाली सैनिक पनि सुरक्षित रहेको सैनिक प्रवक्ता राजाराम बस्नेतले बताए । साउदीमा हज गर्न गएका ३६ नेपाली मुस्लिम धर्मावलम्बी उडान रोकिँदा अलपत्र परेका छन् । उनीहरू सुरक्षित रहेको र उडान खुलेपछि ढाका हुँदै फर्काउने तयारी रहेको जनाइएको छ ।

■ खाडी क्षेत्रमा रहेका नेपालीको रजिस्ट्रेसन सुरु : कन्सुलर सेवा विभागले खाडी क्षेत्रमा रहेका नेपालीलाई आफ्नो अवस्था विवरण उपलब्ध गराउन 'इ-फारम' सुरु गरेको छ । महानिर्देशक दुरपदा सापकोटाले भनिन्, 'कहाँ, कस्तो अवस्थामा हुनुहुन्छ र कस्तो सहयोग चाहिएको छ भन्ने तथ्यांक संकलन गर्दै छौं ।'



मध्यपूर्वको तनावले अर्थतन्त्रका सबै क्षेत्रमा असर

- तेल निर्यात रोक्ने भारतको रणनीति, तर नेपालको हकमा लागू नहुने
- हिमाल आरोहणमा आउने पर्यटकको संख्या घट्ने
- सुनचाँदी, रासायनिक मल र इलेक्ट्रोनिक्स सामानको आयात प्रभावित हुने
- प्रमुख श्रम गन्तव्य मुलुक संकटमा
- रेमिट्यान्स घट्ने र महँगी बढ्ने चिन्ता

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

निर्वाचनको...

पृष्ठ १ बाट क्रमशः

छन् । समग्रमा भन्नुपर्दा अब मतदाताले मत हाल्न मात्रै बाँकी छ, निर्वाचनका लागि आवश्यक सुरक्षाका सबै प्रबन्ध पूरा भएको छ,’ उनले भने । निर्वाचन सुरक्षामा सेना, नेपाल प्रहरी, सशस्त्र र राष्ट्रिय अनुसन्धान विभागका गरी तीन लाख ३८ हजार ८९० सुरक्षाकर्मी खटिएका छन् ।

सरकारले सुरक्षालाई थप प्रभावकारी बनाउन केन्द्रसहित प्रदेश, जिल्ला र स्थानीय तहलाई समेत सक्रिय पार्ने रणनीति लिएको छ । त्यसका लागि प्रदेशदेखि वडा तहसम्म सर्वदलीय बैठक गरेको छ । गृहप्रवक्ता काफ्लेले मंगलबार साँझसम्म प्रदेश, जिल्ला, पालिका र वडासम्म सबै तहमा सर्वदलीय बैठक बसिसकेको बताए ।

‘यसपटकको निर्वाचनमा हामीले प्रदेश, जिल्ला र स्थानीय तह मात्रै होइन, वडा तहलाई पनि सक्रिय बनायौँ । सबैलाई आ-आफ्नो तहमा सर्वदलीय बैठक राख्न भन्यौँ । सोहीअनुसार सबैले बैठक राखेका छन्,’ उनले भने, ‘प्रदेशदेखि वडासम्मको सर्वदलीय बैठकका कारण राजनीतिक सौहार्दता बढाएको छ । यसले समग्र सुरक्षा प्रबन्ध थप मजबुत भएको छ । अब मतदानका लागि मैदान तयार भएको छ ।’ गृहले प्रदेशस्तरका नेताबिच सर्वदलीय बैठक राख्न प्रदेश सरकारलाई र जिल्लास्तरका नेताबिच सर्वदलीय बैठक राख्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई जिम्मेवारी दिएको थियो । त्यस्तै, स्थानीय तह र मातहतका वडास्तरीय नेताबिच सर्वदलीय बैठक राख्ने जिम्मा तत्तत् निकायलाई नै भनेको थियो ।

निर्वाचनको मिति घोषणा भएदेखि नै चुनौतीका पाटा पक्षमध्ये महत्त्वपूर्ण ठानिएको एक थियो मौसमको खराबी । तर, मतदानको दिन देशभरको मौसम पूर्ण रूपमा सफा रहने पूर्वानुमान छ । केही भागमा धुम्म देखिएको मौसम तुवाँलोका कारण भएको र त्यसले निर्वाचनमा असर नगर्ने मौसमविद्हरूले जनाएका छन् । ‘बुधबार र बिहीबार वर्षाको सम्भावना छैन । नयाँ सिस्टम आउने पनि देखिँदैन,’ मौसमविद् हरिप्रसाद दाहालले भने, ‘कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी र हिमाली भूभागमा आंशिक बादल लाग्नेछ । बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहनेछ । बिहान तराई भूभागका केही स्थानमा हुस्सु रहनेछ ।’

गृहले पनि मौसमका कारण चुनावलाई चुनौती नरहेको निष्कर्ष निकालेको छ । ‘आसन्न निर्वाचनमा सबैभन्दा ठुलो चुनौती मौसम हो कि भन्ने गुनासा प्राप्त भइरहेका थिए । यसलाई पनि हामी मिहिन ढंगले हेर्‍यौँ । यही अवधिमा ३० वर्षअघि देखिएको मौसम विवरणसमेत विश्लेषण गर्‍यौँ,’ गृहप्रवक्ता काफ्लेले भने, ‘तर, २१ फागुनका दिन मौसमले खासै ठुलो प्रभाव नपार्ने रिपोर्ट आयो । अब निर्वाचनलाई मौसमजन्य चुनौती छैन ।’

निर्वाचन आयोगले मुलुकभर १० हजार ९६७ निर्वाचनस्थल निर्धारण गरेको छ । जसमा २३ हजार ११२ निर्वाचन केन्द्र निर्धारण गरिएका छन् । निर्वाचनस्थलको संवेदनशीलताका आधारमा सुरक्षाकर्मी परिचालन गरेको छ । अतिसंवेदनशील निर्वाचनस्थलमा १३ देखि ८० जनासम्म, संवेदनशीलमा ९ र सामान्यमा ६ जना सुरक्षाकर्मी परिचालन गरेको छ । खटाइएका कुल तीन लाख ३८ हजार ८९० सुरक्षाकर्मीमध्ये सेना ७९ हजार ७२७, नेपाल प्रहरी ७५ हजार ४९७, सशस्त्र प्रहरी ३४ हजार ५७६, निर्वाचन प्रहरी एक लाख ४९ हजार ०९० र राष्ट्रिय अनुसन्धान विभागका गुप्तचर एक हजार ९२१ छन् ।

४६ सय १४ निर्वाचनस्थललाई अतिसंवेदनशील सूचीमा राखिएको छ । जसमध्ये सबैभन्दा धेरै बागमतीमा १२ सय ८८ र मधेश प्रदेशमा १२ सय ४६ छन् । त्यस्तै, उपत्यकामा १२, कोशीमा ४३९, गण्डकीमा ३२८, लुम्बिनीमा ४६२, कर्णालीमा ३५८ र सुदूरपश्चिममा ४८१ छन् ।

त्यस्तै, ४४ सय ४२ मतदानस्थल संवेदनशील सूचीमा राखिएका छन् । जसमध्ये काठमाडौं उपत्यकामा २३७, कोशीमा ८२१, मधेशमा ७५५, बागमतीमा ४९७, गण्डकीमा ५७७, लुम्बिनीमा ७३८, कर्णालीमा ४२२ र सुदूरपश्चिममा ३९५ छन् । बाँकी २८ सय ४५ स्थल भने सामान्य सूचीमा राखिएका छन् ।

२४ स्थानमा हेलिकोप्टरमार्फत मतदान सामग्री ढुवानी

सबै मतदानस्थलमा निर्वाचन सामग्री पुगेका छन् । हिमाली जिल्ला डोल्पाका २० र हुम्लाका चार गरी २४ दुर्गम मतदानस्थलमा हेलिकोप्टरबाट ढुवानी गरिएको छ । १० हजार ९६७ मतदानस्थलमै कर्मचारी र सुरक्षाकर्मी खटिएर मतदानको तयारी गरिरहेका छन् ।

निर्वाचन बिथोल्न खोज्ने १४२ पक्राउ

सुरक्षा संयन्त्रले विगतका निर्वाचनका तुलनामा यो निर्वाचन सुरक्षाका दृष्टिले कम चुनौतीपूर्ण ठानेको छ । किनभने घोषित रूपमै निर्वाचन बहिष्कार गर्ने ठुला राजनीतिक दल यसपटक छैनन् । यद्यपि, स-साना समूह र व्यक्तिले भने निर्वाचन बहिष्कार गरेका छन् । उनीहरूले निर्वाचन बिथोल्न विभिन्न गतिविधि पनि गरेका छन् । प्रहरीले यस्ता गतिविधिमा संलग्न १४२ जनालाई पक्राउ गरेको छ । जसमध्ये ७९ जना हिरासतमा छन् भने ६३ धरौटी तारेखमा छुटेको प्रहरी प्रवक्ता डिआइजी काफ्लेले बताए । प्रहरीका अनुसार यसपटक निर्वाचनमा झडपका घटना न्यून मात्रै भएका छन् । उम्मेदवारी दर्ता हुने दिन झापामा झडपका केही घटना भए पनि अन्यत्र शान्तिपूर्ण भएको प्रहरीको भनाइ छ । सुरक्षा सतर्कता मजबुत भएकाले झडपका घटना रोकिएको डिआइजी काफ्लेले बताए ।

प्रदेशमा एआइजी र अतिसंवेदनशील जिल्लामा एसएसपीको कमान्ड

निर्वाचनमा हुन सक्ने सुरक्षा खतरा टार्न प्रहरीले सातै प्रदेशमा एआइजीलाई खटाएको छ । अतिसंवेदनशील ठानिएका जिल्लामा एसएसपी र संवेदनशील मानिएका जिल्लामा एसपीको नेतृत्वमा थप सुरक्षाकर्मी खटाइएका छन् । प्रहरीका अनुसार कोशी प्रदेशमा एआइजी राजन अधिकारीलाई खटाइएको छ । जबकि प्रदेशको प्रहरी प्रमुख डिआइजी रहने व्यवस्था छ । त्यस्तै, सोही प्रदेशअन्तर्गत झापा र इलामको कमान्ड गर्ने गरी एसएसपी गोविन्द अधिकारीलाई खटाइएको छ । यी दुवै जिल्लामा प्रहरी प्रमुख एसपी रहने व्यवस्था छ ।

मधेश प्रदेशमा भने एआइजी डम्बर विकलाई खटाइएको छ । मधेस प्रदेशका सर्लाही र रौतहटको कमान्ड गर्ने जिम्मा एसएसपी सुरेश काफ्लेलाई दिइएको छ । दुवै जिल्लामा प्रहरी प्रमुख एसपी रहने व्यवस्था छ । बागमती प्रदेशको कमान्ड गर्ने जिम्मा एआइजी सिद्धिविक्रम शाहलाई दिइएको छ । सोही प्रदेशमातहतको दोलखामा एसपी नान्तिराज गुरुङलाई खटाइएको छ । जबकि यो जिल्लामा प्रहरी प्रमुख डिएसपी रहने व्यवस्था छ । सुरक्षा चुनौती अझै बिग्रन सक्ने आकलन भएपछि अहिले दोलखा र रामेछापलाई हेर्ने गरी एसएसपी समेन्द्रसिंह राठौरलाई समेत पठाइएको छ । त्यस्तै, काभ्रे र सिन्धुपाल्चोकमा भने एसएसपी विनोद सिलवाललाई पठाइएको छ । यी दुवै जिल्लामा एसपी प्रमुख रहने व्यवस्था छ ।

गण्डकी प्रदेशमा एआइजी डा. मनोज केसीलाई पठाइएको छ । गण्डकीका कास्की र स्याङ्जामा एसएसपी जनार्दन जिसीलाई खटाइएको छ । यी दुवै जिल्लाको सुरक्षा एसपीको नेतृत्वमा हुने व्यवस्था छ ।

त्यस्तै, लुम्बिनी प्रदेशमा एआइजी उमाप्रसाद चतुर्वेदीलाई खटाइएको छ । प्रदेशका दुई जिल्ला रुपन्देही र कपिलवस्तुको कमान्डर एसएसपी ऋषिराम कँडेललाई बनाइएको छ । यी दुवै जिल्लाको सुरक्षा नेतृत्वमा एसपी रहने व्यवस्था छ ।

कर्णालीमा एआइजी सुशीलसिंह राठौर र सुदूरपश्चिममा एआइजी हिमालयकुमार श्रेष्ठलाई खटाइएको छ । काठमाडौं उपत्यकाको कमान्डर भने एआइजी ईश्वर कार्कीलाई तोकिएको छ । त्यसबाहेक एसएसपी रमेश बस्नेतलाई पनि उपत्यकाको निर्वाचन सुरक्षा हेर्ने जिम्मा दिइएको छ । नेपाल प्रहरीका अनुसार समग्रमा निर्वाचन प्रयोजनार्थ मुलुकभर ३१ एसएसपी, ४६ एसपी, ४४ डिएसपी र ११० इन्स्पेक्टरलाई थप मद्दतका लागि फिल्डमा खटाइएको छ ।

‘निर्वाचन सुरक्षार्थ नेपाल प्रहरीका एआइजीलाई समेत फिल्डमा खटाइएको छ । कतिपय जिल्लामा एसएसपी पनि खटाइएका छन् । एआइजीहरूले मातहतका सम्पूर्ण जिल्लामा सुरक्षा प्रबन्धका सम्बन्धमा समन्वय गर्नुहुन्छ । एसएसपीहरूले सुरक्षा प्रबन्धमा देखिएका त्रुटिहरू औँल्याउनुहुन्छ र त्यसलाई कमान्डरहरूले अनुसरण गर्नुहुन्छ,’ गृहप्रवक्ता काफ्लेले भने ।

०८३ को दसैँ ३१ असोजदेखि, तिहार २२ कात्तिकदेखि

बुद्धजयन्ती, मजदुर दिवस र उँभौली एकै दिन १८ वैशाखमा । दसैँको एक दिनसहित गाईजात्रा, संविधान दिवस र सहिद दिवस शनिबार

नयाँ पत्रिका

सरकारले आगामी वर्ष ०८३ सालको सार्वजनिक पर्व र बिदा सार्वजनिक गरेको छ । गृह मन्त्रालयले गत सोमबार राजपत्रमा सूचना प्रकाशित गर्दै आगामी वर्षभरि हुने पर्व, दिवस, बिदा निर्धारण गरेको हो ।

राजपत्रमा प्रकाशित सूचनाअनुसार आगामी आवमा ५२ वटा शनिबार परेका छन् । मुलुकभरि सार्वजनिक बिदा हुने पर्वमा वैशाखमा १ गते नयाँ वर्ष र १८ गते चण्डीपूर्णिमा/बुद्ध जयन्ती/उँभौली पर्व, भदौमा १२ गते रक्षाबन्धन, १९ गते श्रीकृष्ण जन्माष्टमी, असोजमा २५ गते घटस्थापना र ३१ गतेदेखि कात्तिक ६ गतेसम्म दसैँ बिदा छ । यसैगरी कात्तिक २२ देखि २६ गतेसम्म तिहार बिदा, २९ गते छठ पर्व, पुस ९ गते धान्यपूर्णिमा, १० गते इसाई धर्मावलम्बीको क्रिसमस डे, १५ गते तमू ल्होछार, माघ १ गते माघी पर्व, २४ गते सोनम ल्होछार र २५ गते ग्याल्पो ल्होसारको बिदा निर्धारण गरिएको छ । इस्लाम धर्मावलम्बीको पर्व इद र बकर इदका दिन पनि बिदा दिने राजपत्रमा प्रकाशित सूचनामा उल्लेख छ । त्यस्तै, चैतमा ७/८ गते फागुपूर्णिमामा पनि बिदा छ ।

यसबाहेक सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र हुने सार्वजनिक बिदाको सूची पनि राजपत्रमा छ । त्यसमा भदौ १३ गतेको गाईजात्रा र १९ गतेको गौरा पर्व, पुस १५ गतेको दुरा म्हैप्रु नकुमा र सिरुवा पवनीका दिन पनि बिदा दिइएको छ ।

भदौ २९ गतेको हरितालिका तिज र असोज १८ गतेको जितिया पर्वमा महिला कर्मचारीका लागि बिदा दिइएको छ । माघ २८ गते वसन्त पञ्चमीमा शिक्षण संस्थाहरूका लागि बिदा दिइएको छ ।

भदौ १३ मा गाईजात्रा, असोज ९ मा इन्द्रजात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा र चैत २३ मा घोडेजात्राका दिन काठमाडौं उपत्यकामा बिदा दिइएको छ ।

मुलुकभरि सबैलाई हुने सार्वजनिक दिवसको बिदामा वैशाख १८ को विश्व मजदुर दिवस, जेठ १५ को गणतन्त्र दिवस, असोज ३ को संविधान दिवस, माघ १६ को सहिद दिवस र फागुन ७ को राष्ट्रिय प्रजातन्त्र दिवस तथा २४ को अन्तर्राष्ट्रिय महिला दिवस छन् ।

मंसिर २७ गते अन्तर्राष्ट्रिय अपांगता दिवसमा अपांगता भएका कर्मचारीका लागि मात्र बिदा दिइएको छ ।

जन्मजयन्तीमा मुलुकभरी बिदा हुने दिनमा वैशाख १८ को बुद्धजयन्ती र पुस २७ गतेको पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस) छन् । कात्तिक २५ मा फाल्गुनन्द जयन्ती, मोहम्मद जयन्ती र गुरु नानक जयन्तीमा क्रमशः किराँत, मुस्लिम र शिख धर्मावलम्बीका लागि मात्र बिदा छ ।

विदेशस्थित नेपाली नियोगले सम्बन्धित मुलुकका सावजनिक बिदालाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक बिदा आफैँले व्यवस्थापन र समायोजन गर्न सक्ने राजपत्रमा उल्लेखित छ ।

पर्वका अधिकांश बिदामा नागरिकता, राहदानी, कन्सुलर, भन्सार, क्वारेन्टिनलगायतका महत्त्वपूर्ण सेवा अवरुद्ध नहुन गरी आवश्यक प्रबन्ध मिलाउनुपर्ने राजपत्रमा प्रकाशित सूचनामा उल्लेख छ ।

बागलुङ र उदयपुरका मतगणनास्थलमा तारजाली र सिसिक्यामेरा

बागलुङ/ २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणनाका लागि बागलुङ र उदयपुरका चारवटै क्षेत्रका मतगणनास्थलमा फलामे तारजालीसँगै सिसिक्यामेरा जडान गरिएको छ । बागलुङ १ को मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्ला समन्वय समितिको सभाहलमा र २ को ढोरपाटन नगरपालिका- २, बुर्तिबाङ कुथाप्लोमा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयको सभाहलमा मतगणस्थल तयार पारिएको छ । फलामे तारजालीसँगै ध्वनिसहित भिडियो रेकर्ड गर्ने सिसिक्यामेरा राखिएको मुख्य निर्वाचन अधिकृत सीता शर्मा अधिकारीले बताइन् । मतगणना सुरक्षित र पारदर्शी बनाउन मतगणनास्थलमा तारजाली लगाउने, सुरक्षा पोस्ट र आवश्यक अन्य संरचना निर्माण गरिएको उनले बताइन् । तारजालीभित्र मतगणक कर्मचारी बस्ने र पारदर्शी तारजालीबाहिरबाट उम्मेदवारका प्रतिनिधिले हेर्ने व्यवस्था मिलाइएको छ ।

‘मतगणनामा रहने उम्मेदवारका प्रतिनिधिले फलामे तारजालीबाट मतगणना हेर्न मिल्ने व्यवस्था गरिएको छ,’ अधिकारीले भनिन्, ‘मतगणना सुरु भएपछि गणनास्थलको सुरक्षा व्यवस्था कडा पारिनेछ, मानिसभन्दा अग्लो फलामे तारजाली राखिएको छ, तारबारभित्र गणक मात्रै बस्न सक्नेछन्, प्रतिनिधिले बाहिरबाट हेर्न हेर्नेछन् ।’ बागलुङमा २३० स्थायी र दुई अस्थायी गरी २३२ मतदान केन्द्र छन् । जिल्ला कारागार र जिल्ला समन्वय समितिलाई अस्थायी मतदान केन्द्रका रूपमा तोकिएको छ । निर्वाचनका लागि २३२ मतदान अधिकृत र २३२ सहायक मतदान अधिकृतसहित कर्मचारी र सुरक्षाकर्मी मतदान केन्द्रमा पुगिसकेका छन् । त्यस्तै, उदयपुरमा पनि मतगणनास्थलमा तारजाली र सिसिक्यामेरा जडान गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी विक्रमप्रसाद पाण्डेयका अनुसार उदयपुर १ को मतगणना त्रियुगा मावि, गाइघाट र २ को कटारीस्थित उदयश्री क्याम्पसमा हुनेछ । ‘निर्वाचन आयोगको निर्देशिकाबमोजिम तयारी गरिएको छ । मतगणनास्थलमा तारजाली लगाई सिसिक्यामेरासमेतको व्यवस्था गरिएको छ,’ उनले भने ।

निर्वाचनमा मिथ्या सूचना ३२ पक्राउ

काठमाडौं/ निर्वाचनको समयमा सामाजिक सञ्जालमा मिथ्या सूचना फैलाएको आरोपमा ३२ जनालाई प्रहरीले पक्राउ गरी कारबाही गरेको छ । प्रहरीको केन्द्रीय निर्वाचन सेलका अनुसार पक्राउ परेकामध्ये १५ जना हिरासतमै छन् । १७ जना छुटेको केन्द्रीय प्रहरी प्रवक्ता डिआइजी अविनारायण काफ्लेले बताए । पक्राउ पर्नेमध्ये सबैभन्दा धेरै काठमाडौं उपत्यकाबाट १६ जना पक्राउ परेका छन् । कोशीमा एकजना पनि पक्राउ परेका छैनन् । मधेश, बागमती र लुम्बिनीमा चार-चारजना, कर्णालीमा दुईजना तथा गण्डकी र सुदूरपश्चिममा एक-एकजना पक्राउ परेका छन्। निर्वाचनमा सामाजिक सञ्जालको दुरुपयोग हुने भएकाले निगरानी र कारबाही भइरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

मतदानको दिन आपत्कालीन स्वास्थ्य सेवाका लागि र्‍यापिड रेस्पोन्स टिम

हरेक मतदानस्थल नजिकै आकस्मिक उपचार केन्द्र, एम्बुलेन्स र थप अन्य जनशक्ति पनि ‘ब्याकअप’मा राखिने

शिवहरि घिमिरे/नयाँ पत्रिका

मतदान केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदान गर्न आउने मतदातालाई आवश्यक पर्न सक्ने आकस्मिक स्वास्थ्य सहायता मिलाउन देशैभर ‘र्‍यापिड रेस्पोन्स टिम’ परिचालन हुने भएका छन् । स्वास्थ्य मन्त्रालयले ७७ वटै जिल्लाका जनस्वास्थ्य कार्यालयलाई पत्राचार गर्दै टिम बनाएर परिचालनको व्यवस्था गर्न निर्देशन दिएको छ ।

आपत्कालीन स्वास्थ्य उपचारका लागि संघीय अस्पताल र प्रादेशिक अस्पतालमातहत रहने गरी टिम बनाउन निर्देशन भएको छ । प्रतिनिधिसभा निर्वाचनका लागि बिहीबार हुने मतदानका दिन आउन सक्ने स्वास्थ्य समस्यालाई ध्यान दिँदै टिम बन्नेछन् । मन्त्रालयका अनुसार हरेक मतदानस्थलमा आकस्मिक उपचारका लागि एमबिबिएस चिकित्सकसहितको स्वास्थ्य टोली खटाइनेछ । स्वास्थ्य एम्बुलेन्स र थप अन्य जनशक्ति पनि ‘ब्याकअप’मा राखिनेछ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सोमबार सातै प्रदेशका स्वास्थ्य विभागका अधिकारीहरूसँग मन्त्रालयले छलफल गरेर निर्वाचनकेन्द्रित ‘र्‍यापिड रेस्पोन्स टिम’ बनाउन र स्वास्थ्यकर्मीहरू अलर्ट अवस्थामा राख्न निर्देशन दिइएको बताए । ‘चुनावमा हुन सक्ने स्वास्थ्य समस्यालाई ध्यानमा राख्दै ‘र्‍यापिड रेस्पोन्स टिम’ गठन गर्ने, लजिस्टिक भण्डारण गर्ने, बिरामीलाई रेस्पोस्स गर्ने, एम्बुलेन्स तथा आकस्मिक उपचार सेवा नेटवर्कलाई तयारी अस्वथामा राख्न भनिएको छ,’ उनले भने, ‘स्थानीय प्राथमिक स्वास्थ्य चौकीसँग समन्वय गरेर मतदान केन्द्रको छेउमा आकस्मिक उपचार केन्द्र राख्न भनेका छौँ । सोहीअनुसार स्वास्थ्य जनशक्ति र स्रोत परिचालन हुन्छ । त्यसो हुँदा निर्वाचनको वेला केही भइहाल्यो भने तत्काल उपचार प्रदान गर्न सकिन्छ ।’

यसैबिच काठमाडौंमा वीर अस्पतालले विशेषज्ञ चिकित्सकसहितको ‘र्‍यापिड रेस्पोन्स टिम’ गठन गरेको छ । वीरका आकस्मिक विभाग प्रमुख डा. सुरेशप्रसाद नेपालको संयोजकत्वमा २६ सदस्यीय ‘द्रुत प्रतिक्रिया टिम’ गठन भएको छ । उपत्यकाका तथा अन्य जिल्लामा कुनै ठुलो स्वास्थ्य समस्या परे यो टिमले सहजीकरण गर्नेछ ।

यही टिममातहत रहने गरी प्रादेशिक अस्पतालमा पनि ‘द्रुत प्रतिक्रिया टिम’ गठन गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । निर्वाचनको वेला हुन सक्ने घटना, दुर्घटना र भवितव्यको अवस्थामा यो टिमले उपचारको व्यवस्थापन मिलाउनेछ ।

वीरका कार्यकारी निर्देशक डा. दिलीप शर्माले निर्वाचनको समयमा स्वास्थ्य उपचार पाटोलाई पनि प्रमुख मानिएकाले सोहीअनुसार स्वास्थ्यकर्मी ‘हाई अलर्ट’मा बसेको बताए । ‘चुनावको समयमा हुन सक्ने सम्भावित स्वास्थ्य समस्यालाई रेस्पोन्स गर्नका लागि हाम्रो टिम तयार छ । साथै नियमित उपचार सेवा प्रभावित हुँदैन, स्वास्थ्यकर्मी परिचालन र रेस्पोन्समा ध्यान दिएका छौँ,’ उनले भने ।

अस्पतालका सबै विभागको प्रतिनिधित्व हुने गरी टिम बनाइएको छ । विशेष चिकित्सक, नर्सिङ प्रमुख, औषधि व्यवस्थापन, आकस्मिक विभाग प्रमुखलगायतलाई राखिएको छ । वीरले गठन गरेको टिममा आकस्मिक विभाग प्रमुख डा. सुरेशप्रसाद नेपाल संयोजक छन्

निर्वाचन आयोगले निर्वाचनलाई लक्षित गरी आकस्मिक स्वास्थ्य सहायता मिलाउन स्वास्थ्य मन्त्रालयलाई आग्रह गरेको थियो । आयोगले निर्वाचनमा अत्यावश्यक तथा आपत्कालीन उपचार सेवा उपलब्ध गराउन सक्ने गरी देशभरका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा चिकित्सक, स्वास्थ्यकर्मी र औषधि तयारी अवस्थामा राख्न भनेको छ । सोहीअनुसार नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले र्‍यापिड रेस्पोन्स टिम गठन गरेका हुन् ।

स्वास्थ्य मन्त्रालयले निर्वाचनको वेला स्वास्थ्यकर्मीलाई नखटाउन अनुरोध गर्दै आएको थियो । केही सीमित ठाउँमा मात्रै स्वास्थ्यकर्मी खटाइएको मन्त्रालयले जनाएको छ । तर, बिरामीको प्रत्यक्ष उपचारमा जोडिने स्वास्थ्यकर्मीलाई भने खटाइएको छैन ।

प्रवक्ता डा. बुढाथोकीले ठुला अस्पतालमा चुनावको दिन मात्रै ओपिडी सेवा बन्द हुने बताए । ‘देशैभरका सरकारी अस्पतालले मतदानका दिन ओपिडी सेवा बन्द गर्छन् । त्यस दिन आकस्मिक सेवा चुस्त राख्न भनेका छौँ,’ उनले भने, ‘चुनावको वेला भए पनि अस्पतालमा बिरामीहरू आउनेक्रम उस्तै हुन्छ ।’

थन्किए ३६ लाख...

पृष्ठ १ बाट क्रमशः

देखि नै राष्ट्रिय परिचयपत्र वितरण सुरु गरिएको हो ।

परिचयपत्रको विवरण दर्ता भएपछि पनि कार्ड वितरणसम्ममा धेरै प्रक्रिया पूरा गर्नुपर्ने भएकाले लामो समय लाग्ने बताउँछन् राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका सूचना अधिकारी तुलसीप्रसाद दाहाल । परिचयपत्र नम्बर मात्रैले पनि धेरै काम हुने भएपछि सेवाग्राहीहरू भौतिक रूपमा कार्ड लिन उत्साहित नभएको हुन सक्ने पनि उनको विश्लेषण छ ।

‘परिचयपत्र नम्बर भएपछि सेवाहरू पाउन सकिन्छ, कार्ड नै चाहिने बाध्यता हुँदैन । त्यसैले पनि मानिसहरू कार्ड लिन उत्साहित देखिएनन्,’ उनले भने, ‘कार्ड लिन व्यक्ति स्वयं उपस्थित हुनुपर्ने र त्यसअघि नै उसलाई परिचयपत्र नम्बरले काम दिने भएकाले कार्ड लिनेबारे कम चासो छ । यद्यपि, कार्ड वितरणलाई अभियानका रूपमा विभागले अघि बढाएको छ । कार्डका सम्बन्धमा अहिले कुनै समस्या छैन ।’

विभागले जिल्ला, पालिका हुँदै वडास्तरसम्मै पुगेर परिचयपत्रका लागि विवरण संकलन अभियान चलाइसकेको छ । त्यसले विवरण संकलनमा संख्यात्मक रूपमा ठुलो प्रगति देखिए पनि कार्ड वितरण भने सोअनुरूप छैन ।

विभागको तथ्यांकअनुसार गत माघ महिनामा मात्र दुई लाख ३९ हजार ८९० परिचयपत्रको विवरण संकलन भएको छ । माघमै ३९ हजार २५३ कार्ड छपाइ भएर ६७ हजार ७१५ परिचयपत्र वितरण भएको छ ।

१२ सेवासँग परिचयपत्रको अन्तरआबद्धता, थुप्रै प्रक्रियामा

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका अनुसार हालसम्म १२ वटा सेवा राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीसँग अन्तरआबद्ध भएका छन् । राहदानी विभाग, घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीको सामाजिक सुरक्षा भत्ता सेवा र व्यक्तिगत घटना दर्ता सेवा, कम्पनी रजिस्ट्रारको कार्यालय, नागरिक एप, चालक अनुमतिपत्र (बागमती प्रदेश), बैंक तथा वित्तीय सेवाका लागि कर्जा सूचना केन्द्र) विभागको प्रणालीसँग अन्तरआबद्ध छन् । त्यस्तै, निवृत्तिभरण व्यवस्थापन कार्यालय, वैदेशिक रोजगारसम्बन्धी सेवा, निर्वाचन आयोग, आन्तरिक राजस्व विभागको प्यान सेवा र राष्ट्रिय किताबखाना निजामती पनि विभागको प्रणालीसँग अन्तरआबद्ध भइसकेका छन् ।

यस्तै, पाँच सेवा तथा निकाय विभागको सूचना प्रणालीसँग अन्तरआबद्ध हुने गरी परीक्षण सम्पन्न भइसकेको अवस्थामा छन् । तिनमा स्वास्थ्य बिमा बोर्ड, सामाजिक सुरक्षा कोष, यातायात व्यवस्था विभाग, नेपाल टेलिकम र एनसेल छन् । अदालतका मुद्दा व्यवस्थापनसम्बन्धी, शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति सेवासम्बन्धी, स्थानीय तहको पञ्जीकरण, नागरिकता, सामाजिक सुरक्षा, राहत तथा विपत् व्यवस्थापनसम्बन्धी, अध्यागमन सेवा र बन्दीको पहिचान, प्रमाणीकरण तथा बन्दीहरूको विवरणसम्बन्धी सेवा पनि अन्तरआबद्धताको प्रक्रियामा छन् । भूमि व्यवस्था तथा अभिलेख विभाग, कर्मचारी सञ्चय कोष, चिकित्सा शिक्षा आयोग र नेपाल क्लियरिङ हाउस लिमिटेडबाट अन्तरआबद्धताका लागि अनुरोध भई आएको विभागको भनाइ छ ।

ट्रान्जिटमा...

पृष्ठ १ बाट क्रमशः

घण्टा सक्रिय रहेको बताए । ‘हामी सबै अवस्थाको सूक्ष्म आकलन गरिरहेका छौँ, नेपालीको सुरक्षा पहिलो प्राथमिकता हो,’ उनले भने ।

ट्रान्जिटमा एक हजारभन्दा बढी नेपाली

क्षेत्रीय हवाई उडान अवरुद्ध हुँदा अबुधाबी, दुबई, दोहा र कुवेतका विमानस्थलमा कम्तीमा एक हजार नेपाली पारगमनमै रोकिएका छन् । सम्बन्धित एयरलाइन्सले उनीहरूको अस्थायी बसोबास र खानपानको व्यवस्था मिलाएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

इरानबाट फर्किने क्रममा दुई नेपाली दुबई अन्तर्राष्ट्रिय विमानस्थलमा अड्किएका छन् । उनीहरू तेहरान-बाकु हुँदै दुबई पुगेपछि उडान बन्द भएको थियो । इरानमै रहेका अन्य ६ जनाले फर्किन आनाकानी गरेको र दुईजनाको बसोबास अनुमति (रेसिडेन्सी कार्ड) समेत सकिएको अवस्था रहेको मन्त्रालयले जनाएको छ ।

मतदानको तयारी...

पृष्ठ १ बाट क्रमशः

उनका अनुसार देशभर आवश्यक कर्मचारी खटाइसकिएको छ । मतदान सामग्री सम्बन्धित केन्द्रमा पुगिसकेका छन् । आयोगले मतदान केन्द्रमा अनुशासन र पारदर्शिता सुनिश्चित गर्न विशेष निगरानी र कडाइ अपनाइएको जनाएको छ ।

यसपटक प्रतिनिधिसभातर्फ प्रत्यक्ष प्रणालीमा ६५ राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसहित तीन हजार ४०६ जना चुनावी मैदानमा छन् । समानुपातिकतर्फ ६३ दलका तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

मतदान केन्द्रमा मोबाइल निषेध, मतदाताको लाइनमा भोट मागे सिधै पक्राउ

निर्वाचनअन्तर्गत मतदानलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र बनाउन निर्वाचन आयोगले मतदान केन्द्रमा कडाइ गरेको छ । आयोगले मतदान निर्देशिका, २०८२ स्वीकृत गरी शान्तिपूर्ण मतदान गराउन मतदान केन्द्रको व्यवस्थापन, निगरानी र कारबाहीमा कडाइ गरेको हो । आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार मतदान केन्द्रमा मतदाताले मोबाइल लिएर जान पाउँदैन । सलाई, लाइटर, एसिडजस्तो प्रज्ज्वनशील पदार्थ, फोटो खिच्ने क्यामेरा र मोबाइल लान पाइँदैन । मादक पदार्थ वा नशालु पदार्थ सेवन गरेको व्यक्ति मतदाता भए पनि मतदान केन्द्रमा प्रवेश गर्न पाउँदैन । यसैगरी, कुलै दलको प्रचार सामग्री लान पाइँदैन । उम्मेदवारले मत माग्न पाउँदैन । प्रचारसम्बन्धी कुनै गतिविधि गर्न पाउँदैन ।

यसैगरी, मतदान केन्द्रको परिसरभित्र मतदाता प्रभावित पार्न खोजे नियन्त्रणमा लिने व्यवस्था गरिएको छ । ‘मत हाल्न लाइनमा बसेको मतदातालाई कसैले प्रभावित पार्न पाइँदैन । त्यसो भएमा सुरक्षाकर्मी तथा निर्वाचनमा खटिएका कर्मचारीले तुरुन्त नियन्त्रणमा लिनुपर्छ,’ सूचना अधिकारी घिमिरेले भने ।

मतदान निर्देशिकामा उल्लेख भएअनुसार मतदान केन्द्रभित्र फोटो खिच्न पाइँदैन । कसैले फोटो खिचेमा एक लाखसम्म जरिवाना र निर्वाचन कसुर तथा सजाय ऐनअन्तर्गत थप कारबाही हुन सक्छ । यसैगरी, दोहोर्‍याएर भोट हाल्नेको मत बदर हुन्छ । त्यसपछि कानुनबमोजिम कारबाही हुन्छ । निर्देशिका अनुसार मतपत्रबाहेक अन्य पदार्थ मतपेटिकामा खसाल्न पाइँदैन । मतदान केन्द्रबाट मतपत्र बाहिर लैजान वा नष्ट गर्न पाइँदैन ।

यसैगरी, कसैले मतपत्रमा मतसंकेत गरी सकेपछि सार्वजनिक गरेमा १५ हजार रुपैयाँ तत्काल जरिवाना गरी उक्त मतपत्रलाई छुट्टै खाममा राखी सिलबन्दी गर्नुपर्छ ।

यसैगरी, अर्काको नाममा फर्जी मतदान गर्नेविरुद्ध उम्मेदवार, निर्वाचन प्रतिनिधि र अन्य मतदाताले उजुरी गर्न पाउने र त्यसरी फर्जी मत हाल्नेलाई तत्काल २५ हजार जरिवाना गराउने व्यवस्था छ । जरिवाना नतिरे प्रहरीलाई बुझाएर कैदमा पठाइन्छ । यसैगरी, मतदान कार्यमा बाधा पुर्‍याउने वा उस्काउने व्यक्तिलाई तत्काल गिरफ्तार गर्ने व्यवस्था छ ।

मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, अन्य कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकहरू हुन्छन् । मतपत्र, मतपेटिका, मतदाता नामावली, मतपेटिका, सुरक्षण सिल, मत संकेत गर्ने स्वस्तिक छाप, नउड्ने मसी, छापदानी, पोलबुकलगायतका अन्य आवश्यक मतदान सामग्री मतदान केन्द्रमा पुगिसकेको छ ।

मतदान अधिकृतका कामहरू के छन् ?

मतदान अधिकृतले प्रत्येक दुई घण्टामा मतदानको प्रगति विवरण निर्वाचन अधिकृतसमक्ष पठाउनुपर्ने निर्देशिकामा उल्लेख छ । यसबाहेक मतदान अधिकृतको काममा मतपत्रलगायत निर्वाचन सामग्री बुझ्ने, मतदान केन्द्रमा सहायक मतदान अधिकृत, अन्य कर्मचारी तथा सुरक्षाकर्मीसँग समन्वय गर्ने, मतदान केन्द्र निर्माण गर्ने, सुरक्षा, भौगोलिक कठिनाइ तथा अन्य कारणले मतदान गराउन नसकिने तत्काल जानकारी गराउनेलगायतका छन् ।

यस्तै, मतदाताहरूलाई मतदान हुने दिनभन्दा अगावै मतदाता परिचयपत्र वितरण गर्ने, स्वयंसेवक नियुक्त गर्ने, कर्मचारी र स्वयंसेवकलाई काम बाँडफाँट गरी मतदानको काममा लगाउने, दल तथा उम्मेदवारसँग समन्वय गर्ने, मतदातालाई मतपत्र दिनुअघि हस्ताक्षर गर्ने, मतदान कार्यको चनाखो भई निरन्तर अनुगमन गर्ने, सरोकारवालासँग सहजीकरण गर्ने, मतदान सकिएपछि मुचुल्का गराई सिलबन्दी मतपेटिका तथा अन्य निर्वाचन सामग्री सुरक्षित तरिकाले निर्वाचन अधिकृतलाई बुझाउने मतदान अधिकृतको जिम्मेवारी छ ।

मतदानको के खुल्छ के खुल्दैन ?

आयोगका सूचना अधिकारी घिमिरेका अनुसार मतदानको दिन सवारीसाधन मात्रै बन्द हुन्छ । यो बन्द नगर्दा एउटा ठाउँको मान्छे अर्कोमा गएर हुलहुज्जत गर्ने, दोहोरो मतदान हुन सक्ने तथा शान्तिपूर्ण मतदान अवरुद्ध हुने आयोगको बुझाइ छ । ‘सार्वजनिक बिदाले सरकारी अड्डा बन्द हुन्छन् । अरू पसल, कलकारखानालगायत सबै खुल्छन्,’ उनले भने ।

मौसम चुनौती कति ?

मतदानको दुई दिनअघि मंगलबार मौसम बिग्रिएको छ । तर, मौसम विभागले २०, २१ र २२ फागुनमा मौसम सफा रहने प्रक्षेपण गरेको छ । ‘मतदानको कार्यको अघिल्लो दिनदेखि मतदानको दुई दिनसम्म सफा हुने प्रक्षेपण मौसम विभागको छ । यदि आकस्मिक मौसम बिग्रियो भने अन्य विकल्पमा जान्छौँ,’ सूचना अधिकारी घिमिरेले भने । घिमिरेका अनुसार मतदानको दिन पानी परे पनि मतदान रोकिने छैन । घिमिरेले वर्षा भइहाले मतदान केन्द्रलाई व्यवस्थित गर्न आवश्यक विकल्प सोचिएको बताए । यद्यपि, हिमालदेखि तराईसम्म मौसम सफा रहने र मतदानमा मौसमको प्रतिकूलता नहुनेमा आयोग विश्वस्त रहेको उनको भनाइ छ । ‘निश्चित क्षेत्रहरूमा वर्षा भयो भने मतदान स्थगित गरेर अर्को दिन तोक्ने हुन्छ । अब ठुलो एरियामा वर्षा भयो भने त्यो सोचनीय विषय हुन्छ,’ उनले भने ।

निर्वाचन अवलोकन गर्न नौ देशबाट आए पाहुना

निर्वाचन आयोगले निर्वाचन अवलोकनका लागि आमन्त्रण गरेका छिमेकी र मित्र राष्ट्रका पाहुना काठमाडौं आइपुगेका छन् । आयोगका अनुसार १० देशका अतिथिलाई आमन्त्रण गरेकामा पाकिस्तानबाहेक सबै उपस्थित हुँदै छन् । आयोगका सहसचिव ज्ञानहरि घिमिरेका अनुसार भारत, भुटान, बंगलादेश, श्रीलंका माल्दिभ्स, मलेसिया, इन्डोनेसिया र रसियाबाट प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरू आइपुगेका छन् । जापानबाट बुधबार बिहान प्रमुख निर्वाचन आयुक्त रहेका भाइस मिनिस्टर आउँदै छन् । पाकिस्तानलाई आमन्त्रण गरे पनि पाहुना आउनेछैनन् । पाकिस्तानको दूतावासबाटै अवलोकन गर्ने जानकारी गराइएको छ । यसैगरी, अन्तर्राष्ट्रिय संस्थाबाट पर्यवेक्षण गर्न ४९ जना नेपाल आउने निश्चित भएको छ ।

चुनावले गाउँमा चहलपहल

चाडबाडमा फर्किनेहरू मत हाल्नकै लागि गाउँ पुगेका छन्, चियापसलदेखि चौतारीसम्म राजनीतिक बहस



उदयपुरको कटारी नगरपालिका- ४ मा रहेको कटारीमा चुनावी गफ गर्दै स्थानीय

उदयपुरमा **विदुर कटुवाल**, लहानमा **मणिलाल विश्वकर्मा**, पोखरामा **रोहितराज पराजुली**, बुटवलमा **विष्णु धिमिरे**, सल्यानमा **दीपक शर्मा**, बाँकेमा **विश्वराज पछ्लडङ्गया**, धनकुटामा **सन्तोष रुचाल**

नेता-कार्यकर्ता एक महिनाअघि नै गाउँघर केन्द्रित भएका वेला मतदाता पनि मतदान गर्न धमाधम पुग्न थालेका छन्। अध्ययन, रोजगारी, व्यवसाय तथा अस्थायी बसोबासका रूपमा जिल्ला सदरमुकाम, काठमाडौं, पोखरा, विराटनगरलगायत सहरबजार तथा विदेशमा रहेका मतदाता अहिले आफ्नो क्षेत्रमा फर्किरहेका छन्। जसकारण दसैं-तिहारबाहेक वर्षभर सुनसानजस्तै रहने गाउँघरमा चहलपहल बढेको छ। ठिक उल्टो सहरबजारमा चहलपहल घटेको छ।

सुनसानजस्तै देखिने उदयपुरका पहाडी क्षेत्रका गाउँघरमामा बिहान-बेलुका चिया पसल, चौतारी र आँगनमा चुनावी बहस गर्माएको छ। रोजगारीका लागि गाउँ छाडेकाहरू मतदान गर्न घर फर्किन थालेपछि चाडपर्व लागेजस्तै भएको कटारी नगरपालिका- ११ का पूर्ववडाध्यक्ष सरोज बुढाथोकीले बताए। 'पहिलेजस्तो गाउँ सुनसान छैन अहिले। चाडपर्वमा मात्र देखिने अनुहार अहिले मतदानकै लागि धमाधम गाउँ आइरहेका छन्,' उनले भने, 'मतदानको मिति नजिकिएसँगै गाउँमा राजनीतिक बहस बढेको छ। युवाले पनि आफ्नो धारणा खुला रूपमा राख्न थालेका छन्।'

कटारी नगरपालिका- ११ कै ध्रुवबहादुर कटुवाल मलेसियाबाट बिदा मिलाएर मतदान गर्न गाउँ आइपुगेका छन्। 'मतदान हाम्रो अधिकार मात्र होइन, जिम्मेवारी पनि हो,' उनले भने, 'पार्टीको भिजन र उम्मेदवारको मिसन हेरेर मत दिनुपर्छ। यसपटक सचेत भएर निर्णय गर्ने सोचमा छु।' विदेश तथा काठमाडौं, विराटनगर, इटहरीलगायत सहरमा बस्ने उदयपुरका पहाडी क्षेत्रका मतदाता फर्कन थालेका हुन्।

उदयपुरगढी गाउँपालिका- ७ का स्थानीय होमबहादुर बस्नेतका अनुसार अहिले गाउँमा देखिएको चहलपहल दसैं-तिहारकै झल्को दिने खालको छ। 'पहिले चाडबाडमा मात्र फर्किनेहरू अहिले मत हाल्नकै लागि आएका छन्,' उनले भने, 'चियापसलदेखि चौतारीसम्म राजनीतिक बहस चलिरहेको छ।'

कटारी-गहुँबारी रुटमा बोलेरो जिप चलाउँदै आएका बद्री बुढाथोकीले सहरदेखि गाउँ आउने बढेपछि स्थानीय रुटमा पनि यात्रु बढेको बताए। '१५ फागुनयता यात्रुहरू बाक्लै पाउन थालिएको छ। दसैं-तिहारजस्तै भएको छ,' उनले भने। उदयपुरगढी गाउँपालिका- १ का रत्नबहादुर खत्री भन्छन्, 'चुनाव आएसँगै गाउँमा नयाँ रौनक आएको छ। सहर र विदेशमा बस्ने आफन्त पनि आइपुगेका छन्।'

उदयपुरमा प्रतिनिधिसभा सदस्यका दुई निर्वाचन क्षेत्र छन्।

जिल्ला उद्योग वाणिज्य संघ उदयपुरका अध्यक्ष गजेन्द्र भगतका अनुसार निर्वाचनले ग्रामीण अर्थतन्त्रमा अस्थायी गतिशीलता ल्याएको छ। 'मतदानका लागि गाउँ फर्किने क्रम बढेसँगै आर्थिक कारोबार पनि बढेको छ,' उनले भने, 'मैले जिल्लाका विभिन्न पालिकामा पुगदा बजार चलायमान देखें। साना व्यवसायी उत्साहित छन्।'

त्यस्तै, सल्यानका गाउँघरमा पनि चुनावको चहलपहल बढेको छ। दुई वर्षदेखि भारतको हिमाञ्चल प्रदेशमा रोजगारी गर्दै आएका सल्यानको शारदा नगरपालिका- ६ का अभिषेक बुढाथोकीले निर्वाचनमा भोट हाल्नकै लागि फर्किएका छन्। इमानदार र योग्य उम्मेदवारलाई जिताउनकै लागि १२ जनाको टोली घर आएको उनले सुनाए। 'गाउँमा आएपछि साथीभाइ र आफन्तसँग भेट भएको छ। चुनावकै वेला होली पनि मनाउन पाइयो,' उनले भने।

दाङ तुलसीपुर बस्दै आएकी सल्यान छत्रेश्वरी गाउँपालिका- १ दमाचौरकी गीता अधिकारी मताधिकार प्रयोग गर्न गाउँ फर्किएकी छिन्। 'अध्ययनको सिलसिलामा तुलसीपुरमा मतदान गर्न कतारबाट फर्किएका सिराहाका **जीवछ मोची** भन्छन्-



योपल्ट होलीलगत्तै चुनाव पनि पऱ्यो। ०६४ पछि भोट हाल्न पाएको थिइनँ। यसपल्ट त विशेष कारणले निर्वाचन हुन लागेकाले छुटाउनुहुँदैन भन्ने बिदा मिलाएर आएँ।

बस्छु। तर, गाउँको भविष्य आफैंले निर्धारण गर्नुपर्छ भन्ने लागेर भोट हाल्न गाउँ आएकी छु,' उनले भनिन्। त्यस्तै, शारदा नगरपालिका- ७ का खुमराज बोहराको परिवार पनि भोट हाल्नकै लागि दाङदेखि फर्किएको छ। दाङमा रोजगारी गर्दै आएका बोहरा तीन दिनको बिदा मिलाएर घर फर्केका हुन्। त्यस्तै, भोट हाल्न भनेर बाँके खजुरा गाउँपालिका- २, सीतापुरका सुशील मल्ल जापानबाट आएका छन्। 'एक भोटको जितहार हुने भएकाले जापान बसिरहन मनले मानेन,' उनले भने, 'पैसाभन्दा आफूले मन पराएको उम्मेदवार जिताउने ठुलो लाग्यो।'

निर्वाचनमा सहभागी हुनकै लागि जुम्लाका वीरबहादुर रावत पनि स्वदेश फर्किएका छन्। भारतको हिमाञ्चलमा बस्दै आएका उनले आफूसँगै १५ जना मतदानका लागि भारतबाट आएको बताए। 'भोट दिने उम्मेदवारको छनोट गरिसकेका छौं। सबैले एउटै उम्मेदवारलाई भोट दिन्छौं,' उनले भने। बैजनाथ गाउँपालिका- १, चिसापानीका मनोज बुढा पनि भारतबाट आएका छन्।

होली र चुनावले तान्यो गाउँमा

होलीको दिन मंगलबार अपराह्न सिराहाको सखुवानन्कारकट्टी गाउँपालिका- ४ खैरबोना गाउँ पुग्दा ५९ वर्षीय जीवछ मोची घरपरिवार, छिमेकी र छोरा-नातिसँग रङ दलेर खुसी साट्दै थिए। तीन वर्षपछि ११ फागुनमा कतारबाट घर फर्किएका मोचीले भने, 'यसपल्ट होलीलगत्तै चुनाव पनि पऱ्यो,' उनले भने, '०६४ पछि भोट हाल्न पाएको थिइनँ। यसपल्ट त विशेष कारणले निर्वाचन हुन लागेकाले छुटाउनुहुँदैन भन्ने बिदा मिलाएर आएँ।' उनी सप्तरी, धनुषा, महोत्तरीका ६ जना साथीसहित कतारबाट फर्किएका हुन्।

गोलबजार- ४, निपनियाँका ३५ वर्षीय मोहित महरा भारतको दिल्लीबाट घर फर्किएका छन्। 'देशमा रोजगारी सिर्जना गर्ने नीति, कानुन बनाउन राम्रा जनप्रतिनिधि छान्न नागरिकको हैसियतले भोट हाल्नुपर्छ,' उनले भने। पछिल्लो २० वर्षदेखि छोराबुहारीसँग भारतमा बस्दै आएकी सिराहाको धनगढीमाई नगरपालिका- १३, डाबर गाउँकी ५७ वर्षीया आशा श्रेष्ठले पनि भोट हाल्न गाउँ फर्किएको सुनाइन्।

धनगढीमाई- १३ का वडाध्यक्ष सूर्यमान तामाङले आफ्नो घर रहेको भोर्लेनीमा भोट हाल्नकै लागि १५ जना काठमाडौंबाट फर्किएको बताए। 'योपल्ट होली त पऱ्यो नै, निर्वाचन पनि पऱ्यो,' उनले भने, 'होली त अर्को वर्ष पनि मनाइएला, निर्वाचनले पाँच वर्षका लागि जनप्रतिनिधि छान्ने भएकाले गाउँबाट बाहिर बस्नेहरू घर फर्किएका हुन्।'

■ सहरबजारमा घट्यो चाप



सधैं व्यस्त रहने बुटवलको सडकमा चुनाव लागेसँगै सवारी चाप घटेको छ

पोखराको पृथ्वीनारायण क्याम्पसमा स्नातकमा अध्ययनरत सुनिता तामाङ १७ महिनापछि मंगलबार आफ्नो घर धादिङ हिँडेकी छिन्। '०८१ को तिहारपछि घर फर्किंदैछु। पहिलोपटक मतदान गर्न लागेकीले पनि म उत्सुक छु,' उनले सुनाइन्।

धनगढी घर भई पोखरामा होटेलमा काम गर्दै आएका विश्वास थारू घर जानका लागि मंगलबार साँझ पोखरा पृथ्वीचोकमा बस कुरिरहेका थिए।

पोखरामा सरकारी सेवामा रहेका धनकुटाका रमेश थापा श्रीमती र छोरासहित मंगलबार घर लागेका छन्। 'दुवै छोरा पहिलोपटक मतदान गर्दैछन्,' उनले भने। वीरगन्जमा बैंकका कार्यरत पोखराका नारायण बराल मंगलबार दिउँसो बसबाट पोखरा ओर्लिए। चुनाव लागेसँगै पाँच दिनदेखि सार्वजनिक तथा निजी सवारीसाधनबाट बाहिरिने बढेको छ। सँगै कास्कीलगायत क्षेत्रका मतदाता फर्किरहेका छन्।

बिहीबार हुने चुनावका कारण बुधबार मध्यरातिबाट सार्वजनिक यातायात सञ्चालन नहुने र अनुमति लिएबाहेकका निजी गाडी पनि चलाउन नपाइने भएपछि पोखराबाट बाहिरिने लामो दूरीका बसमा यात्रु बढेका छन्।

पूर्व र पश्चिमका लागि छुट्ने बसमा यात्रुको संख्या बढेको पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका सञ्चालक बाबुराम दवाडीले बताए। 'चार-पाँच दिनदेखि पोखराबाट बाहिरिने बढेका छन्। पोखराबाट जानेको तुलनामा आउनेको संख्या कम छ,' उनले भने। अरू वेला बुटवल, नेपालगन्ज, धनगढीलगायत पश्चिमतर्फ दैनिक १२ वटा बस जाने गरेकामा हाल २० देखि २२ वटा जाने गरेको दवाडीले बताए। त्यस्तै, विराटनगर, धरानलगायत पूर्वतर्फ दैनिक २८ देखि ३० बस जाने गरेकामा हाल ४२ बस पोखराबाट छुट्ने गरेका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका असई दिलीप आलेले पोखराबाट बाहिरिने सवारीचाप १० देखि १२ प्रतिशतले बढेको बताए। पोखरा नयाँबजारका वसन्त श्रेष्ठले भोट हाल्न जाने बढेसँगै बजार क्षेत्रमा पसल पनि बन्द हुन थालेको बताए। 'पेसा-व्यवसायका लागि पोखरामा रहेकाहरू बाहिरका धेरै छन्। उनीहरू चुनावका लागि जान थालेपछि बजारमा चाप घटेको हो,' उनले भने। त्यस्तै, रातिसम्म व्यस्त रहने बुटवलका सडकमा अचेल दिउँसो नै सवारीसाधनको चाप घटेको छ। बुटवलमा विशेषगरी गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जासहित पहाडी जिल्लाका बासिन्दाको अस्थायी बसोबास छ। विद्यार्थीदेखि रोजगारी र पेसा-व्यवसाय गर्न बाहिरी जिल्लाबाट बुटवल आउने गर्छन्।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रमुख प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले पछिल्ला केही दिनयता चाडपर्वजस्तै बुटवलबाट बाहिरिने बढेको बताए। सार्वजनिक बिदा, होली र चुनावसँगै मतदाता बाहिरिन थालेको उनले बताए। गुल्मीको धुर्कोटका कमल भण्डारी मंगलबार मात्रै बुटवलबाट घर पुगेका छन्। त्यस्तै, गुल्मीका कमल भण्डारी मंगलबार मात्रै बुटवलबाट घर पुगेका छन्। धुर्कोट गाउँपालिकाका भण्डारी योग्य जनप्रतिनिधि छनोटका लागि योगदान पुऱ्याउन घर पुगेका हुन्। बुटवलमा होस्टेल सञ्चालन गर्दै आएका अर्घाखाँची पाणिनीका भागिरथ धिमिरे मतदान गर्नका लागि घर पुगेको बताए।

विद्यार्थीदेखि रोजगारी तथा व्यवसायको सिलसिलामा सदरमुकाम धनकुटामा बसोबास गर्दै आएकाहरू मतदानका लागि घर फर्किएपछि बजार सुनसान बन्न पुगेको छ। धनकुटामा व्यापार गर्दै आएकी चौबिसे गाउँपालिका- ३ की टीकामाया विश्वकर्माले मतदानका लागि मंगलबार गाउँ पुगेको बताइन्।

संक्षेप

धमाधम बनाइँदै मतदान बुथ

महोत्तरी/ बिहीबार हुने निर्वाचनका लागि धमाधम मतदान बुथ निर्माण भइरहेका छन्। चार निर्वाचन क्षेत्र रहेको महोत्तरीमा ५३६ मतदान केन्द्रमा बुथ निर्माणको काम भइरहेको छ। बाँस र डोरीलगायतको सहायतामा बुथ निर्माण गरिरहेको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए। 'शान्तिपूर्ण निर्वाचनका लागि आवश्यक सबै तयारी भइसकेको छ, बुधबारसम्म सबै मतदान केन्द्र बनिसक्छन्,' उनले भने। महोत्तरीमा २५८ मतदानस्थलमा ५३६ मतदान केन्द्र कायम छन्। मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगी पनि खटिसकेको यादवले बताए। त्यस्तै, उदयपुरमा गाईघाटलगायत मतदानस्थल तथा केन्द्रमा बुथ निर्माण थालिएको छ। जिल्ला निर्वाचन आयोग कार्यालय उदयपुरका सूचना अधिकारी डिगम कार्कीका अनुसार बुधबार दिउँसोसम्म सबै बुथ तयार हुनेछन्। उदयपुरमा दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र छन्।

खाल्डोमा डुबेर दाजुबहिनीको मृत्यु

सुर्खेत/ सुर्खेतको वीरेन्द्रनगर नगरपालिका- ९ मा घर बनाउन खनेको खाल्डोमा डुबेर दाजुबहिनीको मृत्यु भएको छ। कालिकोटको तिलागुफा नगरपालिका- ९ चिल्खाया घर भई हाल वीरेन्द्रनगर नगरपालिका- ९ मा बस्दै आएका टेकबहादुर कटुवालका सात वर्षका छोरा खेमराज र पाँच वर्षकी छोरी दीपिकाको मृत्यु भएको छ। घर बनाउन खनेको खाल्डोमा परी उनीहरूको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता डिएसपी मोहनजंग बुढथापाले बताए। उनीहरूलाई सोमबार साँझ स्थानीयले डुबेको अवस्थामा देखेका थिए। स्थानीयको खबरपछि पुगेको प्रहरीले उद्धार गरी प्रदेश अस्पताल कालागाउँ पुऱ्याएको र उपचारमा संलग्न चिकित्सकहरूले दुवैलाई मृत घोषणा गरेका प्रहरीले जनाएको छ।

रास्वपा उम्मेदवार साहको उम्मेदवारी खारेज

जनकपुरधाम/ निर्वाचन आयोगले धनुषा १ का रास्वपा उम्मेदवार किशोरी साह (कमल)को उम्मेदवारी खारेज गरेको छ। आयोगका प्रमुख आयुक्त रामप्रसाद भण्डारीका अनुसार बैंक तथा वित्तीय संस्थाको कालोसूचीमा नाम रहेको प्रमाण पुष्टि भएपछि उम्मेदवारी खारेज गर्ने निर्णय गरिएको हो। उम्मेदवार साहले भने यो विषयमा कानुनी व्यवस्थाअनुसार आवश्यक कदम चाल्ने बताए। आयोगले सार्वजनिक गरेको विवरणअनुसार कर्जा सूचना केन्द्रको अद्यावधिक अभिलेखमा साह कमल निर्माण सेवा प्रालिका सेयरधनीका रूपमा देखिएका छन्। उक्त विवरणमा उनी ०८० देखि कालोसूचीमा रहेको उल्लेख छ। साथै, विभिन्न मितिमा उनको नाम एकल तथा संयुक्त रूपमा चेक बाउन्ससम्बन्धी कालोसूचीमा समावेश भएको पाइएको आयोगले जनाएको छ। निर्वाचनसम्बन्धी प्रचलित कानुनअनुसार बैंक तथा वित्तीय संस्थाको कालोसूचीमा रहेका व्यक्तिहरू उम्मेदवार बन्न अयोग्य ठहरिने व्यवस्था रहेको छ। सोही आधारमा साहको उम्मेदवारी खारेज गरिएको आयोगको भनाइ छ। यस निर्णयसँगै धनुषा १ मा चुनावी समीकरणमा नयाँ तरंग आएको छ भने कांग्रेस, नेकपा, एमाले, जसपा नेपालसहितका पार्टीका उम्मेदवार घण्टीमा जाने मत आफ्नोतर्फ तान्ने रणनीतिमा लागेका छन्।

■ सेनाको सुरक्षामा सिंहदरबार



सिंहदरबारको सुरक्षामा खटिएको नेपाली सेना। प्रहरी बिहीबार हुने निर्वाचनमा केन्द्रित भएपछि सिंहदरबार सुरक्षाको नेतृत्व नेपाली सेनाले लिएको हो। चुनाव अवधिभर सिंहदरबार, विमानस्थल, कारागारसहितको सुरक्षाको नेतृत्व सेनाले लिने गर्दछ। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

११ महिनापछि दमक अस्पतालले पायो व्यवस्थापन समिति

झापा/ दमक नगरपालिकाको स्वामित्वमा रहेको दमक अस्पतालले ११ महिनापछि चुनावको मुखमा नयाँ समिति पाएको छ। १५ शय्याको अस्पतालको अध्यक्षमा दमकका मेयर रामकुमार थापा दोस्रो कार्यकालका लागि अध्यक्ष भएका हुन्।

यसअघि उनको कार्यकाल गत चैत ६ मा सकिएको थियो। ११ महिनाको माथापच्चीपछि दमक नगरपालिकाको १२ फागुनको कार्यपालिका बैठकले थापाको अध्यक्षतामा नयाँ व्यवस्थापन समिति गठन गरेको हो। निर्णय प्रमाणीकरण पनि भइसकेको छ। यद्यपि, निर्वाचनअगाडि सार्वजनिक नगर्ने सहमति भएको स्रोतले जनाएको छ।

थापा दमकस्थित ओममेची अस्पताल नामक निजी अस्पतालका सञ्चालक पनि हुन्।

दमक नगरपालिकाको कार्यपालिकामा एमालेको दुईतिहाइ छ। २१ जना सदस्य रहेको कार्यपालिकामा १५ जना एमालेबाट छन्। राप्रपाका मेयरसहित दुई, कांग्रेसबाट उपमेयर रेगिना भट्टराईसहित तीनजना र प्रमुख प्रशासकीय अधिकृत सदस्यसचिव छन्।

एमालेले अध्यक्ष बन्न नदिने देखेपछि मेयर थापाले ११ महिनासम्म कार्यपालिका बैठकमा प्रस्तावसमेत ल्याएका थिएनन्।

निर्वाचनको मुखमा नयाँ समिति बनाउदा अरु दलहरूबाट विरोध नहुने देखेछि मौका छोपेर समिति गठन गरेको हुनसक्ने रेडक्रस दमकका सभापति प्रकाश बुढाथोकीले बताए।

अस्पतालका अध्यक्ष बनेका मेयर थापाले भने अस्पताल व्यवस्थापन समिति बनाउने कार्यपालिकाको निर्णयसँग निर्वाचनको सम्बन्ध नरहेको बताए। उनले व्यवस्थापन समिति बनाउने निर्णय कार्यपालिकाको नियमित काम भएको बताए। 'अस्पताल व्यवस्थापन समिति बनाउने निर्णय नियमित हो। निर्वाचनसँग यसको केही पनि सरोकार छैन,' नगरप्रमुख थापाले भने, 'पहिला नै टुंगिएको थियो। नभ्याएर मात्रै निर्णय भएको थिएन। कसैले रोक्ने अवस्था नभएपछि निर्णय भएको हो।'

■ अस्थायी मतदाता एक लाख ८६ हजार १४२

निर्वाचनमा खटिने सबै पाँच लाख ५१ हजार ८९० ले मतदान गर्न पाउने

टेकराज थामी/नयाँ पत्रिका

निर्वाचन आयोगले बिहीबार हुने प्रतिनिधिसभा निर्वाचनमा खटिएका, तर अस्थायी मतदाता नामावलीमा सूचीकृत नभएका कर्मचारी, सुरक्षाकर्मीलाई पनि मतदान गर्न पाउने व्यवस्था गर्ने भएको छ। निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचन आयोगका अनुसार निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको गुप्तचर र निर्वाचन प्रहरी गरी पाँच लाख ५१ हजार ८९० जनशक्ति चुनावमा खटिएको छ। तर, अस्थायी मतदाता नामावलीमा भने (कैदीबन्दीसहित) एक लाख ८६ हजार १४२ मात्र छन्। अस्थायी मतदाता नामावली सूचीमा कायम भएकाका लागि देशभर १४३ मतदान केन्द्र कायम गरिएको छ, उनीहरूले समानुपातिकतर्फ मात्र मतदान गर्न पाउनेछन्।

निर्वाचनमा खटिएका, तर अस्थायी नामावलीमा नाम नरहेका तीन लाख ६५ हजार ७४८ को हकमा छुट्टै व्यवस्था गरिन लागिएको भट्टराईले बताए। 'यो जनशक्तिले पनि समानुपातिकतर्फ मतदान गर्न पाउनेछ। अस्थायी प्रकृतिको छुट्टै मतदाता नामावली निर्माण गरिन्छ। सोही आधारमा उनीहरूले खटिएकै ठाउँबाट समानुपातिकतर्फ मतदान गर्न सक्नेछन्,' उनले भने, 'यसको टुंगो जिल्लास्थित प्रमुख निर्वाचन अधिकृतले लगाउनेछन्।'

त्यसअघि जिल्लाभर निर्धारण गरिएका प्रत्येक मतदानस्थलमा खटिने कर्मचारीको नामावली संकलन गरेर अस्थायी मतदाता नामावलीसँग रुजु गरिनेछ। आयोगले अस्थायी मतदाता नामावली संकलनका लागि एक महिना समयावधि राखेर गत १७ पुसमा सूचना जारी गरेको थियो। सूचनाअनुसार निर्वाचनमा खटिने कर्मचारीको नामावली सम्बन्धित संगठनले १८ माघसम्म आयोगमा पेस गरिसक्नुपर्ने भनिएको थियो। सूचनापछि सम्बन्धित संगठनले निर्वाचनमा खटिने मातहतका कर्मचारीको नामावली संकलन गरी आयोगमा पेस गरेको थियो। सोही आधारमा आयोगले निर्वाचनमा खटिने कर्मचारीको अस्थायी मतदाता नामावली निर्धारण गरेको आयोगका प्रवक्ता भट्टराईले बताए।

निर्वाचनमा खटिएको जनशक्ति

सेना	७९,७२७
प्रहरी	७५,४९७
सशस्त्र	३४,५७६
निर्वाचन प्रहरी	१,४९,०९०
अनुसन्धान	१,९२१
निजामती	२,१३,०००
कुल	५,५१,८९०



■ काठमाडौंमा चारवटा अस्थायी बुथ

काठमाडौं जिल्लामा सात हजार ६८७ जनाको अस्थायी मतदाता नामावली सूचीमा नाम छ। चारवटा अस्थायी बुथ कायम छन्। एउटा बुथ भद्रकाली मन्दिरआसपास रहनेछ। जसमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मीले मतदान गर्न सक्नेछन्।

अर्को बुथ बबरमहलस्थित जिल्ला प्रशासन कार्यालयपरिसरमा राखिनेछ। सिंहदरबारमा कार्यरत कर्मचारीसहित आसपासका बुथ खटिनेले मतदान गर्न पाउनेछन्। त्यसबाहेकको बुथ डिल्लीबजार कारागार र सुन्धारास्थित कारागार परिसरमा राखिनेछ। उक्त बुथमा सम्बन्धित कारागारका कैदीबन्दी, कर्मचारी र आसपासका बुथमा खटिएका कर्मचारीले मतदान गर्न पाउनेछन्।

काठमाडौंमा प्रमुख जिल्ला अधिकारी ईश्वराज पौडेलले निर्वाचनमा खटिने कर्मचारीको अस्थायी नामावली टुंगिने क्रम जारी रहेको बताए। 'निर्वाचन आयोगले निर्वाचनमा खटिने कर्मचारीको अस्थायी मतदाता नामावली पठाएको छ। त्यसबाहेक थप कर्मचारीको पनि अस्थायी मतदाता नामावली बनाउनुपर्नेछ। यसको काम भइरहको छ। शुक्रबारसम्ममा यो कार्य पूरा होला। यसलाई फाइनल गर्ने काम भने प्रमुख निर्वाचन अधिकृतले गर्ने हो। यो प्रक्रियालाई सकेसम्म सहज हुने गरी मिलाउँछौं,' उनले भने।

■ साढे ६ हजार कैदीबन्दी चुनावी प्रचारप्रसारबाट बाहिर

निर्वाचन आयोगका अनुसार विगतझैं यसपटक पनि जेलमा रहेका कैदीबन्दीले मतदान गर्न पाउनेछन्। सम्बन्धित कारागारमै मतदान केन्द्र स्थापना गरिनेछ। कारागार व्यवस्थापन विभागका अनुसार मुलुकभरका ७४ कारागारमा अहिले २५ हजार ९७३ कैदीबन्दी छन्। तर, उनीहरूमध्ये २५ प्रतिशत (६ हजार ४९३) मात्र अस्थायी मतदाता हुन्। तर, उनीहरूकहाँ न राजनीतिक दलका उम्मेदवार पुगेका छन्, न प्रचारप्रसार नै। उम्मेदवारले कारागारभित्र पुगेर चुनावी प्रचारप्रसार गर्न पाउने प्रस्ट कानुन नहुँदा यस्तो हुन पुगेको हो।

कारागार व्यवस्थापन विभागका प्रवक्ता चोमेन्द्र न्यौपानेले कारागारभित्र चुनावी प्रचारप्रसार गर्न कानुनले नदिने बताए। 'कारागारभित्रका कैदीबन्दीले पनि निर्वाचनमा मतदान गर्न पाउँछन्। तर, दलका उम्मेदवारले कारागारमा पुगेर चुनावी प्रचारप्रसार गरेका छैनन्। कानुनले पनि यो सुविधा नदिएको जस्तो लाग्छ,' उनले भने। मतदाता नामावलीमा नाम नभएका कैदीबन्दीले भने मतदान गर्न पाउने छैनन्। आयोगका अनुसार कतिपयको नागरिकता नै नभएको, कतिपयको नागरिकतामा उल्लेख नामसँग परिचित नाम मेल नखाएको र कतिपयले इच्छा नदेखाएको हुँदा मतदाता नामावलीमा नाम कम भएको हो।

निर्वाचन घोषणापत्र कार्यान्वयनका अप्ठ्यारा

निर्वाचन घोषणापत्र दलहरूले आफ्नो सैद्धान्तिक स्पष्टता, नीतिगत प्राथमिकता र कार्यक्रमगत प्रतिबद्धता मतदातासमक्ष औपचारिक रूपमा प्रस्तुत गर्ने दस्तावेज हो



● मेघराज शंकर

अग्रलेख

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि राजनीतिक दलहरूले आ-आफ्नो घोषणापत्र सार्वजनिक गरेका छन्। घोषणापत्रका स्वरूप तथा विषयवस्तुबारे विभिन्न कोणबाट बहससमेत भइरहेको छ। लोकतन्त्र सुदृढ र प्रभावकारी हुनका लागि नागरिकले दलको घोषणापत्रसँगै उम्मेदवारको नैतिकता र क्षमताको विवेचनात्मक मूल्यांकन गरी आफ्नो अभिमत व्यक्त गर्नु आवश्यक हुन्छ। त्यसैले, घोषणापत्र कतिको कार्यान्वयनयोग्य छन् र तिनको कार्यान्वयनप्रति दलहरू कति प्रतिबद्ध र इमानदार छन् भन्ने विषयमा मतदाताले गम्भीर रूपमा विचार गर्नुपर्छ। यस आलेखमा घोषणापत्रको महत्त्व, दलहरूको भूमिका र नागरिकको सरोकारका विषयमा चर्चा गरिनेछ।

निर्वाचन घोषणापत्र आधुनिक प्रतिनिधिमूलक लोकतन्त्रको एक अत्यन्त महत्त्वपूर्ण संस्थागत साधन हो। यो राजनीतिक दलहरूले आफ्नो सैद्धान्तिक स्पष्टता, नीतिगत प्राथमिकता र कार्यक्रमगत प्रतिबद्धताहरू मतदातासमक्ष औपचारिक रूपमा प्रस्तुत गर्ने दस्तावेज हो। घोषणापत्र केवल चुनावी अभियानका लागि तयार गरिने प्रचार सामग्री मात्र होइन, यो राजनीतिक दल र मतदाताबिचको एक प्रकारको सामाजिक तथा राजनीतिक सम्झौता पनि हो। यसले राजनीतिक दलको सिद्धान्तअनुसार सरकार सञ्चालनका लागि मार्गदर्शन प्रदान गर्नुका साथै लोकतान्त्रिक जवाफदेहिताको मापन गर्ने महत्त्वपूर्ण आधारसमेत तयार गर्छ।

निर्वाचन घोषणापत्रको उदय प्रतिनिधिमूलक लोकतन्त्र र संगठित राजनीतिक दलहरूको विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित छ। प्रारम्भिक लोकतान्त्रिक प्रणालीहरूमा, विशेष गरी प्राचीन ग्रिसको एथेन्समा, नागरिकहरूले प्रत्यक्ष रूपमा शासन प्रक्रियामा सहभागिता जनाउँथे। त्यस समयमा औपचारिक लिखित प्रतिबद्धताको आवश्यकता कम थियो, किनकि नागरिकहरू स्वयं निर्णय प्रक्रियामा प्रत्यक्ष संलग्न हुन्थे।

समयक्रमसँगै राज्यको आकार, शासन सञ्चालन गर्ने संरचना र प्रशासनिक जटिलता विस्तार हुँदै जाँदा प्रत्यक्ष लोकतन्त्र सीमित समूह र वर्गको हितमा मात्र केन्द्रित हुन थाल्यो। यसपछि प्रतिनिधिमूलक संस्थाहरूको विकास भयो, जहाँ नागरिकले आफ्ना प्रतिनिधि निर्वाचित गरी शासन सञ्चालनका जिम्मेवारी सुम्पन थाले। १८औँ र १९औँ शताब्दीमा मताधिकारको विस्तार, संसद्को संस्थागत विकास तथा राजनीतिक दलहरूको उदयसँगै राजनीतिक दल र मतदाताबिच औपचारिक संवादको आवश्यकता बढ्दै गयो। यही सन्दर्भमा निर्वाचन घोषणापत्रको अवधारणा विकसित भएको हो।

१९औँ शताब्दीदेखि घोषणापत्र लोकतान्त्रिक प्रणालीको नियमित अभ्यासका रूपमा विशेष गरी बेलायतमा संस्थागत भएको मानिन्छ। सन् १८३४ मा रोबर्ट पिलले सार्वजनिक गरेको घोषणापत्र, जसलाई 'टामवर्थ मेनिफेस्टो' भनिन्छ। यसलाई एक ऐतिहासिक घोषणापत्रका रूपमा लिइन्छ। यसले राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचनमार्फत जनतासँग औपचारिक प्रतिबद्धता व्यक्त गर्ने अभ्यासलाई संस्थागत सुरुवात गऱ्यो। त्यस्तै, सन् १८४८ मा कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा लिखित कम्युनिस्ट मेनिफेस्टो निर्वाचन कार्यक्रमसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि राज्य र नागरिकबिचको सम्बन्धको वैचारिक व्याख्या गर्ने एक प्रभावशाली घोषणापत्रका रूपमा स्थापित भएको छ। आजका दिनमा लोकतान्त्रिक प्रणाली भएका लगभग सबैजसो देशमा निर्वाचन घोषणापत्र तथा प्रतिबद्धता राजनीतिक प्रक्रियाको अनिवार्य र महत्त्वपूर्ण अंग बनेको छ।

नेपालका निर्वाचन कानुन तथा अन्य सम्बन्धित कानुनमा पनि राजनीतिक दलको घोषणापत्रसम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ। विशेष गरी निर्वाचन आचारसंहिता, २०८२ अनुसार निर्वाचन प्रचारप्रसार सुरु गर्नुअघि राजनीतिक दल तथा उम्मेदवारले आआफ्नो घोषणापत्र सार्वजनिक गर्नुपर्ने र राजनीतिक दलले निर्वाचन आयोग तथा उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा सो घोषणापत्र दर्ता वा पेस गर्नुपर्ने प्रावधान रहेको छ। साथै, घोषणापत्रमा उल्लिखित विषयको कार्यप्रगति विवरण हरेक वर्ष सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्ने व्यवस्था पनि गरिएको छ, जसले घोषणापत्रलाई केवल चुनावी दस्तावेज मात्र नभई राजनीतिक दलहरूको सार्वजनिक दायित्वका रूपमा स्थापित गरेको छ। त्यस्तै, राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार दल दर्ता गर्दा दलको विधानसँगै घोषणापत्रसमेत पेस गर्नुपर्ने व्यवस्था रहेको छ, जसले घोषणापत्रलाई दलको वैधानिक संरचनाको एक महत्त्वपूर्ण अंगका रूपमा मान्यता दिएको देखिन्छ।

विद्यमान कानुनले निर्वाचन घोषणापत्रबारे स्पष्ट व्यवस्था गरेको भए पनि राजनीतिक दलहरूले घोषणापत्रमा आफ्नो वैचारिक स्पष्टता र कार्यक्रमगत प्रतिबद्धतालाई कस्तो रूपमा प्रस्तुत गर्छन् भन्ने विषय आमचासोको विषय बन्ने गरेको छ। मुलुकका जटिल समस्या समाधान गर्न सक्ने दूरदृष्टियुक्त योजना र स्पष्ट प्रतिबद्धता व्यक्त गर्न दलहरू सैद्धान्तिक रूपमा स्वतन्त्र भए पनि व्यवहारमा उनीहरू मतदाता आकर्षित गर्ने उद्देश्यले लोकप्रिय कार्यक्रममा बढी केन्द्रित हुने प्रवृत्ति देखिन्छ। यस्तो प्रवृत्ति नेपालमा मात्र नभई विश्वका अधिकांश लोकतान्त्रिक देशमा पाइन्छ। उदाहरणका रूपमा, अमेरिकामा बन्दुक नियन्त्रण, इन्डोनेसियाको 'टोबाको' नियन्त्रण, अस्ट्रेलियाको कोइला खानी नियन्त्रणको नीति आवश्यक ठानिए पनि चुनाव प्रचारप्रसारका क्रममा राष्ट्रपति तथा प्रधानमन्त्रीका उम्मेदवारले त्यसबारे स्पष्ट चुनावी प्रतिबद्धता व्यक्त गर्न हिच्किचाउने गरेका छन्, किनकि त्यस्तो प्रतिबद्धताले मतदाताको समर्थन गुम्ने सम्भावना रहन्छ। नेपालमा पनि दलित, जनजातिलगायत विषयमा राजनीतिक दलहरू सचेत रहन्छन्, तर ती विषयलाई स्पष्ट रूपमा उठाउँदा अन्य समुदायको मत गुम्ने आशंका हुने भएकाले घोषणापत्रमा



उति धेरै जोड दिन चाहँदैनन्। त्यस्तै, द्विपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय सन्धि-सम्झौता कार्यान्वयनजस्ता संवेदनशील विषयमा पनि प्रमुख दलहरूले स्पष्ट हुन प्रायः नचाहने गरेका छन्। यद्यपि, सार्वजनिक महत्त्व तथा जनसरोकारका विषयमा प्रतिबद्धता व्यक्त गर्न दलहरू बाध्य हुन्छन्। त्यस्ता प्रतिबद्धताको इमानदारीपूर्वक कार्यान्वयन गरियो भने मुलुकका धेरै समस्या समाधान हुने र विकासले गति लिन सक्ने सम्भावना प्रबल रहन्छ। यसका लागि दलहरूको राजनीतिक इच्छाशक्ति र प्रशासनिक संयन्त्रको पेसागत दक्षता तथा इमानदारी अत्यन्त महत्त्वपूर्ण हुन्छ।

राजनीतिक दलहरूले गरेका प्रतिबद्धताको कार्यान्वयन कति प्रभावकारी हुन्छ भन्ने चुनावमा निर्वाचित हुने व्यक्तिको क्षमता, विधायिकाको भूमिका तथा कार्यपालिकाको नेतृत्वमा निर्भर गर्छ। विधायिकाले घोषणापत्रमा उल्लिखित प्रतिबद्धतालाई कानुनी स्वरूप प्रदान गर्ने भूमिका खेल्छ भने कार्यपालिकाले ती नीतिलाई कार्यक्रम र योजनाका रूपमा कार्यान्वयन गर्छ। साथै, बजेट प्रक्रियामार्फत घोषणापत्रका प्राथमिकताका लागि आवश्यक स्रोत विनियोजन गरिन्छ। यसरी घोषणापत्रलाई शासन सञ्चालनको एक महत्त्वपूर्ण आधारका रूपमा स्थापित गर्न सकिन्छ। जब सरकारले घोषणापत्रमा उल्लिखित प्रतिबद्धतालाई सफलतापूर्वक कार्यान्वयन गर्छ, तब यसले जनविश्वास तथा राजनीतिक वैधतालाई थप सुदृढ बनाउँछ।

सरकारले नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा चुनावी घोषणापत्रमार्फत जनतासँग व्यक्त गरिएका प्रतिबद्धतालाई नै आधार बनाउनु आवश्यक हुन्छ। यसका लागि राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालयलगायतले योजना तथा कार्यक्रम छनोट गर्दा टोल र वडा तहदेखि नै सहभागितामूलक प्रक्रियाबाट प्राथमिकता निर्धारण गर्ने, उपलब्ध प्राकृतिक एवं वित्तीय स्रोतहरूको न्यायोचित वितरण गर्ने र बजेट खर्च गर्ने मार्गदर्शन, कार्यविधि तथा मापदण्ड तयार गरेका छन्, जसको प्रभावकारी कार्यान्वयन गरिनु आवश्यक छ। आयोजना बैंकजस्ता अवधारणा पनि कार्यान्वयनमा आएका छन्, तिनको समुचित उपयोग गरिनुपर्छ। शक्ति, पहुँच र भनसुनभन्दा पनि प्रणाली र पद्धति बसाउन भएका नियम कानुनको उचित कार्यान्वयन गर्नुपर्छ र अपूरा तथा अपुग कानुन निर्माण गर्नुपर्छ। चुनावअघि आमनागरिकसँग घोषणापत्रमार्फत एक प्रकारको प्रतिबद्धता गर्ने र सरकारमा पुगेपछि स्वार्थ समूहको प्रभावमा अर्कै खालको नीति तथा कार्यक्रम ल्याउने र अनुचित तवरले कार्यान्वयन गराउन खोज्ने हो भने त्यस्तो कार्य लोकतान्त्रिक मूल्य र नागरिकप्रतिको जिम्मेवारीविपरीत हुन्छ।

> चुनावअघि आमनागरिकसँग घोषणापत्रमार्फत एक प्रकारको प्रतिबद्धता गर्ने र सरकारमा पुगेपछि स्वार्थ समूहको प्रभावमा अर्कै खालको नीति तथा कार्यक्रम ल्याउने र अनुचित तवरले कार्यान्वयन गराउन खोज्ने हो भने त्यस्तो कार्य लोकतान्त्रिक मूल्य र नागरिकप्रतिको जिम्मेवारीविपरीत हुन्छ

निर्वाचन घोषणापत्रको प्रभावकारी कार्यान्वयनमा कर्मचारीतन्त्रको भूमिका अत्यन्त महत्त्वपूर्ण र निर्णायक हुन्छ। कुनै पनि घोषणापत्रलाई केवल राजनीतिक दस्तावेजमा मात्र सीमित नराखी व्यवहारमा रूपान्तरण गर्ने माध्यम प्रशासनिक संयन्त्र नै हो। दक्ष प्रशासनिक संरचना, व्यावसायिक निजामती सेवा तथा सक्षम र उत्तरदायी संस्थागत व्यवस्थाविना घोषणापत्रमा उल्लेख गरिएका नीति, कार्यक्रम र प्रतिबद्धतालाई व्यवहारमा उतार्न सम्भव हुँदैन। त्यसैले, सरकार गठनपछि राजनीतिक नेतृत्वले प्रशासन संयन्त्रलाई कसरी परिचालन गर्छ, राजनीति र प्रशासनबिचको सम्बन्ध कस्तो रहन्छ र प्रशासनिक प्रणालीलाई कति हदसम्म व्यावसायिक, निष्पक्ष र उत्तरदायी बनाइन्छ भन्ने कुराले घोषणापत्र कार्यान्वयनको प्रभावकारिता निर्धारण गर्छ।

यस सन्दर्भमा सरकारले राजनीतिक पहुँच, शक्ति वा व्यक्तिगत झुकावका आधारमा चलखेल गर्दै अवसरवादमा रमाउने र नेतृत्वको चाकरी गर्ने प्रवृत्तिका कर्मचारीलाई प्रोत्साहन गर्नुको सट्टा निष्ठावान्, इमानदार, व्यावसायिक र क्षमतावान् कर्मचारीको पहिचान गरी तिनलाई जिम्मेवारीपूर्ण रूपमा परिचालन गर्न सक्नुपर्छ। प्रशासनिक संयन्त्रलाई योग्यता, निष्पक्षता र कार्यसम्पादनका आधारमा सञ्चालन गर्न सकेमा मात्र सरकारका नीति तथा कार्यक्रमले वास्तविक रूप लिन सक्छन्।

घोषणापत्रमा उल्लेख गरिएका प्रतिबद्धताको मर्म र उद्देश्यअनुसार नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रशासनले निष्पक्ष ढंगले आवश्यक प्राविधिक, नीतिगत तथा संस्थागत सहयोग पुऱ्याउनुपर्छ। निर्वाचनका क्रममा मतदाता आकर्षित गर्ने उद्देश्यले राजनीतिक दलबाट कतिपय लोकप्रिय तथा महत्त्वाकांक्षी नारासमेत प्रस्तुत गरिएका हुन सक्छन्। तर, त्यस्ता कार्यक्रमलाई संस्थागत गरी कार्यान्वयनमा लैजानुअघि स्रोत, साधन, वित्तीय क्षमता तथा कार्यान्वयन योग्यताको यथार्थ र वस्तुगत मूल्यांकन गरिनु आवश्यक हुन्छ। यथार्थ मूल्यांकनविना कार्यक्रम कार्यान्वयनमा ल्याउने प्रयास गरिएमा कानुनी जटिलता, वित्तीय स्रोतको अभाव तथा संस्थागत क्षमताको सीमितताका कारण कार्यान्वयन प्रक्रियामा अवरोध उत्पन्न हुन सक्छ, जसले सरकारको विश्वसनीयतामा समेत नकारात्मक प्रभाव पार्न सक्छ। यसतर्फ प्रशासन संयन्त्र बढी सचेत र जिम्मेवार बन्नु आवश्यक छ।

यसका साथै, मुलुकको समग्र आर्थिक संरचना, लोकतान्त्रिक मूल्य र मान्यता, अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध तथा सामाजिक सन्तुलनजस्ता संवेदनशील पक्षलाई ध्यानमा राख्दै कर्मचारीतन्त्रले घोषणापत्र कार्यान्वयनमा सचेत, जिम्मेवार र व्यावसायिक भूमिका निर्वाह गर्नुपर्छ। प्रशासनिक संयन्त्र केवल कार्यान्वयनकर्ता मात्र नभई नीतिगत सल्लाहकारको भूमिकामा समेत रहन्छ। त्यसैले, कार्यान्वयनका क्रममा देखिन सक्ने चुनौती, जोखिम तथा सम्भावित प्रभावबारे राजनीतिक नेतृत्वलाई समयमै तथ्यपरक र व्यावहारिक सुझाव प्रदान गर्नु पनि यसको महत्त्वपूर्ण दायित्व हो। सँगसँगै, घोषणापत्र कार्यान्वयनमा आमसञ्चार, नागरिक समाज र उपभोक्ता समूहको चासो र खबरदारी पनि उत्तिकै आवश्यक छ।

अन्ततः लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण, प्रशासनिक क्षमता अभिवृद्धि तथा राजनीतिक जवाफदेहिताको प्रवर्द्धनमार्फत मात्र निर्वाचन घोषणापत्रलाई लोकतान्त्रिक शासनको प्रभावकारी उपकरणका रूपमा स्थापित गर्न सकिन्छ। जनताले अनुभूति गर्न सक्ने गरी कार्यान्वयन गर्न सकेको खण्डमा मात्र लोकतन्त्रको निरन्तर विकाससँगै घोषणापत्रको महत्त्व अझ बढ्दै जानेछ र यसले लोकतान्त्रिक शासनको प्रभावकारिता, वैधता तथा विश्वसनीयतालाई सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ।

(शंकर नेपाल सरकारका उपसचिव हुन्)

---

३ प्रश्न

नेपालका तर्फबाट कुवेतका लागि पूर्वराजदूत **मधुवन पौडेल**लाई



मध्यपूर्वमा देखिएको संकटले नेपालमा कस्तो प्रभाव पार्ला ?

अहिले मध्यपूर्वका देशहरूमा झन्डै १९ लाख नेपाली कार्यरत छन्। सन् १९९० तिर कुवेतमा केही हजार नेपाली कार्यरत थिए। त्यतिखेर इराकले कुवेतमाथि कब्जा जमाउँदा पनि हामीलाई ठुलै प्रभाव परेको थियो। अहिले त त्यहाँका अधिकांश देशमा रोजगारीमा पुगेका नेपालीको संख्या निकै ठुलो छ। भिजिट भिसामा गएका नेपालीको संख्या कति छ, त्यसको यकिन तथ्यांक छैन। त्यसरी भिजिट भिसामा पठाउनै हुँदैनथ्यो। भिजिट भिसामा उता गइसकेपछि रोजगारीमा लागेका नेपाली उता 'रेकर्डेड' भए पनि यता 'रेकर्ड' हुँदैन।

यसले नेपालको वैदेशिक रोजगारीमा कस्तो असर पुऱ्याउला ?

मध्यपूर्वका देशमा कार्यरतमध्ये तल्लो तहका श्रमिकदेखि माथिल्लो तहमा रहेर काम गर्ने नेपाली पनि छन्। त्यसैले, अहिले नै यसबाट यस्तै असर पर्छ भनेर स्पष्ट रूपमा केही भन्न सकिने अवस्था छैन। अहिलेको संकट कति लामो जान्छ, त्यसका आधारमा मात्र यसबारे अनुमान लगाउन सकिन्छ। यो संकट लामो समय रहेन र छिट्टै टुंगियो भने उनीहरूलाई फेरि पनि कामदार आवश्यक पर्छन् नै। त्यस्तोमा उनीहरूले अहिले कार्यरत श्रमिकलाई फिर्ता पठाउँदैनन्। बरु अहिले भएको क्षतिको पुनर्निर्माणका लागि थप कामदारसमेत माग हुन सक्छ। तर, यो समस्या लम्बिँदै गयो भने त्यसले गम्भीर असर पार्न पनि सक्छ। त्यसैले, अहिले नै डराउनैपर्ने अवस्था नभए पनि सतर्क भने हुनुपर्छ।

त्यहाँ कार्यरत नेपालीको सुरक्षाका लागि नेपाल सरकारले के गर्नुपर्ला ?

नेपाल सरकारले 'होस्ट गभर्मेन्ट'सँग संवाद गरेर आफ्ना नागरिकको सुरक्षाका लागि पहल गर्नुपर्छ। सरकार परिआएको अवस्थामा उनीहरूको उद्धार गर्न तयार रहनुपर्छ। तर, त्यस्तो अवस्थामा त्यहाँ कार्यरत ठुलो संख्याका नेपालीको उद्धार गर्न हाम्रो आफ्नो सामर्थ्यले मात्र भ्याउँदैन। त्यसका लागि अन्य मित्रराष्ट्रहरूसित समन्वय गरेर उनीहरूको सहायता लिन सक्नुपर्छ।

प्रेरक प्रसंग

पत्थरको सहनशीलता

एक मन्दिरमा स्थापित प्रस्तर मूर्तिमा चढाइएको एक फूलले आक्रोशित हुँदै पुजारीसित भन्यो– पुजारी महोदय, तपाईं जहिल्यै यस प्रस्तर मूर्तिमा मलाई चढाएर यसको पूजा गर्नुहुन्छ। यस्तो पारा मलाई कत्ति पनि मन पर्दैन। पूजा नै गर्ने हो भने त मेरो पो हुनुपर्ने हो त! किनकि, म कोमल, सुन्दर र सुवासित छु। तपाईं जसको पूजा गरिरहनुभएको छ, त्यो त मात्र एउटा पत्थर हो, पत्थर!

फूलको आक्रोशयुक्त गुनासो सुनिसकेपछि पुजारीले मन्द मुस्कान साथ भने– हे सुन्दर फूल! हो, तिमीले भनेजस्तै तिमी सुन्दर छौ। कोमल छौ। सुवासित छौ। तर, तिमीलाई ईश्वरले नै यस्तो बनाएका हुन्। यी सब गुण तिमीले सहजतासाथ प्राप्त गरेका हौ। यसका लागि तिमीले कुनै श्रम गर्नुपरेन। कठोर प्रहार सहनुपरेन। किनकि, देवत्व प्राप्त गर्न निकै कठिन छ। यो देव प्रतिमा निकै कठिनतापूर्वक निर्माण गरिएको हुन्छ।



एक कठोर पत्थरले देव प्रतिमा बन्न हजारौँ प्रहार सहनुपर्छ। चोट लाग्दैमा कमजोर भई फुटेको भए यो कहिल्यै देव प्रतिमा बनेर यसरी मन्दिरको शोभा बन्न सक्ने थिएन। कुनै कडा पत्थर मूर्तिकारको घन र छिनोको प्रहार सहँदासहँदा जब सुन्दर प्रतिमामा परिणत हुन्छ, तब मात्र उसले मन्दिरमा प्रवेश पाउँछ। मानिसहरूले उसको पूजा-अर्चना गर्छन्। पत्थरको यही सहनशीलताले नै उसलाई देव प्रतिमाका रूपमा पूजनीय तथा वन्दनीय बनाएको हुन्छ। पुजारीको कुरा सुनेपछि फूल मुसुक्क मुस्कुरायो। कठिन परीक्षा सफलतापूर्वक पार गर्न सक्नेले मात्र देवत्व प्राप्त गर्न सक्दो रहेछ भन्ने उसले बुझ्यो।

डिजिटल युगमा मातृभाषा संरक्षणको चुनौती

आजको प्राविधिक युगमा मातृभाषाहरूले ठुलो खतराको सामना गरिरहेका छन् भने मातृभाषाका वक्ताहरू पनि प्रविधिबाट प्रभावित भइरहेका छन्



● डा. केदार कार्की

नेपालजस्तो बहुभाषिक देशमा मातृभाषा संरक्षण चुनौती र अवसर दुवै हो। जनभाषिक सर्वेक्षणअनुसार विगत केही दशकमा संसारभर सयौँ भाषा लोप भइसकेका छन्। भाषासँगै परम्परा, लोककथा, लोकगीत र जीवनको दृष्टिकोण पनि लोप हुन्छ। त्यसैले, शैक्षिक संस्थाहरूमा बहुभाषिक शिक्षालाई प्रवर्द्धन गर्न, स्थानीय साहित्य र लोकसंस्कृतिलाई पाठ्यक्रममा समावेश गर्न र युवालाई आफ्नै भाषामा आफूलाई व्यक्त गर्ने अवसर प्रदान गर्न आवश्यक छ। विश्वव्यापी सम्पर्कका लागि अन्य भाषाहरूको ज्ञान आवश्यक भए पनि यसको अर्थ आफ्नो मातृभाषालाई बेवास्ता गर्नुपर्छ भन्ने होइन। मौलिक सोच र नवीनता मातृभाषा शिक्षामार्फत मात्र सम्भव छ। नेपालको नयाँ शिक्षा नीतिमा मातृभाषामा प्राथमिक शिक्षा प्रदान गर्ने विषय पनि समावेश छ। यो निर्णय वैज्ञानिक रूपमा पनि जायज छ, किनभने जब विद्यार्थीले आफ्नो मातृभाषा सिक्छन्, तिनले जानकारी मात्र अवशोषित गर्दैनन्, यसलाई आत्मसात् पनि गर्छन्।

हाम्रो देशमा मातृभाषाबारे धेरै गलत धारणा छन्। एउटा, अंग्रेजी विकास र ज्ञानको भाषा हो। युनेस्कोलगायत धेरै संस्थाले गरेका अनुसन्धानले बालबालिकाको वास्तविक र समग्र विकासका लागि आफ्नै भाषामा शिक्षा महत्त्वपूर्ण भएको प्रमाणित गरेको छ। यस सन्दर्भमा मातृभाषा शिक्षा पूर्ण रूपमा वैज्ञानिक छ। हामी कसरी युवालाई आफ्नो मातृभाषामा रुचि बढाउन सक्छौँ? पहिलो चरण भनेको भाषाको बोझभन्दा पनि गर्वको स्रोत प्रस्तुत गर्नु हो। जब हामी हाम्रा लेखक, वैज्ञानिक र महापुरुषहरूको उपलब्धिलाई आफ्नो मातृभाषासँग जोड्छौँ, यसले युवामा आत्मसम्मान जागृत गर्छ। दोस्रो चरण भनेको रचनात्मक प्लेटफर्म प्रदान गर्नु हो। कविता पाठ, नाटक, बहस, ब्लग लेखन र डिजिटल सामग्री सिर्जनामार्फत, युवाले आफ्नै भाषा सिर्जना गर्न सक्छन्। तेस्रो चरण परिवारको भूमिका हो। यदि घरमा मातृभाषामा सञ्चार हुन्छ भने बच्चाहरूले प्राकृतिक स्नेह प्राप्त गर्नेछन्। भाषिक विविधताप्रति संवेदनशीलता विकास गर्नु उत्तिकै महत्त्वपूर्ण छ। नेपालमा धेरै भाषा र बोली छन्। प्रत्येक भाषाले जीवनमा एक अद्वितीय दर्शन ल्याउँछ। कुनै पनि भाषालाई 'सानो' वा 'ठुलो' भनेर लेबल गर्नु अनुपयुक्त छ। सबै भाषा उत्तिकै सम्मानजनक छन्। संस्कृत हाम्रो प्राचीन ज्ञान परम्पराको खजाना हो, जबकि अन्य भाषाले आफ्नो सांस्कृतिक सम्पदामार्फत राष्ट्रलाई समृद्ध बनाउँछन्।

आजको प्राविधिक युगमा, मातृभाषाहरूले ठुलो खतराको सामना गरिरहेका छन्। आफ्नो मातृभाषा बोल्नेहरू पनि प्रविधिबाट प्रभावित भइरहेका छन् र लेखन पूर्ण रूपमा प्रविधिमै निर्भर छ। चाहे यो प्रविधिको विशेषता होस् वा कमी, यसले बजार-सञ्चालित दृष्टिकोणबाट आफूलाई विकास गर्छ र यस दृष्टिकोणबाट आफ्ना उत्पादनका लागि अनुसन्धान गर्छ। धेरै मातृभाषा धेरै कम मानिसले बोल्ने वा प्रयोग गर्ने भएकाले, तिनले कमाउने सम्भावना कम छ। प्राविधिक विकासका लागि महत्त्वपूर्ण लगानी आवश्यक पर्ने र मातृभाषाको सानो भागमा राजस्वको सम्भावना कम देखिने भएकाले, प्रविधि तिनको निरन्तर प्रयोगलाई समर्थन गर्न अनिच्छुक देखिन्छ। त्यसकारण, ठुलो संख्याका मातृभाषा लोप हुने अवस्थामा छन्।

मातृभाषा लोप हुनुका अन्य धेरै कारण छन्। भाषाविद्हरूका अनुसार व्यक्तिवादी दर्शन, उपभोक्तावाद, सामाजिक-सांस्कृतिक मूल्यमा परिवर्तन, सहरीकरण, परम्परागत मूल्य-मान्यतामा कमी र रोजगारीको माध्यमका रूपमा भाषाहरूको संख्यामा कमी, सबैले मातृभाषाको ह्रासका लागि योगदान पुऱ्याएका छन्। यसका बाबजुद, केही अपवादबाहेक, केही क्षेत्रमा मातृभाषाप्रति आकर्षण कायमै छ। विश्वभरका शिक्षकहरू मातृभाषामा आधारित शिक्षा समावेशी हुन्छ र यसबाट बालबालिकाको जीवनस्तर सुधार गर्न मद्दत पुग्छ भन्ने विश्वास गर्छन्। यसबाहेक, यसले उनीहरूको सिकाइ प्रक्रियालाई तीव्र बनाउँछ। मातृभाषामा आधारित बहुभाषिक शिक्षाले पनि राम्रो परिणाम दिन्छ। शिक्षाले विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ र मातृभाषामा आधारित शिक्षालाई उत्कृष्ट मानिन्छ, त्यसैले अब मातृभाषा शिक्षामार्फत विकास लक्ष्यहरूको गम्भीरतापूर्वक खोजी हुन थालेको छ। फलस्वरूप, विश्व फेरि एकपटक मातृभाषा शिक्षातर्फ मोडिएको देखिन्छ।

धेरैभन्दा धेरै भाषा लोप हुँदै जाँदा, भाषिक विविधता खतरामा परेको छ। संयुक्त राष्ट्रसंघका अनुसार विश्वको ४० प्रतिशत जनसंख्या उनीहरूले बोल्ने वा बुझ्ने भाषामा शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित छ। स्थानीय समुदायले तिनीहरूमार्फत शिक्षामा पहुँच पाउन सकुन् भन्ने सुनिश्चित गर्न मातृभाषाको संरक्षण गर्नु महत्त्वपूर्ण छ।

डिजिटल युगमा, युवाले आफ्नो मातृभाषामा कम्तीमा एउटा रचनात्मक काम सिर्जना गर्ने प्रतिज्ञा गर्नुपर्छ- चाहे त्यो ब्लग होस्, कथा होस्, गीत होस् वा शैक्षिक भिडियो नै किन होस्। कृत्रिम बुद्धिमत्तामा आधारित अनुवाद उपकरण र भाषा मोडेलहरू प्रयोग गरेर, तिनले आआफ्नो भाषा सामग्री विश्वव्यापी दर्शकका लागि पहुँचयोग्य बनाउन सक्छन्। यसले भाषाको संरक्षण मात्र गर्दैन, तर आर्थिक अवसर पनि बढाउँछ। स्थानीय भाषामा स्टार्टअप, इ-लर्निङ प्लेटफर्म र डिजिटल प्रकाशनले नयाँ रोजगारीका अवसर खोल्न सक्छन्। गत २१ फेब्रुअरीमा मनाइएको अन्तर्राष्ट्रिय मातृभाषा दिवस २०२६ ले हामीलाई यो सन्देश सिकाउँछ कि भाषिक विविधता मानवताको वास्तविक समृद्धि हुनुपर्छ। यदि हामी विकास हासिल गर्न चाहन्छौँ भने समावेशी शिक्षा आवश्यक छ र मातृभाषा समावेशी शिक्षाको केन्द्रविन्दु हुनुपर्छ। बहुभाषिक शिक्षाको समर्थनमा युवाले आवाज उठाएमा मात्र समाजमा व्यापक परिवर्तन सम्भव हुनेछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यात्रा सुरक्षित बनोस्

यतिखेर देशका विभिन्न भूभागमा कार्यरत नेपाली २१ फागुनमा हुने निर्वाचनमा मत दिन आ-आफ्नो थातथलो फर्किरहेका छन्। यतिखेर सवारीसाधनहरूले खचाखच यात्रु ओसारपसार गरिरहेका छन्। तर, यही वेलामा यात्रुको भिडभाड भएकै वेलामा चालकहरू सचेत भइदिएनन् भने धेरैको ज्यानसमेत जान सक्छ। त्यसैले, सुरक्षित यात्राका लागि चालकदेखि यातायात व्यवसायीहरूसमेत सचेत हुनु जरुरी छ। साथै, यतिखेर प्रायः सुरक्षाकर्मीहरू निर्वाचन सुरक्षामा खटिएका हुनाले चालक र व्यवसायीले ट्राफिक नियम उल्लंघन गर्न पनि सक्छन्। यसतर्फ स्थानीय सरकारदेखि राज्यका सबैजसो जिम्मेवार निकायको पनि ध्यान जानु जरुरी छ। जस्तोसुकै अवस्थामा पनि यात्रुहरूको यात्रा सुरक्षित बनोस्, आजको मुख्य आवश्यकता नै त्यही हो।

● **सुलोचना राउत**, कालोपुल, काठमाडौं

नेपालीको सुरक्षामा त्रुटि नहोस्

यतिखेर मध्यपूर्वका देशहरूमा युद्धको कालो बादल मडारिइरहेको छ। अमेरिका र इजरायलले आफूमाथि आक्रमण गरेपछि इरानले जवाफी कारबाहीका क्रममा मध्यपूर्वका देशहरूमा रहेका अमेरिकी सुरक्षा बेसहरूमा आक्रमण गर्दा ती देशमा कार्यरत नेपालीको जीवनसमेत असुरक्षित भएको छ। यस्तो अवस्थामा त्यहाँ कार्यरत नेपालीलाई फिर्ता ल्याउने या त्यहीँ सुरक्षित बस्ने व्यवस्था मिलाउनेतर्फ नेपाल सरकारले अविलम्ब ध्यान दिनु जरुरी देखिन्छ। नेपालीको सुरक्षामा कुनै त्रुटि नहोस्।

● **कमल कार्की**, पुल्चोक, ललितपुर

दमकलको क्षमता कति छ ?

मंगलबार ललितपुरको पुल्चोकस्थित एक रेस्टुरेन्टमा आगलागी भयो। अग्लो घरको छतमा रहेको सो रेस्टुरेन्टमा लागेको आगो समयमै नियन्त्रणमा लिन नसक्दा रेस्टुरेन्ट पूरै सखाप भयो। यस्तै अन्यत्र पनि आगलागी हुँदा हाम्रो दमकल समयमै पुग्न नसक्ने, पुगे पनि आगो नियन्त्रणमा लिन नसक्नेजस्ता समस्या प्रायः दोहोरिइरहन्छन्। यहाँनिर एउटा प्रश्न गर्न मन लाग्यो– हाम्रा दमकलहरूको क्षमता कति छ ? यिनले कति तलासम्मको आगो निभाउन सक्छन् ?

● **गोविन्द श्रेष्ठ**, पाटन, ललितपुर

स्वदेशमै रोजगारी कहिले ?

श्रम गर्न विदेश गएका नेपालीले स्वदेशमै रोजगारी कहिले पाउने ? कुनै अमुक देशहरू युद्ध लड्छन्, ज्यान नेपाली श्रमिकको जान्छ। त्रसित पनि नेपाली श्रमिक नै हुनुपर्छ। यो पीडा कहिलेसम्म सहनुपर्ने हो हामीले ? अहिले इरान र अमेरिकाबिचको युद्धले रोजगारीका लागि विदेश गएका नेपाली श्रमिक त्रसित छन्। कति वेला के हुने हो, थाहा छैन। यता परिवारजनमा चिन्तैचिन्ता छ। देश विकास गर्छु भनेर आएका दल र नेताहरूले तिनै श्रमिकले पठाएको रेमिट्न्यासबाट देश चलाउँछन्, तर तिनीहरूप्रति कहिल्यै सकारात्मक सोच राख्दैनन्।

स्वदेशमै रोजगारी पाइने भए यसरी परिवार छाडेर कोही पनि बिदेसिने थिएनन्। मैले यसो गर्छु उसो गर्छु भन्नेहरूले हिजो देशमा भएका उद्योगधन्दा, कलकारखाना बन्द गरे। देशभित्र रोजगारीको अभाव हुँदा धेरै नेपाली रोजीरोटीका लागि भारतलगायत खाडी मुलुक पुगेका छन्। कहिलेसम्म यसरी रोजगारीका लागि विदेश जानुपर्ने हो ? अचम्म के छ भने हाम्रै देशमा उद्योगधन्दा खोल्नुपर्छ भन्ने नेतृत्वको सोच छैन। विदेशसँग श्रम सम्झौता गरेर युवालाई विदेश पठाउँछन्। परिवार सँगसँगै बस्न नपाउने पीडा नेताहरूले कहिले बुझ्लान् ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

इरान युद्धले छायामा अफगान–पाकिस्तान द्वन्द्व

सैन्य शक्तिको हिसाबमा तालिबान पाकिस्तानभन्दा कमजोर भए पनि युद्ध लम्बिँदै जाँदा पाकिस्तानले अफगानिस्तानभित्रै सेना उतार्ने गल्ती गरे तालिबान पक्ष हाबी हुन सक्छ। दशकौँको छापामार युद्धको अनुभवको कारण नै तिनले अमेरिकाजस्तो शक्तिराष्ट्रलाई शिथिल बनाउन सकेका थिए।



● मनोज जोशी

मनोज जोशी दिल्लीको 'अब्जर्भर रिसर्च फाउन्डेसन'का प्रतिष्ठित फेलो हुन्।

अमेरिका र इरानबिच युद्ध चर्किँदै जाँदा, पाकिस्तान र अफगानिस्तानबिचको द्वन्द्व भने अहिले ओझेलमा परेको छ। उसो त दुई देशको सीमाक्षेत्रमा छिटपुट झडप पहिलेदेखि भइरहेको थियो। तर, फेब्रुअरी २१ मा इस्लामाबादले अफगानिस्तानसँग 'खुला युद्ध'मा रहेको बताएपछि दुईबिचको तनावले युद्धको रूप लिएको हो। खुला युद्धको घोषणापछि पाकिस्तानले सीमापार अफगान भूमिमा हवाई बमबारी गरिरहेको छ। जवाफमा अफगान तालिबानले सीमानजिकमा पाकिस्तानी क्षेत्रमाथि निसाना बनाइरहेको छ। पाकिस्तानले अफगानिस्तानविरुद्धको सैन्य अभियानलाई 'घजब लिल हक' नाम दिएको छ।

सैन्य हिसाबले, पाकिस्तान अफगानिस्तानभन्दा धेरै शक्तिशाली छ। इस्लामाबादसँग पाँच लाख जनसंख्याको बलियो सेना र वायुसेना छ, जो अत्याधुनिक हातहतियारले सुसज्जित छन्। उता तालिबानको सेनासँग सैन्य उपकरणको नाममा केही हेलिकोप्टर, बख्तरबन्द सवारीसाधन र हाते हतियार मात्र छन्।

पाकिस्तान-अफगानिस्तान सम्बन्धको लामो इतिहास छ। सोभियत संघ अफगानिस्तान प्रवेश गरेपछि सोभियत सेनाविरुद्ध जिहाद सुरु गर्न संयुक्त राज्य अमेरिकाले पश्चिम र दक्षिण एसियाका इस्लामभित्रका प्रतिक्रियावादी शक्तिहरूलाई संगठित गरेको थियो। त्यस अभियान मुख्य भूमिका निभाएको थियो, पाकिस्तानले। इस्लामाबादले अमेरिका र यसका सहयोगीबाट हतियार लिने र भण्डारण गर्नेदेखि विशाल संख्यामा पख्तुन जातिलाई तालिम दिनेसम्मका कामको संयोजन गरेको थियो। तालिम दिएकालाई हतियार थमाएर मस्को समर्थित अफगान सेनाहरूसँग लड्न अफगानिस्तान पठाउने काम पनि पाकिस्तानी सीमाबाटै हुन्थ्यो।

सोभियत सेनाको हार र फिर्तीपछि, युद्ध समाप्त भयो। बलियो शक्ति बाहिरिएपछि ऊविरुद्ध जिहाद लड्न खडा गरिएका विभिन्न समूह नै एक-अर्काबिच द्वन्द्व सुरु भयो। यसै अन्तरकलहबिच सन् १९९४ मा, पाकिस्तान र अमेरिकाको समेत साथसहयोगमा तालिबानको गठन भयो। सुरुमा तालिबानमा मुख्यतया पाकिस्तान र अफगानिस्तानका विभिन्न मदरसामा इस्लामिक धर्मशास्त्रका विद्यार्थी सम्मिलित थिए। तिनको नेतृत्व गरेका थिए एक आँखा गुमाएका मुल्लाह ओमरले। उनको नेतृत्व प्रभाशाली साबित हुँदा उनले तालिबान समूहमा ठुलो संख्यामा पस्तुन लडाकुहरूलाई गोलबन्द गर्न सक्षम भए। सन् १९९६ मा जिहादी समूहबिचको गृहयुद्धमा तालिबान विजयी भयो। लगत्तै समूहले कान्दाहार सहरलाई केन्द्र बनाएर 'इस्लामिक इमिरेट्स'को घोषणा गऱ्यो।

सन् १९९६-२००१ बिचको आफ्नो पहिलो शासनकालमा, तालिबानले सरियाको कठोर व्याख्यासहित शासन चलाए। त्यस अवधिमा देशका अल्पसंख्यकविरुद्ध कठोर भेदभाव भएको देखियो। महिलाहरूलाई विद्यालय जान प्रतिबन्ध लगाइयो। सांस्कृतिक कलाकृति नष्ट गरियो। तिनले ओसामा बिन लादेन र उनको समूह अल कायदालाई देशभित्र स्थापित गर्न अनुमति दिए। तिनै बिन लादेनले सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकाका विभिन्न स्थानमा आक्रमण गरेपछि वासिङटनले बिन लादेनलाई शरण दिने अफगानिस्तानमाथि युद्ध सुरु गऱ्यो।

अमेरिकाको आक्रमणमा सहजै सत्ताच्युत भएको तालिबान प्रतिरोधमा भने बलियो देखियो। उसले अमेरिकाले थापना गरेको नयाँ राज्यविरुद्ध लामो छापामार युद्ध गरे। र, अन्ततः अगस्ट २०२१ मा अमेरिका बाहिरिएकै दिन पुनः राज्यसत्ता कब्जामा लिए। यसपटक तालिबानको नेतृत्व गरिरहेका थिए, मुल्लाह ओमरका उत्तराधिकारी हिबतुल्लाह अखुन्दजादा।

अमेरिकाविरुद्धको प्रतिरोध संघर्ष र अन्ततः पुनः सत्ता फिर्तीमा तालिबानलाई पाकिस्तानको ठुलो सहयोग रह्यो। जस्तो, सन् २००२-२०२१ को बिचमा तालिबानको निर्वासित सरकार नै क्वेटाबा सञ्चालन भएको थियो। सहयोग केवल आश्रयका रूपमा मात्र सीमित थिएन। पाकिस्तानी सैन्य अधिकारी आफैँ तालिबानले गर्ने आक्रमणको योजना, तालिम र रसदमा सहभागी हुने गरेको पछिका सूचनाले देखाउँछ।

पाकिस्तानले एकातर्फ आतंकवादविरुद्धको विश्वव्यापी



युद्धमा अमेरिकालाई समर्थन गरेको थियो। त्यसक्रममा पाकिस्तानले अमेरिका र नेटो फौजलाई लजिस्टिक सहयोगदेखि गुप्तचर सूचनासमेत साझा गरेको थियो। तर, सगँसँगै गुप्त रूपमा, पाकिस्तानले 'क्वेटा सुरा' र 'हक्कानी नेटवर्क'लाई पनि समर्थन गरिरहेको थियो। पाकिस्तानको विश्वास थियो कि आफ्नो प्रमुख शत्रु देश भारतविरुद्ध 'रणनीतिक गहिराइ' निर्माण गर्न र काबुलमा सर्धै पाकिस्ताननजिकको सरकार सुनिश्चित यो दुई रणनीति आवश्यक थियो।

> पाकिस्तानले तालिबानलाई आफ्नो देशमा सक्रिय सशस्त्र समूह टिटिपीलाई सघाएको आरोप लगाउन थालेपछि दुई देशबिच बिग्रिएको सम्बन्ध चुलिँदै अहिलेको अवस्थामा आएको हो

सन् २०१८ सम्ममा अमेरिकाले अफगानिस्तानबाट बाहिरिन खोजेको कुरा स्पष्ट भएपछि, पाकिस्तानले आफ्नो भूमिका गोप्य समर्थकबाट कूटनीतिक सहजकर्तामा बदल्यो। त्यसक्रममा उसले कतारमा तालिबानलाई वार्ताको टेबलमा ल्याउन र अमेरिका र तालिबानबिच भएको दोहा सम्झौतासम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको थियो। पाकिस्तानीहरू विश्वास गर्थे कि काबुलमा शक्ति बाँडफाँट सम्झौतामा तालिबानलाई समावेश गरेर अफगानिस्तानमा उनको प्रभाव बढ्नेछ। तर, घानी सरकारको पतनसँगै काबुलमा पाकिस्तानले सोचेभन्दा उक्त कदम अघि बढेर तालिबानको एकल सरकार बन्यो। तालिबानले काबुल कब्जा गर्दा इस्लामाबादमा धेरै हदसम्म उत्सवमय माहोल थियो। तत्कालीन पाकिस्तानी प्रधानमन्त्री इमरान खानले अफगानहरूले 'दासत्वको बन्धन तोडेका' प्रतिक्रिया दिएका थिए।

पाकिस्तानले तालिबान शासन विश्वबाट एक्लिनबाट रोक्न सुरुमा ठुलो कूटनीतिक अभियान चलाएको थियो। विशेषतः काबुल आर्थिक पतन रोक्न इस्लामाबादले पश्चिमी देशलाई तिनको बैंकमा रहेका अफगान सम्पत्ति नरोक्न उसले लामो समय आग्रह गऱ्यो। त्यस्तै, अफगानिस्तानमा आउने मानवीय सहायता नरोक्न पनि उसले पश्चिमलाई मनाउने प्रयास गऱ्यो। सुरुवाती दिनमा पाकिस्तानले आफ्नो ध्यान भू-रणनीतिकबाट 'भू-आर्थिक' प्रतिमानमा स्थानातरण गरेको थियो। तालिबान नेतृत्वको स्थिर अफगानिस्तानले मध्यएसियासँगको आफ्नो व्यापारलाई सहज बनाउने उसको विचार थियो।

त्यस अवधिमा इस्लामाबादले आफ्नो देशमा सक्रिय पख्तुन विद्रोही समूह 'तहरिक-ए-तालिबान पाकिस्तान(टिटिपी)'लाई हतियार त्याग्न मनाउन तालिबानको सहयोग खोजेको थियो। पाकिस्तानको चाहनाअनुरूप तालिबानले पाकिस्तान र टिटिपीबिच मध्यस्थकर्ता पनि गऱ्यो। त्यसैको प्रतिफलस्वरूप नोभेम्बर २०२१ मा एक महिनाको अस्थायी युद्धविराम भयो। फेरि, मे २०२२ मा अर्को युद्धविराम भएको थियो। तर, समयसँगै अफगान तालिबानले आफ्नो वैचारिक र जातीय पंक्तिबद्धताको कारण टिटिपीलाई दबाब दिइरहन अनिच्छुक भए।

त्यसै समयतिर पाकिस्तानले पनि अफगान तालिबानलाई टिटिपीलाई सघाएको र अफगानमा तालिम दिनेलगायत संगठित हुने वातावरण बनाएको आरोप लगाउन थाल्यो। तालिबानले टिटिपीलाई आश्रय दिएको आरोप अस्वीकार गर्दै सो समूहले चलाएको विद्रोह पाकिस्तानको घरेलु मुद्दा भएको जोड दिन थाल्यो। तर, पाकिस्तानले निरन्तर टिटिपीको लुक्ने अफगान ठेगानामाथि कारबाही गर्न माग गरिरह्यो। यसले दुई देशबिचको सम्बन्ध तिक्त बन्दै गयो।

सैन्यशक्तिको हिसाबमा तालिबान पाकिस्तानभन्दा कमजोर भए पनि युद्ध लम्बिँदै जाँदा पाकिस्तानले अफगानिस्तानभित्रै सेना उतार्ने गल्ती गरे तालिबान पक्ष हाबी हुन सक्छन्। दशकौँको छापामार युद्धको अनुभवको कारण नै तिनले अमेरिकाजस्तो शक्तिराष्ट्रलाई शिथिल बनाउन सकेका थिए। अहिलेसम्मको अवस्थामा युद्ध सीमित छ। तर, यदि यसलाई रोकिएन भने यो पूर्ण युद्धमा परिणत हुन सक्छ।

कतारजस्ता देशको प्रयासका बाबजुद, दुई पक्षबिच मध्यस्थतामा कठिनाइ देखिएको छ। दुई देशबिचको विवादको सबैभन्दा ठुलो विषय डुरान्ड रेखा नै रहेको छ। ब्रिटिसकालमा खिचिएको यस सिमानालाई अफगानिस्तानले अझै स्विकारेको छैन। यस कृत्रिम सिमानाले अफगानिस्तानका मूलजाति पख्तुनलाई दुई देशमा बाढेको अफगानिस्तानको लामो समयको तर्क रहने गरेको छ। सीमाको दुवै भागमा पख्तुन जातिहरूको उपस्थितिले प्रभावकारी राजनीतिक र सामाजिक सीमांकन निकै कठिन देखिन्छ।

– द वायरबाट

'स्ट्रेट अफ होर्मुज' बन्द, विश्व तेल बजार प्रभावित

अमेरिका–इजरायलले इरानमाथिको हमला र खाडी देशमा तेहरानको प्रत्याक्रमणपछि तेलको मूल्यमा भएको वृद्धिले चीन, भारत र धेरै दक्षिणपूर्वी एसियाली देशहरूलाई गर्नेछ असर

शनिबार इरानमाथि अमेरिका-इजरायली आक्रमणपछि तेहरानले तीव्र प्रतिशोधात्मक प्रत्याक्रमण गर्दै आएको छ। इरानले चार दिनदेखि इजरायल, कतार, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन, जोर्डन, साउदी अरेबिया, इराक र ओमानलगायत मध्यपूर्वका धेरै देशहरूमा रहेका अमेरिकी आधारलाई लक्षित गरेको छ। इरानी अधिकारीहरूले विश्वको सबैभन्दा महत्त्वपूर्ण समुद्री मार्गमध्ये एक होर्मुजको जलडमरु (स्ट्रेट अफ होर्मुज) बन्द गर्ने संकेत गरेपछि विश्लेषकहरूले विश्वव्यापी तेलको मूल्यमा वृद्धि हुने चेतावनी दिइरहेका छन्।

युरोपेली संघका एक अधिकारीले रोयटर्स समाचार एजेन्सीलाई बताएअनुसार जलडमरु पार गर्ने जहाजहरूले इरानको विशिष्ट इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरसिजी)बाट 'कुनै पनि अनुमति छैन' भन्ने सन्देश प्राप्त गरिरहेका छन्। यद्यपि, इरानले आधिकारिक रूपमा जलडमरु बन्द गरिनसकेको इयू अधिकारीको भनाइ छ। तर, अधिकांश ट्यांकर मालिकहरूले जारी द्वन्द्वको बिचमा जलडमरुबाट तेल र ग्यास ढुवानी स्थगित गरेका छन्।

'हाम्रा जहाजहरू धेरै दिनसम्म रोकिनेछन्,' एक प्रमुख व्यापारिक डेस्कका एक शीर्ष कार्यकारीको भनाइ उद्धृत गर्दै रोयटर्सले लेखेको छ। ग्रिसजस्ता देशहरूले पनि आफ्ना जहाजहरूलाई जलमार्गबाट पारवहन नगर्न सुझाएका छन्। यो महत्त्वपूर्ण समुद्री मार्गमा कुनै पनि अस्थिरताले विश्वव्यापी आर्थिक स्थिरतालाई खलबल्याउन सक्छ। त्यसोभए हर्मुज जलडमरु के हो ? र, यो बन्द हुँदा तेलको मूल्यलाई कसरी असर गर्नेछ ?





● प्रियंका शंकर

शंकर प्रेस स्वतन्त्रता, मानव अधिकार, अन्तर्राष्ट्रिय राजनीति विषयमा केन्द्रित भएर लेख्छिन्।

कहाँ पर्छ स्ट्रेट अफ होर्मुज ?

स्ट्रेट अफ होर्मुज एकातिर ओमान र युएई र अर्कोतिर इरानको बिचमा पर्ने महत्त्वपूर्ण पारवहनमार्ग हो। यसले अरबी खाडीलाई ओमानको खाडी र त्यसभन्दा पर अरब सागरसँग जोड्छ। यो यसको सबैभन्दा साँघुरो विन्दुमा ३३ किलोमिटर (२१ माइल) चौडा छ, दुवै दिशामा ढुवानी लेन केवल तीन किलोमिटर (दुई माइल) चौडा छ, जसका कारण आक्रमणको जोखिममा छ। साँघुरो चौडाइको बाबजुद यो पारवहन मार्गले विश्वको सबैभन्दा ठुलो कच्चा तेलवाहकहरूलाई समायोजन गर्दछ। मध्यपूर्वका प्रमुख तेल र ग्यास निर्यातकर्ताहरू अन्तर्राष्ट्रिय बजारमा आपूर्ति गर्न र आयातकर्ता राष्ट्र यही मार्गमा निर्भर छन्।

यो पारवहन मार्ग भएर कति तेल र ग्यास बाहिर जान्छ ?

अमेरिकी ऊर्जा सूचना प्रशासन (इआइए)का अनुसार २०२४ मा हरेक दिन लगभग ५०० अर्ब डलरबराबरको लगभग २० मिलियन ब्यारेल तेल (वार्षिक विश्वव्यापी ऊर्जा व्यापारमा) स्ट्रेट अफ होर्मुज हुँदै पारवहन भएको थियो। यहाँबाट पारवाहन हुने कच्चा तेल इरान, इराक, कुवेत, कतार, साउदी अरेबिया र युएईबाट आउँछ। तरल प्राकृतिक ग्यास (एलएनजी) व्यापारमा पनि यो मार्गले महत्त्वपूर्ण भूमिका खेल्छ। इआइएका अनुसार, २०२४ मा, विश्वव्यापी एलएनजी ढुवानीको पाँच भागको एक भाग यस करिडोरबाट सरेको थियो, जसमध्ये कतारले ती परिमाणको ठुलो हिस्सा ओगटेको थियो।

यो स्ट्रेट अफ होर्मुजले तेल र ग्यास निर्यात र आयात दुवै ह्यान्डल गर्छ। संयुक्त राज्य अमेरिका र पश्चिम अफ्रिकाबाट ढुवानीसहित कुवेत र युएईले खाडीबाहिरबाट प्राप्त हुने आयात आपूर्ति गर्छ। इआइएले अनुमान गरेको छ कि २०२४ मा यो मार्गबाट ट्रान्जिट गर्ने ८४ प्रतिशत कच्चा तेल एसियाली बजारमा पुग्यो। ग्यास व्यापारमा पनि यस्तै ढाँचा देखिन्छ, ८३ प्रतिशत एलएनजी मात्रा स्ट्रेट अफ होर्मुज हुँदै एसियाली गन्तव्यमा पुग्छ। गत वर्ष चीन, भारत, जापान र दक्षिण कोरियाले सबै कच्चा तेल प्रवाहको संयुक्त ६९ प्रतिशत उपभोगका लागि जिम्मेवार थिए। तिनीहरूका कारखाना, यातायात नेटवर्क र पावर ग्रिड निर्बाध खाडी ऊर्जामा निर्भर छन्। पछिल्लो द्वन्द्वसँगै तेलको मूल्यमा भएको वृद्धिले चीन, भारत र धेरै दक्षिणपूर्वी एसियाली देशहरूलाई असर गर्नेछ।

इरानी सरकारी सञ्चारमाध्यमका अनुसार जलडमरुबाट बन्द गर्ने अन्तिम निर्णय देशको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले गर्नुपर्छ र यसलाई सरकारले अनुमोदन गर्नुपर्छ। तर, विश्वको सबैभन्दा ठुलो तेल र ग्यास भण्डार भएको यस क्षेत्रमा बढ्दो तनावका कारण हालैका हप्तामा ऊर्जा व्यापारीले उच्च सावधानी अपनाएका छन्। शनिबार युद्ध सुरु भएदेखि, जलडमरुबाट जहाजको यातायातमा तीव्र गिरावट आएको केप्लरका वरिष्ठ कच्चा तेल विश्लेषक मुयु जुले बताइन्। 'युद्धपछि ओमानको खाडी र अन्य खाडीमा दुवैतिर निष्क्रिय जहाजको संख्या बढेको छ, किनकि जहाज मालिकहरू तेहरानबाट बन्दको चेतावनीपछि समुद्री सुरक्षा जोखिमको बारेमा बढ्दो रूपमा चिन्तित छन्,' उनले भनिन्। 'होर्मुजको जलडमरु विश्वव्यापी ऊर्जा बजारका लागि महत्त्वपूर्ण छ, किनकि विश्वको समुद्री कच्चा तेलको लगभग ३० प्रतिशत जलमार्गबाट पार हुन्छ।

'यसका साथै, विश्वव्यापी जेट इन्धनको लगभग २० प्रतिशत र पेट्रोल र नाफ्थाको लगभग १६ प्रतिशत प्रवाह पनि स्ट्रेटबाटै जान्छ,' मुयुले भनिन्, 'आइतबार ओमानको तटमा एउटा तेल ट्यांकरमा प्रहार भएको थियो, जसले द्वन्द्वको स्पष्ट वृद्धि र विशुद्ध सैन्य सुविधाबाट ऊर्जा सम्पत्तिमा लक्ष्यहरू परिवर्तनको संकेत गर्दछ।' दुवानी तथ्यांकले देखाएको छ कि कच्चा तेल र तरल प्राकृतिक ग्यास जहाजसहित कम्तीमा १५० ट्यांकर हर्मुज स्ट्रेटभन्दा बाहिर रोकिएका छन्।

मरिनट्राफिक प्लाटफर्मबाट जहाज-ट्र्याकिङ डेटामा आधारित रोयटर्स समाचार एजेन्सीको अनुमानअनुसार ट्यांकर इराक र साउदी अरेबियालगायत प्रमुख खाडी तेल उत्पादकहरूको तटबाट खुला पानीमा जम्मा भएका थिए। यसबाहेक आइतबार, युनाइटेड किङडम मेरिटाइम ट्रेड अपरेसन्स (युकेएमटिओ)ले स्ट्रेटमा 'महत्त्वपूर्ण सैन्य गतिविधि'बारे सचेत रहेको बताएको छ।

केप्लरका मुयुका अनुसार ऊर्जा पूर्वाधारको एक विस्तृत दायरा अहिले खतरामा छ। 'यसले तेलको मूल्यवृद्धिलाई तीव्रगतिमा वृद्धि गर्ने अपेक्षा गरिएको छ र मूल्य निरन्तर बढाउनेछ, सम्भवतः गत जुनको द्वन्द्वको तुलनामा अझै लामो समयसम्म।' अन्तर्राष्ट्रिय संकट समूहका इरान परियोजनाका निर्देशक अली वैजले अलजजिरालाई भने, 'हर्मुज जलडमरु बन्द हुँदा विश्वव्यापी रूपमा व्यापार हुने तेलको लगभग पाँच भागको एक भाग रातारात अवरोध हुनेछ र मूल्य सामान्य रूपमा बढ्ने मात्र छैनन् बरु डरलाग्दो तरिकाले आकासिने छ।

'यो झट्का ऊर्जा बजारभन्दा धेरै टाढासम्म प्रतिध्वनित हुनेछ, वित्तीय अवस्था कठोर हुनेछ मुद्रास्फीति बढाउनेछ र कमजोर अर्थतन्त्रलाई केही हप्तामै मन्दीको नजिक धकेल्नेछ,' उनले थपे। अमेरिका र इजरायलले गत जुनमा इरानमाथि बम विस्फोट गराउँदा पनि उक्त क्षेत्रमा समुद्री गतिविधिमा प्रत्यक्ष अवरोध आएको थिएन।

विश्व अर्थतन्त्रमा यो मार्गले के अर्थ राख्छ ?

होर्मुज हुँदै ऊर्जा प्रवाहमा हुने कुनै पनि अवरोधले विश्व अर्थतन्त्रलाई पनि असर गर्नेछ, जसले गर्दा इन्धन र कारखानाको लागत बढ्नेछ। बेलायतस्थित फर्म क्यापिटल इकोनोमिक्सका जलवायु तथा वस्तु अर्थशास्त्री हमाद हुसेनको भनाइमा विश्वव्यापी अर्थतन्त्रका लागि तेलको मूल्यमा निरन्तर वृद्धिले मुद्रास्फीतिमा चरम दबाब थप्नेछ। 'यदि कच्चा तेलको मूल्य प्रतिब्यारेल ४१०० सम्म बढ्यो र केही समयका लागि त्यो स्तरमा रह्यो भने यसले विश्वव्यापी मुद्रास्फीतिमा ०.६-०.७ प्रतिशत थप्न सक्छ,' उनले भने, यसले प्राकृतिक ग्यासको मूल्यमा पनि वृद्धि निम्त्याउनेछ।

'यसले प्रमुख केन्द्रीय बैंकद्वारा मौद्रिक सहजीकरणको गतिलाई सुस्त बनाउन सक्छ, विशेषगरी उदीयमान बजारहरूमा, जहाँ नीति-निर्माता वस्तुको मूल्यमा हुने परिवर्तनप्रति बढी संवेदनशील हुन्छन्,' हुसेनले थपे।

-अलजजिराबाट

इतिहासमा आज

मार्च ४



● **सन् १७८९** : संयुक्त राज्य अमेरिकाको कंग्रेसको पहिलो बैठक न्युयोर्कस्थित फेडरल हलमा बस्यो। योसँगै देशको संविधान कार्यान्वनमा आएको घोषित गरियो।

● **सन् १७९०** : फ्रान्सले देशलाई ८३ डिपार्टमेन्टमा विभाजित गऱ्यो, जसले देशलाई एक गर्न भूमिका खेलेको थियो।

● **सन् १७९१** : भरमोन्ट अमेरिकाको १४औँ राज्य बन्यो। यो ब्रिटिस शासनविरुद्ध लडेर स्वतन्त्र भएर 'संयुक्त राज्य अमेरिका' बनेका प्रारम्भिक १३ राज्यपछि संघमा जोडिने पहिलो नयाँ राज्य थियो।

● **सन् १८०१** : अमेरिकाका तेस्रा राष्ट्रपति थोमस जेफरसनले पहिलोपटक नवघोषित राजधानी वासिङटन डिसीमा शपथ लिए। उनीअघिका दुई राष्ट्रपतिले फिलाडेल्फियामा शपथ लिएका थिए।

● **सन् १८६१** : 'युनाइटेड स्टेट्स अफ अमेरिका(युएसए)'बाट अलग भएको 'कन्फडरेट स्टेट्स अफ अमेरिका(सिएसए)'ले अलग राष्ट्रिय झन्डा अंगीकार गऱ्यो।

● **सन् १९२९** : मेक्सिकोमा एकअर्कासँग लडिरहेका नेतालाई मिलाउँदै 'नेसनल रिभोलुस्नरी पार्टी(पिएनआर)' स्थापना भयो, जुन पार्टी लगातार सन् २००० सम्म ७१ वर्ष सत्तामा रह्यो।

● **सन् १९५७** : स्वतन्त्रताको दुई दिनअघि ब्रिटिस उपनिवेश 'गोल्ड कोस्ट'ले आफ्नो नाम घानामा बदल्यो।

● **सन् १९७९** : अमेरिकी अन्तरिक्षयान 'भोयाजर प्रथम'ले वृहस्पतिको विशाल घेराको पहिलो फोटो खिच्यो।

● **सन् १९८७** : इरानमा बन्धक बनाइएका नागरिक रिहा गर्न हतियार दिने सम्झौताको खुलासा भएपछि अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले राष्ट्रको नाममा सम्बोधन गर्दै यस प्रकरणमा सरकारको संलग्नता स्वीकार गरे।

● **सन् २००७** : इस्टोनियाले संसदीय निर्वाचनमा इलोक्ट्रोनिक भोटिङ प्रणाली प्रयोगमा ल्याउने पहिलो देश बन्यो।

● **सन् २००९** : इन्टरनेसनल क्रिमिनल कोर्टले सुडानका राष्ट्रपति ओमर अल-बसिरविरुद्ध पक्राउ पुर्जी जारी गऱ्यो, जुन सत्तासीन राष्ट्रप्रमुखविरुद्ध जारी यस्तो पहिलो पक्राउ पुर्जी थियो।

● **सन् २०२४** : फ्रान्स गर्भपतनलाई संवैधानिक अधिकारको मान्यता प्रदान गर्ने विश्वको पहिलो देश बन्यो।

आफ्ना नागरिकलाई मध्यपूर्व तुरुन्तै छोड्न अमेरिकाको आग्रह

वासिङटन डिसी/ इरानविरुद्ध अमेरिका-इजरायली आक्रमण बढ्दै जाँदा अमेरिकी विदेश मन्त्रालयले सबै अमेरिकी नागरिकहरूलाई मध्यपूर्वका एक दर्जनभन्दा बढी देश तुरुन्तै छोड्न आग्रह गरेको छ। पछिल्लो चेतावनी सोमबार जारी गरिएको हो, जसमा बहराइन, इजिप्ट, इरान, इराक, इजरायल, नियन्त्रित पश्चिम किनार र गाजा, जोर्डन, कुवेत, लेबनान, ओमान, कतार, साउदी अरब, सिरिया, संयुक्त अरब इमिरेट्स र यमनमा लागू हुन्छ।

सामाजिक सञ्जाल एक्समा पोस्ट गरिएको एक विज्ञप्तिमा, विदेश मन्त्रालयका कन्सुलर मामिलाका सहायक सचिव मोरा नामदारले 'अमेरिकी नागरिकहरूले "गम्भीर सुरक्षा जोखिमका कारण' सूचीबद्ध देशहरूबाट 'टाढा' रहन आग्रह गरेका छन्। जोर्डनको अम्मानस्थित अमेरिकी दूतावासले सोमबार नै कर्मचारीहरूले 'धम्कीका कारण' कूटनीतिकस्थल छाडेको जानकारी गराएको छ।

शनिबार, अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेर देशका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीसहित धेरै शीर्ष अधिकारीहरू मारिएपछि अहिले मध्यपूर्व तनावमा छ। बदलामा तेहरानले यस क्षेत्रभर रहेका अमेरिकी सम्पत्तिलाई निसाना बनाइरहेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार नै द्वन्द्व चारदेखि पाँच हप्ता लम्बिन सक्ने अनुमान गरेका छन्। तथापि, यो युद्ध लामो समय लम्बिने विश्लेषकहरूले चिन्ता गरेका छन्।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २० फागुन ०८२

मध्यपूर्वको तनावले अर्थतन्त्रका सबै क्षेत्रमा असर

१६ देशमा बढिरहेको तनावले नेपालको पर्यटन, वैदेशिक रोजगार, व्यापार, रेमिट्यान्स र पेट्रोलियम क्षेत्र प्रत्यक्ष प्रभावित हुने

पवन तिमिल्सिना, मिलन विश्वकर्मा/नयाँ पत्रिका

अमेरिका-इजरायल र इरानबिचको युद्धका कारण मध्यपूर्वका १६ देशमा बढिरहेको तनावले नेपालको पर्यटन, वैदेशिक रोजगार, व्यापार, रेमिट्यान्स र पेट्रोलियम क्षेत्र प्रत्यक्ष प्रभावित भएको छ।

नेपालको कुल वैदेशिक व्यापारमध्ये आयातमा मध्यपूर्वको हिस्सा ४.६६ प्रतिशत र निर्यातमा १.२७ प्रतिशत रहेको छ। चालू आर्थिक वर्ष ०८२/८३ को सात महिनामा मध्यपूर्वी देशहरूबाट ५२ अर्ब ३१ करोड ४० लाख ४८ हजार रुपैयाँबराबरको वस्तु आयात भएको छ। सोही अवधिमा निर्यात भने दुई अर्ब १३ करोड २४ लाख १८ हजार रुपैयाँबराबरको भएको छ। सो अवधिमा नेपालले मध्यपूर्व क्षेत्रबाट ५० अर्बभन्दा बढीको व्यापार घाटा व्यहोर्नुपरेको छ। त्यस क्षेत्रबाट मुख्य रूपमा सुनचाँदी, तामाको तार, पोलिथिन, पोटासियम क्लोराइड, मादक पदार्थ, मोबिल, कच्चा चाँदी, टेलिभिजन, खरबुजा, फर्नेस आयल, पोलिकार्बोनेट, स्मार्ट फोनलगायतको आयात प्रभावित हुने देखिन्छ।

द्वन्द्वकै कारण मध्यपूर्वका १२ देश साउदी अरेबिया, युएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलमा हुने श्रम स्वीकृति सरकारले रोकेको छ। यीमध्ये युएई, साउदी अरेबिया, कतार, कुवेत, बहराइन, ओमान र जोर्डन प्रमुख श्रम गन्तव्य मुलुक हुन्। प्रमुख देशहरूमा रहेका श्रमिक कामविहीन हुने र नयाँ श्रमिक पनि जान नपाउँदा रेमिट्यान्ससमेत प्रभावित हुने भएको छ।



रेमिट्यान्स आप्रवाहमा असर पर्छ



● **डा. रामशरण खरेल**, कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

मध्यपूर्वका १७ वटा देशमध्ये १५ वटा देशबाट नेपालमा रेमिट्यान्स भित्रिने गरेको छ। कुल रेमिट्यान्समा मध्यपूर्वबाट भित्रिनेको हिस्सा ४१ प्रतिशत छ। यसले देशको प्रमुख आधार रेमिट्यान्स आप्रवाहमा असर पुऱ्याउन सक्छ। ६ महिनाको अवधिमा ६ लाख पर्यटक आउँदा मध्यपूर्वबाट १० हजारजति पर्यटक आएका छन्। तर, उड्डयन सेवा प्रभावित हुँदा सोही बाटो हुँदै आउने पर्यटकको संख्यामा कमी आउँछ। द्वन्द्वको कारणले इन्धनको मूल्य बढ्ने देखिन्छ। त्यसको असर उत्पादन मूल्यमा पनि गएर जोडिन्छ। त्यसले गर्दा नेपालमा मूल्य बढ्ने जोखिम छ। सुनचाँदीको माग बढ्ने र विदेशी विनिमय सञ्चितिमा पनि यस द्वन्द्वले प्रभाव पार्ने देखिन्छ। अहिले सस्तो ब्याजमा ऋण पाउने अवस्था छ। तर, कर्जाको माग थिएन। यो घटनाले यो परिस्थिति लम्बिन सक्छ। मध्यपूर्वको तनावले अर्थतन्त्रको सबै क्षेत्रमा असर गर्नेछ।

पर्यटन क्षेत्र प्रभावित भयो



● **रविशंकर सैंजू**
वाणिज्यविद्

यो द्वन्द्वबाट नेपालको अर्थतन्त्रमा कस्तो असर पर्छ र उक्त घटनाबाट हामीले के सिक्नुपर्छ भन्ने विषय नै अहिलेको मुख्य हो। वास्तवमा अर्को देशमा भएको घटनाले अर्थतन्त्रमा प्रभाव पार्ने र सुरक्षाको बाटो अपनाउने पाठ हामीले सिक्नुपर्छ। अर्को देशको घटनामा आफ्नो अर्थतन्त्रमा परेको प्रभावलाई बुझेर अघि बढ्नुपर्ने काम हामीले गर्नुपर्छ। यो द्वन्द्वका कारण पर्यटन क्षेत्र पनि प्रभावित हुने देखिन्छ। द्वन्द्वका कारण हवाई सेवा प्रभावित भइरहेको छ। अहिले विभिन्न स्थानका विमानस्थलमा नै पर्यटक रोकिनुपर्ने स्थिति बनेको छ। यो अवस्थाका कारण नेपाल आउने पर्यटकमा कमी आउने देखिएको छ। त्यसले यहाँका होटेल तथा पर्यटन व्यवसाय प्रभावित भयो। पर्यटकले आफ्नो सुरक्षालाई पहिलो प्राथमिकतामा राख्ने भएकाले यस्ता विषयले नेपालको पर्यटन व्यवसायमा असर पुऱ्याउने नै छ।

तेल निर्यात रोक्ने भारतको रणनीति, तर नेपालको हकमा लागू नहुने

भारतले मध्यपूर्वका देश र स्ट्रेड अफ हर्मुजा (विश्वको सबैभन्दा ठुलो तेल ढुवानी मार्ग, जुन गल्फ देशहरू पार गर्ने नाकाका रूपमा परिचित छ)को बाटो हुँदै कुल खपतको ५० प्रतिशत कच्चा तेल आयात गरिरहेको छ। तर, अहिले स्ट्रेट अफ हर्मुजा अवरोध भएकाले कच्चा तेल आयातमा भारतले समस्या खेपिरहेको छ। भारतको पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हरदीपसिंह पुरीले मंगलबार दिउँसो पत्रकारमाझ निर्यात रोक्ने, ग्यास बिक्रीमा कोटा निर्धारण गर्ने र रसियन तेलको आयात बढाउने उपायलगायत घरेलु बजारका उपभोक्तालाई पेट्रोलियम पदार्थको उपभोगमा कमी हुन नदिने जानकारी गराएका छन्। नेपालमा सबै पेट्रोलियम पदार्थ भारतबाटै आयात हुने भएकाले भारतले तेलको निर्यात रोकेमा सबैभन्दा बढी असर नेपालले भोग्नुपर्नेछ।

तर, आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले नेपालको हकमा भारतले अघि सारेको योजना लागू नहुने बताए। प्रत्येक पाँच वर्षमा आयल निगम र भारतको सरकारी स्वामित्वप्राप्त इन्डियन आयल कर्पोरेसन (आइओसी)बीच 'जनरल सेल्स एग्रिमेन्ट' भई निर्बाध रूपमा इन्धन आयात-निर्यात गर्ने सम्झौता भएको उनले बताए। 'यो सम्झौताको म्याद अर्को वर्ष मार्च २०२७ सम्म कायम छ,' उनले भने, 'त्यसैले, भारतले सम्झौताविपरीत नेपालमा तेल निर्यात रोक्न सम्भव छैन।'

सोमबार दिउँसो आइओसी अधिकारीसँग यस विषयमा छलफलसमेत भएको भट्टले जानकारी दिए। त्यसक्रममा भारतीय अधिकारीहरूले नेपालमा इन्धन आपूर्ति रोक्नेबारे कुनै छलफल र गृहकार्य नभएको जानकारी दिएको उनले बताए। 'नेपाललाई इन्धन नदिने भन्ने कुनै गृहकार्य नभएको भारतीय अधिकारीहरूले बताएका छन्। फेरि नेपालको खपत परिमाण तुलनात्मक रूपमा न्यून भएकाले पनि असर नपर्नुपर्ने हो,' उनले भने।

भारतले कच्चा तेल आयात गरेर प्रशोधित पेट्रोल, डिजेल, मट्टीतेल, हवाई इन्धन र ग्यास निर्यात गर्दै आएको छ। विश्व बैंकले सन् २०२४ मा प्रकाशित गरेको प्रतिवेदनअनुसार भारतको सबैभन्दा ठुलो तेल निर्यातकर्ता देशहरूमा नेदरल्यान्ड, युएई, सिंगापुर, अमेरिका, अस्ट्रेलिया, साउथ अफ्रिका, तान्जेनिया, मलेसिया र कंगो रहेका छन्। भारतले धेरै तेल निर्यात गर्ने देशहरूको सूचीमा नेपाल ११औँ स्थानमा छ।

हिमाल आरोहणमा आउने पर्यटकको संख्या घट्ने

मध्यपूर्व क्षेत्रमा बढ्दो सुरक्षा तनावले नेपालको पर्यटन क्षेत्रमा असर पर्न थालेको छ। खासगरी इजरायल र टर्कीबाट हिमाल आरोहण तथा ट्रेकिङ गर्ने उद्देश्यले पर्यटक बढी संख्यामा आउने गरेका छन्। पर्यटन व्यवसायीले पछिल्लो समय मध्यपूर्वलाई सम्भावित बजारका रूपमा प्रवर्द्धनसमेत गर्दै आएका थिए। पर्यटन बोर्डका अनुसार यस वर्ष फेब्रुअरीमा मध्यपूर्वी देशहरूबाट नौ सय ४९ जना पर्यटक आएका छन्। यो संख्या सन् २०२५ को फेब्रुअरीको तुलनामा आठ प्रतिशतले बढी हो। गत वर्ष सोही अवधिमा आठ सय ७९ जना पर्यटक आएका थिए। फेब्रुअरीमा टर्कीबाट चार सय २२ र इजरायलबाट तीन सय ४८ जना भित्रिएका छन्। त्यस्तै, कुवेतबाट ८५, साउदी अरबबाट ४०, कतारबाट २०, संयुक्त अरब इमिरेट्सबाट २५ र ओमानबाट नौजना भित्रिएको बोर्डले जनाएको छ। कुल पर्यटक आगमनमा मध्यपूर्वको हिस्सा भने ०.९ प्रतिशत मात्र छ।

सुनचाँदी, रासायनिक मल र इलेक्ट्रोनिक्स सामानको आयात प्रभावित हुने

मध्यपूर्वका देशहरूमध्येबाट सबैभन्दा धेरै आयात संयुक्त अरब इमिरेट्स (युएई)बाट भएको भन्सार विभागको तथ्यांक छ। युएईबाट ४१ अर्ब २५ लाख १० हजारबराबरको सुनचाँदी, तामाको तार, पोलिथिन, स्मार्ट फोनलगायत आयात भएको छ भने नेपालबाट १२ करोड २२ लाख ६१ हजारबराबरको वस्तु निर्यात भएको छ। त्यसपछि धेरै आयात हुने मुलुकमा साउदी अरेबिया तीन अर्ब ७२ करोड २९ लाख ३३ हजार रुपैयाँ, कतार तीन अर्ब ३४ करोड ९८ लाख चार हजार रुपैयाँ र इजरायल दुई अर्ब २१ करोड १७ लाख ३७ हजार रुपैयाँ छन्।

टर्कीबाट एक अर्ब २० करोड ३२ लाख ११ हजार रुपैयाँबराबरको आयात भएको छ भने ४२ करोड ६९ लाख २३ हजार रुपैयाँबराबरको निर्यात भएको छ। इराकतर्फ एक करोड ७५ लाख ३६ हजार रुपैयाँबराबरको निर्यात हुँदा आयात १९ लाख ३५ हजार रुपैयाँमा सीमित रहेको छ। त्यसैगरी, सिरियासँग पनि तीन लाख ४९ हजार रुपैयाँको वैदेशिक व्यापार देखिएको छ।



प्रमुख श्रम गन्तव्य मुलुक संकटमा

मध्यपूर्वका १६ मध्ये १२ देश साउदी अरेबिया, युएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलमा हुने श्रम स्वीकृति सरकारले रोकेको छ। यीमध्ये युएई, साउदी अरेबिया, कतार, कुवेत, बहराइन, ओमान र जोर्डन प्रमुख श्रम गन्तव्य मुलुक हुन्। मध्यपूर्वमा यतिबेला रोजगारीका लागि पुगेका १७ लाख २५ हजार दुई सय ७३ जना कार्यरत रहेको वैदेशिक रोजगार विभागले जनाएको छ।

इजरायल-अमेरिका र इरानबिचको युद्ध थप लम्बिने संकेत देखिएकाले मध्यपूर्वमा श्रम स्वीकृति तत्काल खुल्ने देखिँदैन। विभागका उपमहानिर्देशक चन्द्रबहादुर शिवाकोटीले पनि परिस्थिति सामान्य नभइन्जेल श्रम स्वीकृति खोल्न नसकिने बताए। 'मध्यपूर्वका लागि तत्काल श्रम स्वीकृति खोल्न गाह्रो छ। अहिले कसैले पनि श्रम स्वीकृति माग पनि गरेका छैनन्,' उनले भने।

वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले मध्यपूर्व वैदेशिक रोजगारीको मेरुदण्ड नै रहेकाले सबै क्षेत्र सचेत हुनुपर्ने बताए। अहिले त्यहाँ कार्यरत श्रमिकको सुरक्षालाई बढी प्राथमिकता दिएर दीर्घकालसम्मका लागि मध्यपूर्व सुरक्षित रहेको सन्देश दिनुपर्ने उनको भनाइ छ।

रेमिट्यान्स घट्ने चिन्ता

विदेशी मुद्रा आर्जनको सबैभन्दा बलियो स्रोत रेमिट्यान्स मध्यपूर्वका श्रमिककै भरमा छ। राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. रामशरण खरेलले रेमिट्यान्सको ४१ प्रतिशत हिस्सा मध्यपूर्वबाट हुने गरेको छ। चालू आवको सात महिनामा एक खर्ब ९२ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको राष्ट्र बैंकको तथ्यांक छ।

मध्यपूर्वमा काम गर्न जाने श्रमिको संख्या बढ्दै गएकाले पछिल्लो समय त्यस क्षेत्रमा प्राप्त हुने रेमिट्यान्सको हिस्सा पनि बढिरहेको छ। तर, अहिले मध्यपूर्वमा रहेका श्रमिक नै कामविहीन हुने र नयाँ श्रमिकसमेत त्यसतर्फ जान रोकिँदा तत्काले रेमिट्यान्स आप्रवाहमा असर देखिनेछ।

महँगी बढ्ने

मध्यपूर्वको तनाव सुरु भएयता क्रुड आयलको भाउ १४.२८ प्रतिशत बढेको छ। शनिबार इरानले मध्यपूर्वमा हमला गर्दा दिउँसो क्रुड आयल ७२.२८ डलर प्रतिब्यारेल थियो। सोही दिन साँझ बढेर ७८.२२ डलर प्रतिब्यारेल पुगेको थियो। मंगलबार साँझ थप बढेर ८४.३३ डलर प्रतिब्यारेल कायम भएको छ। आयल निगमले प्रत्येक १५ दिनमा पेट्रोलियम पदार्थको नयाँ मूल्य निर्धारण गर्ने भएकाले अन्तर्राष्ट्रिय बजारको असर तत्काल नेपालमा नदेखिएको हो। तर, आगामी ३० फागुनमा नयाँ मूल्य निर्धारण गर्नुअघि भने मूल्य बढेर आउने निगम अधिकारीको भनाइ छ।

इन्धको भाउ बढ्नासाथ ढुवानी खर्चलगायतमा वृद्धि भई बजारभाउसमेत नियन्त्रण गर्न मुस्किल हुनेछ। उपभोक्ता अधिकारमी माधव तिमिल्सिनाले अहिलेबाटै सबै वस्तुको माग र आपूर्तिको अवस्था हेरेर भाउ नियन्त्रण गर्न सरकार क्रियाशील हुनुपर्ने बताए।

एनआरएनए अधिवेशन प्रभावित हुन सक्ने

नयाँ पत्रिका

मध्यपूर्वमा जारी तनावले गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औँ महाधिवेशन प्रभावित हुन सक्ने देखिएको छ। आगामी १४ देखि १६ मार्चसम्म काठमाडौँमा आयोजना हुने तय भएको एनआरएनएको महाधिवेशन मध्यपूर्वको तनावले अन्योल बढाएको हो।

कतिपय पदाधिकारी तथा आसन्न निर्वाचनका प्रतिस्पर्धीले महाधिवेशन सार्नुपर्ने आवाज उठाएका छन्। एनआरएनएका महासचिव गौरीराज जोशीले अवस्था जटिल रहेको भए पनि कुनै निर्णय भइनसकेको बताए। 'विश्व परिस्थिति जटिल छ, मध्यपूर्वको अवस्था संवेदनशील छ, महाधिवेशन सार्नुपर्ने आवाज पनि उठिरहेको छ,' उनले भने, 'यस विषयमा अहिले छलफल भइरहेको छ, कुनै निर्णय भएको छैन।'

सुरुमा २३ देखि २५ फेब्रुअरीसम्मका लागि तय भएको एनआरएनए महाधिवेशन एक महिना पर धकेलिएको थियो। एनआरएनएको बृहत् एकतापश्चात् गठित स्टेरिङ कमिटीको २ माघको बैठकले अधिवेशन १४ देखि १६ मार्चसम्म गर्ने निर्णय गरेको थियो। काठमाडौँस्थित सोल्टी होटेलमा गरिने तय भएको अधिवेशनका लागि निर्वाचन समितिले प्रारम्भिक मतदाता नामावलीसमेत सार्वजनिक गरिसकेको छ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) का उपाध्यक्ष एवं आगामी १२औँ महाधिवेशनमा अध्यक्ष पदका प्रत्याशी रोबिनप्रसाद शेरचनले संघको घोषित निर्वाचन कार्यतालिका तत्काल स्थगन गर्न माग गरेका छन् सोमबार एक विशेष अपिल जारी गर्दै शेरचनले वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति र संस्थाभित्रको प्रक्रियागत विवादका कारण निर्वाचन प्रक्रिया रोक्न निर्वाचन समितिलाई आग्रह गरेका हुन्।

शेरचनले विशेष गरी मध्यपूर्व क्षेत्रमा विकसित पछिल्ला असहज घटनाक्रमलाई मुख्य कारणका रूपमा अघि सारेका छन्। संकटको यस घडीमा हजारौँ नेपालीले आशा र भरोसाका साथ एनआरएनएतर्फ हेरिरहेको उल्लेख गर्दै उनले मानवीय संवेदनालाई बिर्सेर चुनाव र पदमा मात्र केन्द्रित हुनु संस्थाको मूल मर्मविपरीत हुने जिकिर गरेका छन्। उनले मध्यपूर्वको असुरक्षाका कारण युरोप, अमेरिका र स्वयं मध्यपूर्वबाट नेपाल आउने प्रतिनिधिको यात्रासमेत अनिश्चित बनेको अवस्थामा अग्रज र अभियन्ताहरूको व्यापक सहभागिताविनाको महाधिवेशन अपूर्ण रहने देखिने बताएका छन्।



● **गौरीराज जोशी**
महासचिव, एनआरएनए

विश्व परिस्थिति जटिल छ, मध्यपूर्वको अवस्था संवेदनशील छ, महाधिवेशन सार्नुपर्ने आवाज पनि उठिरहेको छ। यस विषयमा अहिले छलफल भइरहेको छ।

यसअघि अमेरिकामा रहेका एनआरएनएका अभियान्ता डा. केशव पौडेल, सनील साह, बुद्धि सुवेदी,, गौरीराज जोशी, बिआर लामा, खगेन्द्र जिसी र डा. अर्जु बन्जाडेले आइतबार संयुक्त अपिल जारी गर्दै एनआरएनएको अधिवेशन सार्नुपर्ने माग गरेका छन्। 'एनआरएनएको सम्मेलन मिति नजिकिँदै जाँदा विश्व परिस्थितिमा आएको जटिलता, विशेष गरी मध्यपूर्व क्षेत्रमा विकसित संवेदनशील अवस्था, श्रम गन्तव्य मुलुकहरूमा रहेका नेपालीमा परेको प्रत्यक्ष प्रभाव तथा संघभित्र दीर्घकालीन एकता सुदृढ गर्न आवश्यक पर्ने विषयसमा पर्याप्त सहमति हुन नसकेको अवस्थामा सबैका लागि चिन्ताको विषय बनेको छ,' अपिलमा भनिएको छ, 'हाल निर्धारित मितिमा सम्मेलन आयोजना गर्दा व्यापक सहभागिता सुनिश्चित हुन नसक्ने सम्भावना देखिएकाले सम्मेलनलाई केही समय स्थगन गरी सबै पक्षबिच आवश्यक सहमति कायम गरेर सर्वसम्मत वातावरणमा पुनः उपयुक्त मिति तय गरी सर्वपक्षीय र दीर्घकालीन एकताको महाधिवेशन आयोजना गर्न हामी अपिल गर्दछौं।'

फेब्रुअरीमा भित्रिए एक लाख पाँच हजार विदेशी पर्यटक

- मध्यपूर्वको तनावले नेपालको पर्यटनमा असर पर्ने जोखिम
- कोभिडपूर्वकै अवस्थामा भित्रिँदै थिए मध्यपूर्वी देशका पर्यटक



नयाँ पत्रिका

सन् २०२६ को फेब्रुअरी महिनामा नेपालमा एक लाख पाँच हजार चार सय ४१ जना विदेशी पर्यटक घुम्न आएका छन्। यो गत वर्षको फेब्रुअरीको तुलनामा ८.८ प्रतिशतले बढी हो। जनवरीमा ९२ हजार पाँच सय ७३ जना पर्यटक भित्रिएका थिए।

भारत र चीनबाट आउने पर्यटकको संख्यामा उल्लेख्य वृद्धि हुँदा यसले पर्यटन क्षेत्रमा ठुलो टेवा पुऱ्याएको छ। सो महिनामा भारतबाट २२ हजार सात सय ४५ जना र चीनबाट १० हजार आठ सय १६ जना पर्यटक भित्रिएका छन्। भारततर्फ भित्रिने पर्यटकको संख्यामा १८.५ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फ ३०.६ प्रतिशतको वृद्धि देखिएको छ। अस्ट्रेलिया, अमेरिका, ब्राजिल, मेक्सिकोजस्ता मुलुकबाट आउने पर्यटकको संख्यामा भने कमी आएको छ।

मध्यपूर्व क्षेत्रमा बढ्दो सुरक्षा तनावले नेपालको पर्यटन क्षेत्रमा असर पर्ने जोखिम देखिएको छ। विशेष गरी इरान र अन्य मुलुकहरूबिचको तनावले त्यहाँको समग्र आर्थिक र यात्रा गतिविधिमा प्रभाव पार्न सक्छ। यसको असर नेपाल आउने पर्यटकको संख्यामा पनि पर्न सक्ने पर्यटन व्यवसायीको चिन्ता छ।

अहिले चर्चा प्रायः मध्यपूर्वमा काम गर्ने नेपाली श्रमिकबाट आउने रेमिट्यान्स घट्न सक्ने विषयमा केन्द्रित भए पनि पर्यटन क्षेत्र पनि संवेदनशील छ। पछिल्लो समय मध्यपूर्वी देशहरूबाट नेपाल घुम्न आउने पर्यटकको संख्या बिस्तारै बढ्दै गएको थियो।

नेपाल पर्यटन बोर्डका अनुसार यस वर्ष फेब्रुअरी महिनामा मात्रै मध्यपूर्वी देशहरूबाट नौ सय ४९ जना पर्यटक नेपाल आएका छन्। यो संख्या सन् २०२५ को फेब्रुअरीको तुलनामा आठ प्रतिशतले बढी हो। गत वर्ष सोही अवधिमा आठ सय ७९ जना पर्यटक आएका थिए। कोभिड महामारीअघि अर्थात् सन् २०१९ को फेब्रुअरीमा मध्यपूर्वबाट एक हजार एक सय ४३ जना पर्यटक नेपाल आएका थिए। पछिल्लो वृद्धि दरले पर्यटक आगमन कोभिडपूर्वकै अवस्थामा फर्किने संकेत देखिएको थियो। तर, अहिले क्षेत्रीय तनाव बढ्दै जाँदा यात्राको योजना स्थगित हुने, उडानहरू प्रभावित हुने वा आर्थिक अनिश्चितता बढ्ने सम्भावना रहेको जानकारहरू बताउँछन्। यसले नेपाल भ्रमणमा आउने पर्यटक संख्यामा कमी आउन सक्छ।

नेपालमा खासगरी इजरायल र टर्कीबाट हिमाल आरोहण तथा ट्रेकिङ गर्ने उद्देश्यले पर्यटक बढी संख्यामा आउने गरेका छन्। पर्यटन व्यवसायीका अनुसार नेपालले पछिल्लो समय मध्यपूर्वलाई सम्भावित बजारका रूपमा हेर्दै प्रवर्द्धन बढाएको थियो। तर, त्यहाँको अस्थिरताले सुधारको क्रममा रहेको पर्यटन क्षेत्रलाई फेरि चुनौती दिन सक्ने देखिन्छ।

मध्यपूर्वी क्षेत्रमध्ये नेपालमा सबैभन्दा बढी टर्की र इजरायलबाट बढी पर्यटक आउने गरेका छन्। गत फेब्रुअरीमा टर्कीबाट चार सय २२ जना पर्यटक र इजरायलबाट तीन सय ४८ जना भित्रिएका थिए। कुवेतबाट ८५ जना आएका थिए। साउदी अरबबाट ४० जना, कतारबाट २० जना, संयुक्त अरब इमिरेट्सबाट २५ जना र ओमनबाट नौजना भित्रिएका थिए।

■ फेब्रुअरीमा मध्यपूर्वी देशका पर्यटक आगमनको तथ्यांक

मध्यपूर्वी देशहरू	सन् २०२६ को फेब्रुअरीको संख्या	सन् २०२६ को जनवरीमा	सन् २०२५ को फेब्रुअरीमा
इजरायल	३४८	१३२	३१७
कुवेत	८५	८७	६४
ओमान	९	१३	१३
कतार	२०	१२	६
साउदी अरेबिया	४०	७६	७४
टर्की	४२२	५७८	३५५
संयुक्त अरब इमिरेट्स	२५	४२	५०
जम्मा	९४९	९४०	८७९

स्रोत : नेपाल पर्यटन बोर्ड

निर्वाचनका दिन नियमित उडान हुने

मध्यपूर्वतर्फको अन्तर्राष्ट्रियबाहेक आन्तरिक र अन्य अन्तर्राष्ट्रिय सबै उडान सञ्चालन गरिने

नयाँ पत्रिका

२१ फागुनमा हुने प्रतिनिधिसभाको निर्वाचनका दिन मध्यपूर्वतर्फको अन्तर्राष्ट्रियबाहेक आन्तरिक र अन्तर्राष्ट्रिय सबै उडान नियमित हुने भएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले एक सूचना जारी गर्दै निर्वाचनका दिन उडान सञ्चालन हुने जानकारी गराएको हो।

निर्वाचन आयोगले सो दिन सार्वजनिक यातायात भने पूर्ण रूपमा रोक लगाउने निर्णय गरेको छ। त्यस्तै, तोकिएका अत्यावश्यकबाहेक अन्य सवारीसाधन सञ्चालनमा समेत रोक लगाइएको छ। तर, हवाई यातायात भने नियमित गरिने भएको हो।

'२१ गते बिहीबार निर्वाचनको दिन देशभर सबै प्रकारका आन्तरिक उडान आवश्यकतानुसार सञ्चालन हुने तथा अन्तर्राष्ट्रिय उडान (मध्यपूर्व गन्तव्यहरूबाहेक) सामान्य रूपमा सञ्चालन हुने छ,' प्राधिकरणको सूचनमा उल्लेख छ, 'मध्यपूर्वी गन्तव्यहरूको उडान सञ्चालन सम्बन्धित देशको निर्णय तथा उडान हुने विमानस्थलको अवस्थाका आधारमा वायुसेवा कम्पनीको संशोधित तालिकाबमोजिम सञ्चालन हुनेसमेत जानकारी गराइन्छ।'



पर्यटन बोर्डले हवाई सेवा प्रयोग गर्ने पर्यटकका लागि त्रिभुवन विमानस्थलदेखि विभिन्न होटेलसम्म पुऱ्याउने र ल्याउनेसम्मको सेवा दिने भएको छ। यसका लागि निःशुल्क सटल बस सेवा सञ्चालनमा ल्याउने बोर्डले जनाएको छ। बिहान पाँच बजेदेखि साँझ सात बजेसम्म यो सुविधा सञ्चालनमा आउने बोर्डले जानकारी दिएको छ।

मध्यपूर्वको उडान अझै अनिश्चित

मध्यपूर्वको तनावले नेपालबाट मध्यपूर्व र मध्यपूर्वबाट नेपालमा हुने सबै उडान चार दिनयता रद्द हुँदै आएका छन्। तनाव जारी नै रहेका कारण उडान अझै अनिश्चित देखिएको छ। मंगलबार पनि नेपाल-मध्यपूर्वका ३२ उडान रद्द भएका छन्। काठमाडौंबाट कुवेत, कतार, दुबई र साउदीका विभिन्न सहरमा हुने उडान रद्द भएका हुन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार नेपालबाट जजिरा, कुवेत, एयर अरेबिया, फ्लाई दुबई, नेपाल एयरलाइन्स, कतार र हिमालय एयरलाइन्सको उडान रद्द भएको हो। यद्यपि, चीन, भारत, मलेसियालगायत मध्यपूर्वबाहेकका देशमा भने नियमित उडान भइरहेको छ। आक्रमण जारी भइरहेकै कारण कुवेत, युएई, कतार, इरान, इराक, जोर्डन, इजरायल, लेबनान र बहराइनलगायत देशले आफ्नो आकाशमा उडान रोकेका (एयर स्पेस बन्द गरेका) छन्।

सार्वजनिक बिदामा पनि आयल निगमले डिपो खोल्ने

लामो बिदाका कारण बजारमा इन्धन अभाव हुन सक्ने जोखिमलाई कम गर्न कार्यालय खोल्ने निगमको निर्णय, उपत्यकामा मात्रै आइतबार १६ लाख ५० हजार र सोमबार १३ लाख ३९ हजार लिटर वितरण

निगम प्रवक्ता मनोज ठाकुर भन्छन्-



कोशी प्रादेशिक कार्यालय, विराटनगर मा २२ र २४ गते इन्धन वितरण गरिनेछ। मंगलबार बिदा परे पनि मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जमा इन्धन वितरण गरिएको छ। बुधबार तथा आउँदो शनिबार पनि ती डिपो खोलेर इन्धन वितरण गरिनेछ। बागमती प्रादेशिक कार्यालय, थानकोटबाट भने निर्वाचनको दिनबाहेक अन्य समयमा सेवा निरन्तर दिइनेछ।



नयाँ पत्रिका

आयल निगमले निर्वाचन र त्यसपछिको सार्वजनिक बिदाको समयमा देशभरका इन्धन डिपो खोलेर पेट्रोलियम पदार्थ वितरण गर्ने जनाएको छ। निगम प्रवक्ता मनोज ठाकुरका अनुसार कोशी प्रादेशिक कार्यालय, विराटनगर २२ र २४ गते खोलेर इन्धन वितरण गरिने भएको छ। त्यस्तै, मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जमा मंगलबार बिदा परे पनि इन्धन वितरण गरेको र बुधबार तथा आउँदो शनिबार पनि डिपो खोलेर इन्धन वितरण गरिने ठाकुरले जानकारी दिए। बागमती प्रादेशिक कार्यालय, थानकोटबाट भने निर्वाचनको दिनबाहेक अन्य समयमा सेवा दिइने निगमले जनाएको छ।

गण्डकी प्रादेशिक कार्यालय, पोखरा २०, २३ र २४ फागुनमा खोलेर इन्धन वितरण गर्ने ठाकुरले जानकारी दिए। लुम्बिनी प्रादेशिक कार्यालय, भैरहवा २० र २३ फागुन, नेपालगन्ज इन्धन डिपो २० र २२ फागुन, सुर्खेतस्थित कर्णाली प्रादेशिक कार्यालय २० फागुन, धनगढीस्थित सुदूरपश्चिम प्रादेशिक कार्यालय २० र २२ फागुन, झापाको चारआलीस्थित शाखा कार्यालय २२ र २४ फागुन तथा वीरगन्जस्थित शाखा कार्यालय २०, २२, २३ र २४ फागुनमा इन्धन बिक्रीका लागि खुला हुने निगमले जनाएको छ।

लामो बिदाका कारण बजारमा इन्धन अभाव हुन सक्ने जोखिमलाई कम गर्न कार्यालय खोल्ने निर्णय भएको ठाकुरले बताए। 'उपभोक्तालाई इन्धन पाउन सहज होस् भनेर सार्वजनिक बिदाको दिन पनि कर्यालय खोल्ने निर्णय भएको हो,' उनले भने।

उपत्यकाको माग धान्न तीन गुणा पेट्रोल वितरण

काठमाडौं उपत्यकामा रहेका पेट्रोलपम्पमा सर्वसाधारणको लाइन बाक्लिन थालेपछि सामान्य अवस्थाको तुलनामा तीन गुणाभन्दा बढी पेट्रोल वितरण गरिएको छ। मंगलबार निगमको बागमती प्रादेशिक कार्यालय, थानकोट डिपोले १५ लाख ७५ हजार लिटर पेट्रोल वितरण गरेको जनाएको छ। सामान्य अवस्थामा उपत्यकामा दैनिक ६ लाख लिटर पेट्रोल खपत हुने गरेको छ।

निगमको थानकोट डिपो प्रमुख जगदीश यादवले मंगलबार बिहानै डिपो खोलेर पेट्रोल, डिजेल वितरण गरेको जानकारी दिए। 'मंगलबार १६ लाख ७५ हजार लिटर पेट्रोलको माग थियो,' उनले भने, 'मागअनुसार नै इन्धन वितरण भएको छ।' त्यस्तै, डिजेल पनि एक लाख ९४ हजार लिटर वितरण गरेको उनले बताए। अरू वेला डिजेलको दैनिक औसत खपत सात लाख लिटर हो। चुनावी चहलपहल र उपत्यकाबाट बाहिरिने सवारीसाधनका कारण खपत बढेको डिपो प्रमुख यादवको बुझाइ छ।

मंगलबार दिउँसो काठमाडौंबाट कुलेखानी हुँदै बाहिरिने नाका क्षेत्रका पम्पमा लाइन लागेको थियो। त्यस्तै, बिपी र अरनिको राजमार्ग हुँदै बाहिरिने भक्तपुर र बनेपाका पम्पमा पनि उपभोक्ताको लाइन रहेको थियो। काठमाडौंको साझा सहकारी, आर्मी र प्रहरीका पम्पमा समेत लाइन बाक्लिएको थियो।

बढ्दो माग धान्न आयल निगमले तीन दिनयता ठुलो परिमाणमा पेट्रोल वितरण गरिरहेको छ। निगमले आइतबार उपत्यकामा १६ लाख ५० हजार र सोमबार १३ लाख ३९ हजार लिटर वितरण गरेको जनाएको छ। जुन सामान्य अवस्थाको मागको तुलनामा दोब्बर बढी हो।

लयमा फर्कँदै गरेको अर्थतन्त्रलाई मध्यपूर्व द्वन्द्वको धक्का

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. रामशरण खरेलले मध्यपूर्व तथा पश्चिम एसियाको द्वन्द्वका कारण नेपालको अर्थतन्त्र पुनः प्रभावित हुन लागेको बताएका छन्। मंगलबार नेपाल आर्थिक पत्रकार संघ (नाफिज)ले आयोजना गरेको 'पश्चिम एसियाको द्वन्द्व : नेपालको अर्थतन्त्र र आपूर्ति व्यवस्थामा पर्ने असर' विषयक अन्तर्क्रियामा उनले यस्तो बताएका हुन्। 'महामारीबाट आर्थिक स्थिति सामान्य अवस्थामा फर्कन नपाउँदै भूराजनीतिक तनाव, बाढीपहिरो र अहिले इरानको द्वन्द्वले फेरि अर्थतन्त्र प्रभावित हुने देखिन्छ,' खरेलले भने, 'आगामी निर्वाचनबाट नयाँ सरकार बनेपछि अर्थतन्त्रले लय समाउने अपेक्षा गरिएकामा यस द्वन्द्वले थप चुनौती थपेको छ।'

उनका अनुसार भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनपछि अर्थतन्त्रलाई लयमा आउने बाटोमा थियो। बैंकिङ प्रणलीमा अत्यधिक तरलता रहेको, बैंक तथा वित्तीय संस्थाको ब्याजदर कम भएको र नयाँ सरकार आएपछि तरलता व्यवस्थापन हुने अपेक्षा गरिएको अवस्थामा नै मध्यपूर्वको द्वन्द्वले फेरि चुनौती थपेको खरेलको भनाइ छ। 'मध्यपूर्वका १७ वटा देशमध्ये १५ वटा देशबाट नेपालमा रेमिट्यान्स भित्रिने गरेको छ। यसमा पनि चारवटा देशले जम्मा रेमिट्यान्सको ३५ प्रतिशत हिस्सा ओगटेको छ,' खरेलले भने, 'छोटो समयमा इरानको द्वन्द्व समाधान नभएमा करिब ४१ प्रतिशत रेमिट्यान्स प्रभावित हुने देखिन्छ।'

नेपाल उद्योग वाणिज्य महासंघको पारवहन समितिका सभापति एवं पेट्रोलियम व्यवसायी शिवप्रसाद घिमिरेले तत्काल पेट्रोलियम पदार्थ अभावको स्थिति सिर्जना नहुने बताए। 'समय-समयमा नेपालमा विभिन्न कारणले पेट्रोलियम पदार्थको अभाव हुँदै आएको छ।

यसर्थ, विभिन्न मुलुकमा द्वन्द्व हुँदा नेपालमा पनि एक किसिमको अभावको त्रास फैलने गर्छ,' घिमिरले भने, 'यस्तो अवस्थामा विगतको अभ्यासलाई हेरेर पनि त्रसित हुनु स्वाभाविक हो। तर, समग्र स्थिति हेर्दा तत्कालै पेट्रोलियम पदार्थको अभाव हुने देखिँदैन।'

निर्वाचनबाहेकका बिदामा बैंकहरूले सेवा दिनुपर्ने



काठमाडौं/ नेपाल राष्ट्र बैंकले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनबाहेकका दिन परेका सार्वजनिक बिदामा बैंकिङ सेवा सञ्चालन गर्न पत्राचार गरेको छ।

आमनिर्वाचनका सम्बन्धमा मन्त्रिपरिषद्द्वारा फागुन २०, २१ र २२ गते सार्वजनिक बिदा घोषणा भएको थियो। तथा ०८२ फागुन १८ गते हिमाली र पहाडी जिल्लालगायतका ५६ जिल्लामा तथा ०८२ फागुन १९ गते तराईका २१ जिल्लामा होली पर्व तथा फागुपूर्णिमाको सार्वजनिक बिदा थियो। उक्त सार्वजनिक बिदा अवधिमा बैंकिङ सेवा प्रवाह सञ्चालन गर्ने व्यवस्था मिलाउन केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थालाई पत्राचार गरेका हुन्। मुलुकभरका मतदाताले एकैपटक मतदान गर्ने दिन (०८२ फागुन २१ गते)बाहेकको सो सार्वजनिक बिदा अवधिमा बैंकिङ सेवा प्रवाह र सञ्चालन गर्ने व्यवस्था मिलाउन भनिएको छ।

सरकारी कारोबार गर्न तोकिएका वाणिज्य बैंकहरूद्वारा भुक्तानी व्यवस्था र राजस्व दाखिला गर्ने व्यवस्था मिलाउनुपर्नेछ। निर्वाचन प्रचारप्रसारका लागि बैंक खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाद्वारा राजनीतिक दल तथा उम्मेदवारहरूको नगद वा चेक वा अन्य विनिमय साधनको दाखिला, भुक्तानीलगायतका बैंकिङ सेवा पनि सञ्चालनमा ल्याउन उल्लेख छ।

नेपाली भाषाको 'हजुर एआई'को सेवा

'ठिकठाक'मा उत्कृष्टलाई मासिक २५ हजार नगद पुरस्कार

नयाँ पत्रिका

नेपाली भाषामै केन्द्रित नयाँ डिजिटल एप 'हजुर एआई' सुरु भएको छ। नेपाली प्रयोगकर्तालाई लक्षित गर्दै विकास गरिएको यो एप आइतबारदेखि सञ्चालनमा आएको हो। 'नेपालीका लागि, नेपालीद्वारा निर्मित' भन्ने नारासहित ल्याइएको एपले एउटै प्लाटफर्मबाट बहुआयामिक सेवा उपलब्ध गराउने दाबी गरिएको छ।

एपको प्रमुख आकर्षणका रूपमा 'ठिकठाक' नामक सामाजिक सञ्जाल फिड प्रस्तुत गरिएको छ। कम्पनीका अनुसार 'ठिकठाक'मा प्रयोगकर्ताले राख्ने प्रत्येक पोस्टले 'ठिकठाक स्कोर' प्राप्त गर्नेछ। सोही स्कोरका आधारमा हरेक महिना उत्कृष्ट सायजना प्रयोगकर्तालाई नगद पुरस्कार प्रदान गरिनेछ। महिनाकै उत्कृष्ट क्रिएटरले २५ हजार रुपैयाँ नगद पुरस्कार पाउने व्यवस्था गरिएको जनाइएको छ। यस व्यवस्थाले डिजिटल सामग्री निर्माणमा युवालाई प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ।

हजुर एआईले सामाजिक सञ्जालसँगै अन्य विभिन्न सुविधा पनि समेटेको छ। 'हजुर एआई च्याट' नामक फिचरमार्फत नेपाली भाषा बुझ्ने र प्रतिक्रिया दिने एआई च्याटबोट उपलब्ध हुनेछ, जसले अध्ययन, जानकारी तथा सामान्य परामर्शमा सहयोग गर्ने बताइएको छ। त्यस्तै, भाषा सिकाइसम्बन्धी फिचरमा कथामार्फत विभिन्न भाषा सिक्न सकिनेछ। उत्कृष्ट प्रदर्शन गर्ने प्रयोगकर्ताले मासिक १५ हजार रुपैयाँसम्म पुरस्कार पाउने व्यवस्था गरिएको छ। स्वास्थ्यतर्फ 'प्राणायाम' फिचर समावेश गरिएको छ, जसले नेपाली भाषामै ध्यान तथा श्वासप्रश्वाससम्बन्धी अभ्यास सिकाउनेछ।

मनोरञ्जनका लागि समाचार, संगीत, लाइभ रेडियो, नेपाली चलचित्र तथा टेलिभिजन च्यानलहरू एउटै फिडमार्फत उपलब्ध हुने कम्पनीको भनाइ छ। यसरी सामाजिक सञ्जाल, अध्ययन, स्वास्थ्य र मनोरञ्जनलाई एउटै एपमा समेटेर प्रयोगकर्तालाई सहज डिजिटल अनुभव दिने लक्ष्य राखिएको छ। लन्च अफरअन्तर्गत १ जुलाई २०२६ सम्म सबै प्रयोगकर्तालाई निःशुल्क प्रिमियम सदस्यता उपलब्ध गराइने जानकारी दिइएको छ।

निर्वाचनअघि सेयर बजारमा देखियो उत्साह

३८ अंकले बजार बढ्दा सवा ६ अर्बको कारोबार, बजार अब पाँच दिन बन्द हुने

काठमाडौं/ निर्वाचनअघि लगानीकर्तामा उत्साह देखिएको छ। चुनाव हुने निश्चितताँसगै 'पर्ख र हेर'को अवस्थामा रहेका लगानीकर्ता बजारमा आकर्षित बनेको देखिएको छ। पछिल्ला ६ कारोबार दिनमा बजार लगातार बढेको छ। यसले लगानीकर्तामा विश्वासको वातावरण बन्दै गएको देखाएको हो।

चुनावअघिको अन्तिम कारोबार दिन मंगलबार पुँजी नेप्से परिसूचक मंगलबार दोहोरो अंकले बढेको छ। नेप्से ३८.५२ अंकले बढेर दुई हजार ७१२.४९ विन्दुमा कायम भएको हो। यस्तै, सेन्सेटिभ इन्डेक्स ६.२५ अंक, फ्लोट इन्डेक्स ३.०३ अंक र सेन्सेटिभ फ्लोट इन्डेक्स २.४१ प्रतिशतले बढ्यो।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार उक्त दिन तीन सय २९ कम्पनीको कारोबार भएको छ। जसमा दुई सय ५४ कम्पनीको मूल्य बढ्दा ६ कम्पनीको घटेको छ भने दुई कम्पनीको स्थिर रह्यो।

उक्त दिन एक करोड ५१ लाख ८४ हजार कित्ता सेयर ६१ हजार तीन सय २९ पटक किनबेच हुँदा ६ अर्ब २३ करोड ४३ लाख रुपैयाँबराबरको कारोबार भएको छ। आइतबार साढे पाँच अर्ब र त्यसअघि चार अर्बको सेयर कारोबार भएको थियो।



सो दिन व्यापार समूह ३२.४३ अंकले ओरालो लाग्दा बाँकी सबै समूहको सूचक बढ्यो। सबैभन्दा बढी उत्पादन तथा प्रशोधन समूहको १३७ अंकले बढेको छ। त्यस्तै, लाइफ इन्स्योरेन्स १३६, ननलाइफ १२३.२१, होटेल्स एन्ड टुरिजम समूहको सूचक ११६.६२ अंकले बढेको छ।

कारोबारमा आएका कम्पनीमध्ये सालपा विकास बैंक, पञ्चकन्या माई हाइड्रोपावर र रिलायन्स स्पिनिङ मिल्सको सेयर मूल्य नौ प्रतिशतभन्दा धेरैले बढ्यो। सालपाको ६४ रुपैयाँ, पञ्चकन्याको ३५ रुपैयाँ र रिलायन्सको ६१ रुपैयाँले सेयर मूल्य बढेको छ।

साथै, मोलुङ हाइड्रोपावर, लक्ष्मी लघुवित्त र क्रेस्ट माइक्रो लाइफका लगानीकर्ताले ६ प्रतिशतभन्दा धेरै कमाएका छन्। सबैभन्दा धेरै घटेको शुभम पावरका लगानीकर्ताले २.५३ प्रतिशत गुमाएका छन्।

कारोबार रकमका हिसाबमा आँखुखोला जलविद्युत् शीर्षस्थानमा रह्यो। सो कम्पनीको ३४ करोड ६५ लाख रुपैयाँको सेयर खरिद-बिक्री भयो। त्यसपछि रिदी पावरको २७ करोड ७४ लाख, एसवाई प्यानलको २४ करोड ६७ लाख, मञ्जुश्री फाइनान्सको २२ करोड ६० लाख र डाडी पावरको २० करोड रुपैयाँभन्दा बढीको सेयर किनबेच भएको छ।

अर्को कारोबार सोमबार मात्रै

सेयर बजार अब आगामी सोमबार मात्रै खुल्नेछ। सरकारले निर्वाचन प्रयोजनका लागि बुधबारदेखि शुक्रबारसम्म तीन दिन बिदा दिएको छ। शनिबार सार्वजनिक बिदा हो भने आइतबार नारी दिवस परेको छ। यस दिन पनि बजार खुल्दैन। एकैपटक सोमबार मात्रै कारोबार गर्न पाइनेछ।

कर्पोरेट

पद्म ज्योति ग्रुप र 'रिच्स'बिच सहकार्य



काठमाडौं/ व्यावसायिक घराना पद्म ज्योति ग्रुप र भारतको 'रिच्स इन्डिया'सँग सहकार्य हुने भएको छ। यो सहकार्यले नेपालको फुड सर्भिस तथा कुलिनरी क्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने बताइएको छ।

दुवै कम्पनीबिचको सहकार्यले नेपालको पाककला र हस्पिटालिटी क्षेत्रलाई नयाँ दिशा र उचाइ दिने विश्वास गरिएको छ। 'रिच्स'ले विगत दुई दशकदेखि नेपालमा आफ्नो उपस्थिति जनाउँदै आए पनि यो नयाँ सम्झौताले ग्राहकसँगको सम्बन्ध, सेफहरूको क्षमता अभिवृद्धि र नेपाली बजार सुहाउँदो विश्वव्यापी कुलिनरीका नयाँ ट्रेन्डहरू भित्र्याउन विशेष रणनीतिक भूमिका खेल्ने जनाएको छ।

पद्म ज्योति ग्रुपसँगको यो सहकार्यले ग्राहकको अनुभवलाई उत्कृष्ट बनाउन सेफसँगको प्रत्यक्ष समन्वय, प्रयोगात्मक प्राविधिक तालिम र ज्ञान आदानप्रदानमा विशेष जोड दिने बताइएको छ। यस अभियानलाई सफल बनाउन पद्म ज्योति ग्रुपले आफ्नो मजबुत पूर्वाधार, स्थापित वितरण सञ्जाल र नेपाली बजारको गहिरो बुझाइलाई पूर्ण रूपमा उपयोग गर्नेछ।

यो सहकार्यले आधुनिक रिटेल, बेकरी र हस्पिटालिटी क्षेत्रलाई उच्च गुणस्तरका उत्पादन मात्र नभई प्राविधिक मार्गदर्शन, लाइभ डेमोन्स्ट्रेसन (प्रत्यक्ष प्रदर्शन) र निरन्तर सहयोगसमेत प्रदान गर्नेछ। यसले ग्राहक र साझेदारका लागि दीर्घकालीन मूल्य र प्रतिफल सुनिश्चित गर्नेछ।

हुवावेले गऱ्यो १७ करोड मानिसमा डिजिट पहुँच विस्तार



काठमाडौं/ हुवावेले ८० भन्दा बढी देशका दुर्गम क्षेत्रका १७ करोड मानिससम्म डिजिटल कनेक्टिभिटी विस्तार गरेको छ। कम्पनीले अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आइटियू) अन्तर्गतको 'पार्टनर टु कनेक्ट डिजिटल कोलिसन'मा गरेको प्रतिबद्धता लक्ष्य पार गरेको हो।

बार्सिलोनामा आयोजित 'टेक केयर्स फोरम'मा सम्बोधन गर्दै कम्पनीका आइसिटी बिजीका सिइओ याङ चाओबिनले उक्त घोषणा गरेका हुन्। सन् २०२२ मा उक्त डिजिटल गठबन्धनमा सहभागी हुँदा हुवावेले सन् २०२५ सम्म १२ करोड मानिसलाई दुर्गम क्षेत्रमा कनेक्ट गर्ने प्रतिबद्धता जनाएको थियो। हाल १७ करोड मानिससम्म सेवा विस्तार गर्दै कम्पनीले आफ्नो लक्ष्य उल्लेखनीय रूपमा पार गरेको जनाएको छ।

चाओबिनले एआईको तीव्र विकास भइरहे पनि डिजिटल विभाजन अझै कायम रहेको र थप फराकिलो हुने जोखिम रहेको बताए। 'समावेशी तथा दिगो एआई युगका लागि उच्च गतिको डिजिटल सञ्जाल र सशक्त कम्प्युटिङ क्षमता आधारभूत आवश्यकता हुन्,' उनले भने। उक्त प्रतिबद्धता पूरा गर्नु नवप्रवर्तनप्रतिको निरन्तर प्रतिबद्धताको प्रमाण भएको भन्दै उनले यसले दुर्गम समुदायलाई स्वास्थ्य, शिक्षा तथा वित्तीय सेवामा पहुँच विस्तार गर्न सहयोग पुगेको बताए। सन् २०१९ मा सुरु गरिएको हुवावेको स्किल्स अन ह्विल्स कार्यक्रममार्फत २१ देशका एक लाख ३० हजारभन्दा बढी मानिसलाई मोबाइल डिजिटल तालिम प्रदान गरिएको छ।

स्याङ्जा र चन्द्रौटामा मेटलाइफ नेपालका कार्यालय



काठमाडौं/ मेटलाइफ नेपालले गण्डकी प्रदेशको स्याङ्जा र लुम्बिनी प्रदेशको चन्द्रौटामा दुई नयाँ एजेन्सी कार्यालय उद्घाटन गरेको छ। यी दुई स्थानमा सेवा विस्तारसँगै अब त्यहाँका ग्राहकले बिमासम्बन्धी परामर्श, व्यावसायिक सहयोग तथा सहज सेवा-सुविधा लिन टाढाका सहर धाउनुपर्ने आवश्यकता अन्त्य भएको कम्पनीले जनाएको छ।

स्याङ्जा र चन्द्रौटाका कार्यालयहरूले बिमा परामर्श, प्रस्ताव दर्ता सहयोग, प्रिमियम संकलन तथा ग्राहक सेवा-सहयोगलगायतका सम्पूर्ण बिमा सेवा प्रदान गर्नेछन्। मेटलाइफ नेपालको व्यावसायिकता र ग्राहककेन्द्रित सेवामा विशेष ध्यान दिँदै यी कार्यालयहरूले स्थानीयस्तरमै गुणस्तरीय सेवा सुनिश्चित गर्ने बताइएको छ।

सुनको मूल्य बढ्दा चाँदीको घट्यो



काठमाडौं/ स्थानीय बजारमा सुनको मूल्य बढेको छ। मंगलबार सुन तोलामा २५ सय रुपैयाँले बढेको छ। नेपाली सुनचाँदी व्यवसायी महासंघका अनुसार उक्त दिन सुन २५ सयले बढेर तीन लाख २८ हजार ६ सय रुपैयाँमा कारोबार भयो। सोमबार प्रतितोला तीन लाख २६ हजार एक सय रुपैयाँ थियो। त्यस्तै, चाँदीको मूल्य घट्यो। सोमबार ६ हजार २० रुपैयाँ रहेको चाँदी मंगलबार पाँच हजार आठ सय रुपैयाँमा कारोबार भयो। यो तोलामा दुई सय पाँच रुपैयाँले घटेको हो।

यो महिना (मंगलबारसम्म) सुन करिब २८ हजारले बढेको छ। फागुन १ गते सुनको मूल्य एक तोलाबराबर तीन लाख तीन हजार पाँच सय रुपैयाँ थियो। १९ फागुनसम्म पुग्दा तीन लाख २८ हजार ६ सय पुगेको छ। यस्तै, १९ दिनमा चाँदी आठ सय १५ रुपैयाँले बढेको छ। १ फागुनमा तोलाको पाँच हजार रुपैयाँ रहेको चाँदी मंगलबार पाँच हजार आठ सय १५ रुपैयाँमा कारोबार भयो। यसरी हेर्दा सुनचाँदीको मूल्य थप बढ्ने देखिन्छ।

ठूलो खोला हाइड्रोपावर लिमिटेड

का.म.न.पा.-२२, खिचापोखरी, न्यूरोड, काठमाडौं
फोन नं. : ०१-५४१४६७७

तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२/११/२०)

आदरणिय शेयरधनी महानुभावहरू,

मिति २०८२/११/१० गते बसेको संचालक समितिको बैठकद्वारा गरिएको निर्णय अनुसार यस **ठूलो खोला हाइड्रोपावर लिमिटेड** को आ.व.२०८१/०८२ को लागि तेस्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको सभामा उपस्थिति /जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७(२) र यस कम्पनीको स्विकृत नियमावलीको नियम १८(३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

बार्षिक साधारण सभा हुने मिति,समय र स्थान

मिति : २०८२/१२/०३ गते मंगलबार (तदनुसार मार्च १७, २०२६)
समय : विहान ११:०० बजे
स्थान : ठूलो खोला हाइड्रोपावर लिमिटेडको कार्यालय,का.म.न.पा वडा नं.२२, काठमाडौं।

बार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित विषयहरू :

क) सामान्य प्रस्तावहरू :

१) सञ्चालक समितिको तर्फबाट संचालक समितिका अध्यक्षज्यूद्वारा बार्षिक साधारण सभामा प्रस्तुत गर्नु हुने आ.व.०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू संचालक समितिले स्विकृत गरी पेश भएको पस्ताव उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३) आ.व. २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४) आ.व. २०८१/०८२ मा संचालक समितिबाट भए गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।
५) कम्पनी ऐन, २०६३ को दफा ९१ बमोजिम आ.व. २०८१/०८२ मा कम्पनीका संचालक समितिका पदाधिकारीहरू (अध्यक्ष एवं संचालकहरू) बाट कम्पनीको हक हितमा कार्य गर्दा लिएको बैठक भत्ता, मासिक पारिश्रमिक खर्च वा अन्य सुविधा अनुमोदन गरी पारित गर्ने सम्बन्धमा।
६) कम्पनीको शेयर संरचना परिवर्तन सम्बन्धी सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
७) सर्वसाधारणहरूको शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धी सम्पूर्ण प्रकृया अगाडी बढाई शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्न संचालक समितिलाई पूर्ण रुपमा अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
८) अन्य नयाँ परियोजनाहरूको पहिचान गरी लगानी गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
९) स्वतन्त्र संचालक तथा संचालकको निर्वाचन एवं अनुमोदन गर्ने सम्बन्धमा।

ख) बिशेष प्रस्तावहरू :

१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा।

ग) विविध।

संचालक

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
बुधबार २० फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

टी–२० विश्वकपको सेमिफाइनल आजदेखि

एक मात्र अपराजित टोली दक्षिण अफ्रिकाले बुधबार कोलकाताको इडन गार्डेन रंगशालामा न्युजिल्यान्डको सामना गर्दै

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

१०औँ संस्करणको आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत पहिलो सेमिफाइनल खेल बुधबार सुरु हुँदै छ। प्रतियोगिताको पहिलो सेमिफाइनलमा दक्षिण अफ्रिकाले न्युजिल्यान्डको सामना कोलकाताको इर्डन गार्डेन रंगशालामा गर्दै छ। भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरिरहेको विश्वकपमा आयोजक भारत र इंग्ल्यान्डले अन्तिम चारको स्थान बनाएका छन्। दक्षिण अफ्रिका समुह '१ को विजेता र न्युजिल्यान्ड समूह '२' को उपविजेता हुन्।

भारत समूह '१' मा दोस्रो तथा इंग्ल्यान्ड समूह '२' मा पहिलो स्थानमा रहँदै अन्तिम चारको स्थान पक्का गरेका थिए। योपटक सेमिफाइनलमा पुगेका चार राष्ट्र कीर्तिमाननजिक छन्। भारत वा इंग्ल्यान्डमध्ये एक विश्वकप हुँदा सर्वाधिक तीनपटकको च्याम्पियन बन्नेछ। दक्षिण अफ्रिका र न्युजिल्यान्डमध्ये एक टोली च्याम्पियन हुँदा पहिलोपटक ट्रफी हात पार्नेछ।

यसकारण जोकोही राष्ट्र फाइनल पुगे पनि यसपटकको विश्वकपमा इतिहास बन्ने पक्का छ। भारत र इंग्ल्यान्डले समान दुईपटक उपाधि जितेका छन्। इंग्ल्यान्ड र दक्षिण अफ्रिका भने उपाधिविहीन छन्। दक्षिण अफ्रिका साबिक उपविजेता हो। ५ मार्चमा हुने इंग्ल्यान्ड र भारतबिचको नतिजाले एक विजेता बाहिरिनेछ। सेमिफाइनल स्थान बनाएका राष्ट्रहरूको विश्लेषण यस्तो छ।



दक्षिण अफ्रिका

दक्षिण अफ्रिकाको यो १०औँ सहभागिता हो। दक्षिण अफ्रिका अहिलेसम्म आइसिसीले आयोजना गरेको ठुला प्रतियोगितामा सधैँ अभागी साबित हुँदै आएको छ। दक्षिण अफ्रिकाले हालसम्म आइसिसी विश्वकपको उपाधि जित्नसकेको छैन। गत संस्करणको टी-२० विश्वकपको फाइनलमा दक्षिण अफ्रिकी भारतसँग सात रनले पराजित भएको थियो। यसपटक दक्षिण अफ्रिका उत्कृष्ट फर्ममा छ। ब्याटिङ, बलिङ र फिल्डिङमा दक्षिण अफ्रिका सधैँ उत्कृष्ट मानिन्छ। समूह चरणदेखि सुपर ८ सम्म कुनै पनि खेल नगुमाउने एक मात्र टोली दक्षिण अफ्रिका नै हो।

दक्षिण अफ्रिकाले समूह 'डी' चारवटै खेल जितेको थियो। त्यसपछि सुपर ८ को समूह '१' मा पनि उसले तीनवटै खेलमा सानदार प्रदर्शन गरी अन्तिम चार स्थान बनायो। समूह चरणमा दक्षिण अफ्रिकाले क्यानडालाई ५७ रन, अफगानिस्तानलाई दोस्रो सुपरओभर,

न्युजिल्यान्डलाई सात विकेट र युएईलाई ६ विकेटले पराजित गर्दै सुपर ८ को स्थान पक्का गऱ्यो। दक्षिण अफ्रिकाले सुपर ८ मा सावित विजेता भारतलाई ७६ रन, वेस्ट इन्डिजलाई नौ विकेट र अन्तिम खेलमा जिम्बाब्वेलाई पाँच विकेटले हरायो। टोलीका कप्तान एडेन मार्क्राम सर्वाधिक रन बनाउने सूचीको तेस्रो स्थानमा छ। उनले सात खेलमा २६८ रन बनाउन तीनवटा अर्धशतकीय इनिङ्स खेलेका छन्। यसैगरी, सर्वाधिक विकेट लिने बलरको सूचीमा दक्षिण अफ्रिकाका लुंगीले ६ खेलमा १२ विकेट लिएका छन्।

न्युजिल्यान्ड

न्युजिल्यान्डको पनि विश्वकपमा १०औँ सहभागिता रहेको छ। विश्व क्रिकेटमा राम्रो टोली भए पनि न्युजिल्यान्ड पनि आइसिसी विश्वकपको उपाधि विमुख छ। न्युजिल्यान्डको उत्कृष्ट प्रदर्शन नै सन् २०२१ को टी-२० विश्वकपको फाइनलसम्म पुग्नु थियो। चालू विश्वकपमा न्युजिल्यान्डले दुई खेल मात्र गुमाएको छ। समूह चरणमा न्युजिल्यान्डले अफगानिस्तानलाई पाँच विकेट र युएईलाई १० विकेटले हराएको थियो। समूह चरणको तेस्रो खेलमा दक्षिण अफ्रिकासँग न्युजिल्यान्ड सात विकेटले पराजित भयो। त्यसपछि उसले क्यानडामाथि आठ विकेटले हराउँदै सुपर ८ को स्थान पक्का गऱ्यो। न्युजिल्यान्डले सेमिफाइनल स्थान रक्षा गर्न रनरेटको सहायता लियो। सुपर ८ को समूह '२' मा न्युजिल्यान्ड र पाकिस्तानले समान तीन अंक जोडेका थिए। नेट रन रेटमा पाकिस्तानलाई पछि पार्दै न्युजिल्यान्ड सेमिफाइनल स्थान पक्का गऱ्यो। पहिलो खेल पाकिस्तानसँग अनिर्णीत अवस्थामा सकिएको थियो। सुपर ८ मा न्युजिल्यान्डले श्रीलंकालाई ६१ रनले हरायो।

न्युजिल्यान्ड इंग्ल्यान्डसँग चार विकेटले पराजित भएको थियो। चालू विश्वकपमा न्युजिल्यान्डका टिम सिफर्टले ६ इनिङ्समा २१६ रन बनाएका छन्।

उनले दुई अर्धशतक बनाएका छन्। न्युजिल्यान्डका लागि सर्वाधिक विकेट लिने बलर रचिन रवीन्द्र हुन्। उनले पाँच इनिङ्समा नौ विकेट लिएका छन्। न्युजिल्यान्ड यसपटक उपाधि दाबेदारका रूपमा छ।

भारत

पहिलो संस्करणकै विजेता भारतले पनि लगातार १०औँपटक विश्वकप खेलिरहेको छ। वेस्ट इन्डिज, इंग्ल्यान्डजस्तै भारतले पनि समान दुईपटक उपाधि जितेको छ। प्रतियोगिताकै साबिक विजेताका रूपमा रहेको भारतले सुपर ८ मा वेस्ट इन्डिजमाथि सानदार जित निकाली सेमिफाइनल स्थान पक्का गरेको हो।

भारतीय समूह 'ए' मा शतप्रतिशत नतिजा निकालेको थियो। भारतले अमेरिकालाई २९ रन, नामिबियालाई ९३ रन, पाकिस्तानलाई ६१ रन र नेदरल्यान्ड्सलाई १७ रनले हराएको थियो। सुपर ८ मा भारतले एक खेलमा मात्र हारको सामना गऱ्यो। सुपर ८ चरणमा दक्षिण अफ्रिकाले भारतलाई ७६ रनले स्तब्ध पारेको थियो। त्यसपछि जिम्बावेलाई ७२ रनले र वेस्ट इन्डिजलाई पाँच विकेटले पराजित गरेको थियो। कप्तान सूर्यकुमार यादवले २३१ रन जोडेको छ। उसले एउटा अर्धशतक प्रहार गरेका छन्। भारतका लागि सर्वाधिक विकेट लिने बलर भने वरुण चक्रवर्ती हुन्। उनले सात खेलमा कुल १२ विकेट लिएका छन्। भारत तेस्रोपटक टी-२० विश्वकपको उपाधि जित्ने योजनामा छ।

इंग्ल्यान्ड

इंग्ल्यान्डले पनि लगातार टी-२० विश्वकप खेलिरहेको छ। इंग्ल्यान्ड दुईपटकको विजेता हो। यसपटक इंग्ल्यान्ड उपाधि दाबेदारका रूपमा छ। उसले चालू विश्वकपमा एक खेल मात्र गुमाएको छ। इंग्ल्यान्डले समूह 'सी'को पहिलो खेलमा नेपालबाट कडा चुनौती पाएको थियो। एसोसिएट राष्ट्र नेपाललाई चार रनले निराश बनाउन इंग्ल्यान्डले ठुलो परिश्रम गर्नुपरेको थियो। वेस्ट इन्डिजसँग ३० रनले पराजित भएको इंग्ल्यान्डले तेस्रो खेलमा स्कटल्यान्डलाई पाँच विकेटले र चौथो खेलमा इटालीलाई २४ रनले हराएको थियो। सुपर ८ मा इंग्ल्यान्डले श्रीलंकालाई ५१ रनले र पाकिस्तानलाई दुई विकेटले पाखा लगायो। इंग्ल्यान्डले बलियो प्रतिद्वन्द्वी न्युजिल्यान्डलाई चार विकेटले हराएको थियो। इंग्ल्यान्डका लागि ह्यारी ब्रुकले सात खेलमा २२८ रन जोडेका छन्। उसले समान एक शतक र अर्धशतक प्रहार गरेका छन्। चालू विश्वकपमा इंग्ल्यान्डका लागि सर्वाधिक विकेट लिने बलर आदिल रसिद हुन्। उनले सातै खेलमा ११ विकेट लिएका छन्। लियाम दाबसनले १० विकेट हात पारेका छन्।

आजको खेल

द. अफ्रिका — राति ७:१५ बजे — न्युजिल्यान्ड

नेपालमा तय भएको विश्वकप लिग २ अन्योलमा

नयाँ पत्रिका

मध्यपूर्व एसियामा तनाव बढ्दा नेपालमा तय भएको आइसिसी विश्वकप लिग २ का खेल अन्योलमा परेको छ। विश्वकप लिग २ सिरिज अन्तर्गत १२ मार्चमा आयोजक नेपालसँगै युएई र ओमानबिच प्रतिस्पर्धा हुँदै छ। सिरिज आगामी २६ फागुन देखि ६ चैतसम्म त्रिवि क्रिकेट मैदानमा हुने तय थियो। मध्यपूर्वी एसियामा पछिल्लो समयको घटनाक्रमअनुसार युएईको भ्रमण अनिश्चित बनेको छ। संयुक्त इमिरेट्स क्रिकेट बोर्ड (इसिबी)ले क्षेत्रीय अवस्थाको विकासक्रमलाई नजिकबाट नियालिरहेको छ।

अहिलेको परिस्थितिका कारण युएईले नेपाल भ्रमण गर्ने वा नगर्ने निर्णय हुन बाँकी छ। निर्धारित कार्यक्रमअनुसार युएईको क्रिकेट टोली आगामी शुक्रबार (२२ फागुन)मा काठमाडौं आउने तालिका थियो। युएईले आउने वा नआउने सम्बन्धमा केही आधिकारिक जानकारी नभएको नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ। युएई मात्र नभएर ओमानको समेत भ्रमण अनिश्चित बनेको छ।

ओमान र युएईले मध्यपूर्वी एसियाकै अन्तर्राष्ट्रिय हवाई रुटअनुसार नेपाल आउनुपर्ने हुन्छ। अहिले त्यस क्षेत्रको हवाई रुट सुचारु छैन। खाडी क्षेत्रमा इरानद्वारा गरिएको क्षेप्यास्त्र र ड्रोन आक्रमणपछि युएईको हवाई क्षेत्र बन्द छ। आइसिसीले विश्वकप लिग २ को आगामी सिरिजबारेमा निर्णय लिने क्यानका प्रवक्ता छुम्बी लामाले बताए। स्थिति हेरेर आइसिसीले सिरिजको विषयमा एक वा दुई दिनमा निर्णय गर्ने लामाले बताए। यसैबिच इसिबीले

> मध्यपूर्वी एसियामा बढ्दो तनाव र युद्धका कारण आइसिसी विश्वकप लिग २ अन्तर्गत नेपाल, ओमान र युएईबिचको त्रिकोणात्मक एकदिवसीय सिरिज अनिश्चित देखिएको छ। सिरिज त्रिवि क्रिकेट मैदानमा २६ फागुनदेखि ६ चैतसम्म हुनेछ।

युएईको राष्ट्रिय क्रिकेट टोलीलाई नेपाल पठाउने वा नपठाउने भन्नेबारे आयोजकसँग समन्वय भइरहेको जनाएको छ। यसअघि पनि युएई टोलीले विभिन्न कारणले विश्वकप लिग २ का खेल स्थगित भएको थियो।

सन् २०२० मा ओमानका शासक सुल्तान काबुस बिन सइदको निधन भएपछि विश्वकपका लिग २ को खेल तालिका प्रभावित बनेको थियो। सन् २० २१ मा युएईमा आएको आँधीबेहरी तथा नामिबियामा रहँदा नयाँ कोरोना भेरियन्ट फेला परेपछि पनि खेल सारिएका थिए। यो लिग २ आगामी ५० ओभरको विश्वकपका लागि छनोट प्रक्रियाको हो। यसमा सबै टोलीले समान चार एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेल्ने तय छ।

युएई अंकतालिकाको पुछारमा

विश्वकप लिग २ को अंकतालिकामा युएई पुछारमा छ। युएईले अहिलेसम्म २० खेल खेलेको छ, जसमा पाँच जितका १० अंक जोडेको छ। आगामी सिरिजको आयोजक राष्ट्र नेपाल सातौँ स्थानमा छ। नेपालले २० खेलमा पाँच जित र १३ हार सामना गरी १२ अंक जोडेको छ। नेपाल भ्रमण गर्ने ओमान २४ अंकका साथ चौथो स्थानमा छ। ओमानले २० खेलमा ११ जित र सात हार निकाली २४ अंक जोडेको छ। लिग २ मा अमेरिकाले सर्वाधिक ३६ अंक जोडेको छ। अमेरिका शीर्ष स्थानमा रहँदा स्कटल्यान्ड ३० अंकका साथ दोस्रो स्थानमा छ। अमेरिकाले सबैभन्दा १८ जित निकालेका छ। स्कटल्यान्डले १३ जित हात पारेका छ। युरोपियन राष्ट्र नेदरल्यान्ड्सले १३ जितका साथ २८ अंक बटुलेको छ। नेदरल्यान्ड्स तेस्रो स्थानमा छ।

नेपालले साफ यू-२० च्याम्पियनसिप खेल्ने

माल्दिभ्समा आगामी २३ मार्चदेखि ४ अप्रिलसम्म हुने च्याम्पियनसिपमा नेपालले समूह 'ए'मा आयोजक माल्दिभ्स, श्रीलंका र भुटानविरुद्ध खेल्ने



नयाँ पत्रिका

नेपालले धर्बेन्द्र कुँवरको कप्तानीमा दक्षिण एसियाली यू-२० फुटबल च्याम्पियनसिप (साफ) खेल्ने भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)ले मंगलबार कुँवरको कप्तानीमा टोली घोषणा गरेको हो। प्रतियोगिता आगामी २३ मार्च देखि ४ अप्रिलसम्म माल्दिभ्समको मालेमा हुनेछ। नेपाली टोलीका कप्तान कुँवर जावलाखेल युथ क्लबको एकेडेमीका उत्पादन हुन्। गत वर्ष भारतमा भएको साफ यू-१९ च्याम्पियनसिप कुँवरले प्रतिस्पर्धा गरेका थिए।

नेपालका मुख्यप्रशिक्षक उर्जन श्रेष्ठले साफ यू-२० मा उत्कृष्ट नतिजा निकाल्न सिनियर टोलीका सुवास बम ठकुरीलाई पनि समेटिएका छन्। एन्फाले घोषणा गरेको २० सदस्यीय अन्तिम नेपाली टोलीमा गोलरक्षक भक्तबहादुर परियार छन्। विजयी उराउ, विज्ञान खड्का, पवन पाख्रिन, प्रशान्त मोक्तानलगायतका खेलाडी यू-२० टोलीमा स्थान बनाउन सफल भए।

प्रतियोगितामा नेपाल समूह 'ए'मा छ। यस समूहमा आयोजक माल्दिभ्ससँगै भुटान र श्रीलंका छन्। यसैगरी समूह 'बी'मा बंगलादेश, भारत र पाकिस्तान छन्। यू-२० साफ च्याम्पियनसिपमा नेपाल साबिक उपविजेता हो। सन् २०२४ मा नेपालमै आयोजना भएको च्याम्पियसिपको फाइनलमा नेपाल बंगलादेशले ४-१ ले पराजित गरेको थियो। बंगलादेशले पहिलोपटक यो फर्म्याटको उपाधि हात पारेको थियो।

प्रतियोतिगामा बंगलादेश, भारत, माल्दिभ्स र नेपालले समान आठ प्रतिस्पर्धा सहभागिता जनाइसकेका छन्। भारतले सर्वाधिक सफल राष्ट्र हो। उसले साफ यू-२० च्याम्पियनसिप तीनपटक जितेको छ। सन् २०१९, ०२२ र ०२३ मा भारतले ट्रफी उचालेको थियो। नेपालले दुईपटकको विजेता हो। नेपालले सन् २०१५ र ०१७ को संस्करण जितेको थियो। पाकिस्तानको यो दोस्रो सहभागिता हो। सन् २०२३ मा पाकिस्तानले डेब्यु गरेको संस्करणमै उपविजेता उपाधि हात पाऱ्यो। त्यसबेला पाकिस्तानमाथि भारतले फाइनलमा जित निकालेको थियो। यसपटकको आयोजक माल्दिभ्स सन् २०१९ मा उत्कृष्ट स्थानका रूपमा तेस्रो भएको थियो। यसैगरी, भुटान सन् २०१७ र ०१९ मा चौथो भएको थियो।

नेपालको पहिलो खेल भुटानसँग

यू-२० साफ च्याम्पियनसिपमा नेपालले आफ्नो पहिलो प्रतिद्वन्द्वीका रूपमा भुटान पाएको छ। नेपालले २३ मार्चमा भुटानसँग खेल्दै प्रतियोगिताको सुरु गर्नेछ। पहिलो खेलपछि एक दिन ब्रेक छ। नेपालले २५ मार्चमा श्रीलंकाविरुद्ध खेल्नेछ। समूह 'ए'को अन्तिम खेलमा नेपालले २७ मार्चमा आयोजक माल्दिभ्सविरुद्ध खेल्ने खेल तालिका छ। समूह चरणको खेल राउन्ड रोबिनअनुसार हुनेछ।

दुई वर्षअघि नेपाल उपविजेता हुँदा मुख्य प्रशिक्षक उर्जेन नै थिए। यसपटक पनि उनकै प्रशिक्षणमा नेपालले प्रतिस्पर्धा गर्नेछ। प्रत्येक समूहबाट शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्नेछन्। सेमिफाइनल १ अप्रिलमा हुनेछ। ३ अप्रिलमा उपाधि भिडन्त हुने आयोजकले जनाएको छ।

नेपाली टोली

धर्वेन्द्र कुँवर (कप्तान), अलिक श्रेष्ठ, अनुभ पुरी, भक्तबहादुर परियार, विजया उराउ, विज्ञान खड्का, विनायक थारू, गणेश पुलामीमगर, भ्रोन विष्ट, निशानराज लावती, पवन पाख्रिन, पेमा नोर्बु भोटे, प्रशान्त मोक्तान, प्रसुन तामाङ, रञ्जित लामा, रोहन मोक्तान, रोशन तामाङ, सबिनकुमार लुंगेली मगर, सबिन राई, सिद्धान्त खड्का, सुवास बम, सुजन बस्नेत, सुजन डंगोल।

गेटाफेसँग रियल म्याड्रिड स्तब्ध



एजेन्सी/ स्पेनिस ला लिगामा रियल म्याड्रिडले सोमबार राति गेटाफेसँग १-० को अप्रत्याशित हारको सामना गरेको छ। लिगमा १२ खेल बाँकी रहँदा म्याड्रिड शीर्ष स्थानको बार्सिलोनाभन्दा चार अंकले पछि परेको छ। गेटाफेविरुद्ध प्रतिस्पर्धा गरेका रियलका तीन महत्त्वपूर्ण खेलाडी अर्को खेलका लागि निलम्बनमा परेका छन्। घरेलु मैदान सान्टियागो बर्नाबेउमा पराजित म्याड्रिड ६० अंकका साथ दोस्रो स्थानमा छ।

त्रिकोणात्मक सिरिजको उपाधि घरेलु टोलीलाई

काठमाडौं/ काठमाडौं जिल्ला त्रिकोणात्मक सिरिज घरेलु टोली काठमाडौंले जितेको छ। काठमाडौंले मंगलबार लिगको अन्तिम ललितपुरलाई ९१ रनले हराउँदै सिरिज जितेको हो। तल्लो मूलपानी मैदानमा काठमाडौंले पहिले ब्याटिङ गर्दै ३९ ओभरमा सबै विकेट गुमाएर १८५ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा ललितपुर २२.५ ओभरमा ९४ रनमै समेटिँदा काठमाडौंले ९१ रनले बाजी मारेको हो।

काठमाडौंका लागि प्लेयर अफ दी म्याच सोनु देवकोटाले सर्वाधिक ६२ रनमा नटआउट योगदान दिए। उनले ४५ बलमा पाँच चौका र पाँच छक्का प्रहार गरेका थिए। काठमाडौंका ओपनर रिट गौतमले ६० रन बटुले। लक्ष्य पछ्याएको ललितपुरका लागि आदिल खानले सर्वाधिक २३ रन जोडे। काठमाडौंका सन्दीप पराजुली, सुमन विश्वकर्मा, दयानन्द मण्डल र धीरज देउवाले घातक बलिङ गर्दै समान दुई विकेट लिए।

काठमाडौं जिल्ला क्रिकेट संघले उपत्यकाका तीन टोलीबिच आयोजना गरेको सिरिजको लिग चरणमा तीनै टोलीले एक-एक खेल जितेका थिए। उनीहरूले समान एक खेलमा हार व्यहोरेका थिए। रनरेटका आधारमा काठमाडौं विजेता बनेको हो।

अमेरिका-इजरायल र इरानबिचको युद्ध प्रभाव

वेस्ट इन्डिज र जिम्बावेका खेलाडी स्वदेश फर्किन पाएनन्

> मध्यपूर्वी एसियामा युद्धका कारण एयरस्पेस बन्द हुँदा सबैजसो अन्तर्राष्ट्रिय हवाई उडान प्रभावित भएका छन्। यही रुट भएर जिम्बावे र वेस्ट इन्डिज घर फर्किनुपर्ने थियो।

एजेन्सी





१०औँ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको सुपर ८ को समूह चरणबाट बाहिरिएका वेस्ट इन्डिज र जिम्बावेका खेलाडीहरू भारतमै अड्किएका छन्। इरान र इजरायलबिचको बढ्दो युद्धका कारण उनीहरू तत्काले स्वदेश फर्कन नसकेका हुन्। युद्धका कारण पश्चिम एसियाको एयरस्पेस बन्द भएपछि सबैजसो अन्तर्राष्ट्रिय उडान प्रभावित भएका छन्। जिम्बाब्वे र वेस्टइन्डिजका खेलाडीहरू मध्यपूर्व हुँदै स्वदेश फर्किनुपर्ने तालिका थियो। तर, मध्यपूर्वी एसियामा युद्ध चलिरहँदा अन्तर्राष्ट्रिय हवाई उडान रद्द छन्। खेलाडीहरू भारतका होटेलमै सुरक्षित रूपमा बसिरहेका छन्।

वेस्ट इन्डिज र जिम्बावे सुपर ८ को समूह '१' मा थिए। जिम्बावेले समूहमा सबै खेल गुमाउँदै सुरुमै बाहिरिएको थियो। वेस्ट इन्डिज भने आयोजक भारतसँग पराजित हुँदा सेमिफाइनल दौडबाट बाहिरियो। टी-२० विश्वकपमा यसपटक जिम्बावेले समूह चरणमा अप्रत्याशित नतिजा निकालेको थियो। जिम्बावे पूर्वविजेता अस्ट्रेलिया र श्रीलंकामाथि सनसनी जित निकाल्यो। जिम्बावेसँग पराजित हुँदा अस्ट्रेलिया सुपर ८ मा पुग्न सकेन। श्रीलंका भने आफ्नो समूहको उपविजेता हुँदा जिम्बावे विजेता बनेको थियो। क्रिकेट वेस्ट इन्डिजले मध्यपूर्वमा सैन्य गतिविधि र सुरक्षा जोखिम बढेकाले अन्तर्राष्ट्रिय उडान मार्ग परिवर्तन तथा रद्द गरिएको जनाएको छ। 'खेलाडी र कोचिङ स्टाफको सुरक्षालाई ध्यानमा राखेर यात्रा स्थगित गरिएको हो,' बोर्डले भनेको छ 'हामी आइसिसी र सम्बन्धित सरकारहरूसँग समन्वय गरेर सुरक्षित फिर्तीको विकल्प खोजिरहेका छौं।' जिम्बावे टोली ४ मार्चसम्म नयाँदिल्लीको होटेलमै रहनेछ।

मुख्य मार्ग दुबई बन्द भएपछि समस्या

गत आइतबार सुपर ८ अन्तर्गत समूह '१' मा जिम्बावेले दक्षिण अफ्रिकाविरुद्ध अन्तिम खेलमा प्रतिस्पर्धा गरेको थियो। खेल सकिएलगत्तै जिम्बावेली खेलाडी सोमबार बिहान ४:३० बजे प्रस्थान गर्ने तालिका थियो। जिम्बावे टोलीको हवाई तालिका दिल्ली-दुबई-हरारे मार्ग हुँदै तय गरिएको थियो।

यसैबिचमा मध्यपूर्वी एसियामा अमेरिकाले इरानमाथि आक्रमण गरेपछि तनाव उत्पन्न भयो। इरानले पनि आफ्नो सर्वोच्च नेता मारिएको प्रतिशोध लिन इजरायलसँगै दुबईमा आक्रमण थाल्यो। जसका कारण दुबईको एयरस्पेस बन्द भयो। त्यसपछि जिम्बावे र वेस्ट इन्डिजका खेलाडीहरू भारतमै रोकिन बाध्य भएको भारतीय एजेन्सीले जनाएको छ। वेस्ट इन्डिज टोली कोलकाताको होटेलमा छ। वेस्ट इन्डिजले आफ्नो अन्तिम खेल भारतसँग कोलकाताको इर्डन गार्डेनमा खेलेको थियो। जिम्बावे र वेस्ट इन्डिजले दक्षिण एसियाको भ्रमण गर्दा मध्यपूर्वी एसियाकै हवाई रुट लिने गरेका छन्।

श्रीलंकन एयरबाट पाकिस्तान टोली फर्कियो

सुपर ८ को समूह '२' बाट बाहिरिएको पाकिस्तान टोली लाहोर फर्किसकेको छ। कोलम्बोमा अन्तिम खेल खेलेको पाकिस्तान श्रीलंकन एयरलाइन्सको उडानमार्फत कोलम्बो हुँदै लाहोर पुगेको जनाएको छ। आइसिसीले धेरै खेलाडी तथा सपोर्ट स्टाफका कनेक्टिङ उडान दुबईमार्फत हुने भएकाले समस्या उत्पन्न भएको जनाएको छ। यसका लागि आइसिसीले छुट्टै 'ट्राभल सपोर्ट डेस्क' पनि सक्रिय बनाएको छ। अहिले विश्वकपको सेमिफाइनल खेल बुधबारदेखि सुरु हुँदै छ। दक्षिण अफ्रिका, भारत, इंग्ल्यान्ड र न्युजिल्यान्डले फाइनल प्रवेश खेल खेल्दै छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com